नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# चुरे उत्थानशील आयोजना

# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

<u>तयार गर्नेः</u>

चुरे उत्थानशील आयोजना

आयोजना व्यवस्थापन इकाई

बबरमहल, काठमाडौं

आर्थिक वर्ष २०८१/०८२

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# बिषय-सूची


पृष्ठभूमि ........ 1

परिच्छेद-१ ........ 2

१.१ संक्षिप्त नाम र प्रारम्भ ........ 2

१.२ परिभाषा ........ 2

१.३ कार्यविधिको उद्देश्यहरु ........ 2

परिच्छेद-२ ........ 3

२.१ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन ........ 3

२.२ उपभोक्ता समितिको भुक्तानी प्रक्रिया ........ 6

२.३ कार्यक्रम अनुगमन ........ 7

२.४ प्रगति प्रतिवेदन ........ 7

परिच्छेद-३ ........ 9

३.१ आयोजना व्यवस्थापन इकाई अन्तरगतका कार्यक्रमहरु ........ 9

३.१.१ गाडी खरिद (पैठारी शुल्क लगायत सम्पूर्ण कर रहित) (BN:291) ........ 9

३.१.२ वन व्यवस्थापन सम्वन्धि मेशिनरी औजार सामग्री खरिद तथा समुदायलाई वितरण (BN:47) ........ 10

३.१.३ राष्ट्रिय प्राकृतिक प्रकोप/विपद व्यवस्थापन विज्ञ (BN:173) ........ 11

३.१.४ PMU र PPMUs का कर्मचारीहरुको कार्यक्षमता अभिवृदी तालिम (आर र पाईथन प्रोग्रामिंग तथा अन्य) (BN:262) ........ 12

३.१.८ योजना तर्जुमा, समिक्षा, सरोकारवालासंग समन्वय गोष्ठी (BN: 168) ........ 16

३.१.९ प्रदेश मन्त्रालय लगायत सरोकारवालासंग समन्वय, सहकार्य गर्न व्यवस्थापन खर्च (BN:220-222) ........ 17

३.१.१० कम्पोनेन्ट २ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन मूल्यांकन खर्च (दै.भ्रमण तथा ईन्धन खर्च समेत (BN: 170)18

३.१.११ CR-SNRM वारे जनचेतनाका लागि ज्ञान विज्ञ सेवा (BN:239) ........ 18

३.१.१२ क्षमता विकास विज्ञ (परामर्श सेवा) (BN: 262) ........ 19

३.१.१३ CR-SNRM अन्तर्गत असल अभ्यास सम्वन्धि समुदायस्तरमा कार्यशाला गोष्ठी संचालन तथा संगालो तयारी (P१-४५, P२-३५, P३-२५) (BN: 224-226, 229-237) ........ 20

३.१.१४ असल अभ्यास सम्वन्धी प्रदेशस्तरमा ३ वटा कार्यशाला गोष्ठी तथा १/१ संगालो र निर्देशिका तयारी (LOA गर्ने) (BN: 227, 228) ........ 21

३.१.१५ प्रचार प्रसार सामाग्री उत्पादन/खरिद/वितरण (BN: 238) ........ 22

३.१.१६ कार्यक्रम सम्वन्धी बिभिन्न माध्यमवाट प्रचार प्रसार (BN: 249-251, 246-248) ........ 23


आयोजना प्रमुख

३.१.१७ संरक्षण दिवस समारोह (BN: 238) .......... 24

३.१.१८ Team Building Workshop (National) (BN: 227, 228) .......... 24

३.१.१९ कम्पोनेन्ट ३: कार्यक्रम संचालनार्थ अनुगमन मुल्यांकन खर्च (BN:235- 237 ) .......... 25

३.१.२० खरिद विज्ञ (BN: २९४, २९८) .......... 26

३.१.२१ प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्तालाई तालिम २० व्यक्ति (BN:15-21 ) .......... 27

३.१.२२ कम्पोनेन्ट १ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन मूल्यांकन खर्च (BN:21) .......... 27

३.१.२३ वन विज्ञ सेवा तथा परामर्श (BN: 82, 130, 104, 153) .......... 28

३.१.२४ दिगो वन व्यवस्थापन (SFM) विज्ञ (BN: 57) .......... 29

३.१.२५ Safeguard and Gender Officer (प्रदेश) (BN: 299) .......... 30

३.१.२६ प्राविधिक अधिकृत (वन तथा जलाधार) परामर्श सेवा (BN: 3) .......... 30

३.१.२७ प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको अनुगमन खर्च (BN: 15-21) .......... 31

३.२ FAO प्राविधिक सहायता सोझै भुक्तानी .......... 32

३.२.१ विशेषज्ञ सेवा परामर्श दाता .......... 32

३.३ प्रदेश आयोजना व्यवस्थापन इकाई अन्तर्गतका कार्यक्रमहरु .......... 33

३.३.१ ANR कार्यान्वयनमा सहयोगको लागि TOT/ Low-Cost Soil Conservation Technique Training (२० व्यक्ति) संचालन (BN: 121,122,123) .......... 33

३.३.२ ANR कार्यान्वयनमा सहयोगको लागि समुदायस्तरमा अन्तरक्रिया/समन्वय/ तालिम संचालन गर्न दै. भ्र., प्रशिक्षण शुल्क तथा इन्धन खर्च (BN: 124,125,126) .......... 34

३.३.३ ANR कार्यक्रम संचालन/ कार्यान्वयन (BN:109-114) .......... 35

३.३.५ संरक्षण पोखरी/छेकबाँध निर्माण (BN: ४१-४३) .......... 37

३.३.६ गल्छी नियन्त्रण तथा /नदि किनारा स्थिरिकरण (BN:४४-४६) .......... 39

३.३.७ निजि वन प्रवर्धन कार्यक्रम (विरुवा खरिद, ढुवानी तथा अन्य सहयोग) (BN: 127-129) .......... 40

३.३.८ नर्सरी स्थापना/मर्मत/स्तरोन्नति (५० हजार विरुवा उत्पादन क्षमता (66, 67, 73, 74, 75, 79, 81)) 41

३.३.९ कृषि वन साना नर्सरी स्थापना संचालन सहयोग ((नर्सरी स्थापना/विरुवा उत्पादन/खरिद वितरण) BN:23) .......... 43

३.३.१० सामुदायिक वृक्षारोपण /सार्वजनिक वृक्षारोपण (BN:८३-८८) .......... 45

३.३.११ खोल्सी तथा तटीय वृक्षारोपण (बाँस, अम्रिसो आदी) (BN: 98-100) .......... 46

३.३.१२ नमूना (Demonstration) वृक्षारोपण (BN:101-103) .......... 47

३.३.१३ उत्पादित वहुवर्षीय बिरुवाको हेरचाह (प्रति हजारमा, BN: 66, 67, 73, 75, 79, 81) .......... 48

३.३.१४ निजी वन प्रवर्धन हेतु गत आ.व.मा उत्पाादित विरुवाको ढुवानी तथा सहयोग (BN: 66, 67, 69, 73, 74, 75, 79, 80, 81 ) .......... 49

३.३.१५ वन कार्ययोजना कार्यान्वयन (सम्वन्धित समुह मार्फत (BN: 50-52)) .......... 50

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

३.३.१६ साझेदारी वन संरक्षण सम्वर्धन व्यवस्थापन कार्ययोजना कार्यान्वयन (सम्वन्धित वन समूहसँग) (BN: 50, 51, 53) ........ 51

३.३.१७ विरुवा उत्पादन/खरिद वितरण (50 हजार विरुवा/BN: 66, 67, 73, 75, 79, 81) ........ 53

३.३.१८ बाँसको कलमी विरुवा उत्पादन/ खरिद तथा वितरण (BN: 64, 70, 76 ) ........ 54

३.३.१९ विगत वर्षमा सम्पन्न कार्यको मर्मत सुधार (BN: 41, 42, 44, 46 ) ........ 55

३.३.२० Municipality/CSO हरुका लागि CRLUP तालिम संचालन खर्च (BN: 146, 149, 150) ........ 56

३.३.२१ LRP मार्फत CBO's हरुलाई CRLU Planning कार्यशाला गोष्ठी (P1-65, P2- 40, P3-25) (BN: 208, 209, 210, 214, 215, 216, 226) ........ 57

३.३.२२ प्राकृतिक प्रकोप/विपद व्यवस्थापन अन्तरक्रिया, गोष्ठी, तालिम (२ दिने, प्रदेश स्तर) (BN: 176-178) .... 58

३.३.२३ योजना तर्जुमा, समिक्षा, सरोकारवालासंग समन्वय गोष्ठी (BN: 146, 149, 150, 168) ........ 60

३.३.२४ प्रदेश मन्त्रालय लगायत सरोकारवालासंग समन्वय, सहकार्य गर्न व्यवस्थापन खर्च (BN:220-222) ........ 61

३.३.२५ CBFAC/CBFAN गठन तथा परिचालन (River system wise (BN:156,162,164,165)) ........ 61

३.३.२६ CBO हरुको अनुगमन खर्च (दैनिक भ्रमण तथा इन्धन खर्च समेत) (अनुगमन, संयुक्त अनुगमन; BN:195-197) 63

३.३.२७ कम्पोनेन्ट २ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन मूल्यांकन खर्च (BN:170) ........ 63

३.३.२८ कम्पोनेन्ट २ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन मूल्यांकन खर्च (दै.भ्रमण तथा ईन्धन खर्च समेत (BN: 55, 170, 195)) ........ 64

३.३.२९ PLF प्रवर्धनको लागि कार्यक्रम कार्यान्वयन (BN:194) ........ 65

३.३.३० प्रचार प्रसार सामाग्री उत्पादन/खरिद/वितरण (BN: 238) ........ 66

३.३.३१ विद्यालय संरक्षण शिक्षा अभियान संचालन (BN: 252-254) ........ 66

३.३.३२ कार्यक्रम सम्बन्धी विभिन्न माध्यमबाट प्रचार प्रसार (BN: 246 -251) ........ 68

३.३.३३ संरक्षण दिवस समारोह (BN: 238, 239) ........ 68

३.३.३४ LRP तालिम तथा परिचालन (P१-२६, P२-२४, P३-१५ (BN: 263-265)) ........ 69

३.३.३५ LRP मार्फत समुदाय स्तरीय अन्तरक्रिया गोष्ठी (BN: 266-268) ........ 71

३.३.३७ कम्पोनेन्ट ३ अन्तरगतका कार्यक्रमहरुको अनुगमन भ्रमण खर्च इन्धन समेत (BN: 235-237) ........ 72

३.३.३८ प्रदेश स्तरीय आयोजना समन्वय समिति बैठक (Budget Note:- 305) ........ 72

३.३.३९ कर्मचारीहरुको लागि SFME विषयमा TOT/GIS GPS Training (BN 61, 62, 63) ........ 73

३.३.४० CBO/जग्गाधनीहरुलाई SFME विषयमा तालिम/कार्यशाला (BN 58, 59, 60) ........ 74

३.३.४१ वृक्षारोपण व्यवस्थापन अन्तरक्रिया गोष्ठी (BN 106- 108) ........ 75

३.३.४२ ESMP, SIMP, IPP & FPIC Implementation Support ........ 76

३.३.४३ प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला दिवश सचालन (BN 6-11) ........ 77

३.३.४४ प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सम्वन्धि सरोकारवालाहरुलाई अभिमुखिकरण (२ दिने २० व्यक्ति BN १५-२१ ) ........ 78

३.३.४५ प्रकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरुसँग अन्तरकृया तथा समिक्षा गोष्ठी (२ दिने BN १५-२१ )79

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

३.३.४७ प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरूको संचालन (निरन्तरता) (कोशी -२५, मधेश -२०, वागमती-१०) (BN १५-२१) ........ 83

३.३.४८ प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको अनुगमन खर्च (दै. भ्र. र इन्धन समेत BN १५-२१) ........ 83

३.३.४९ प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरुको दैनिक भ्रमण खर्च (BN: 15- 21 ) ........ 84

३.३.५० कम्पोनेन्ट १ अन्तरगतका कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन खर्च (BN: 26, 27, 28, 54, 55, 56) .... 85

३.३.५१ बायोग्यास वा विद्युतीय चुल्होको लागि सहयोग (BN: 29-31) ........ 86

३.३.५३ इन्जिनियर (सिभिल) (BN: 38-40) ........ 87

३.४.१ ANR कार्यक्रम संचालन/ कार्यान्वयन (BN:109-114) ........ 88

३.४.२ नर्सरी स्थापना/मर्मत/स्तरोन्नति (५० हजार विरुवा उत्पादन क्षमता (BN:66, 67, 73, 74, 75, 79, 81)) 89

३.४.३ उत्पादित वहुवर्षीय बिरुवाको हेरचाह (प्रति हजारमा, BN: 66, 67, 73, 75, 79, 81) ........ 91

३.४.४ विरुवा उत्पादन/वितरण (४"*७" को पोलीव्यागमा ५० हजार विरुवा (BN: 66, 67, 73, 75, 79, 81)) 92

३.४.५ विरुवा उत्पादन/वितरण वहुवर्षीय (५० हजार विरुवा प्रति नर्सरी) (BN: 66, 73, 79) ........ 93

३.४.६ वन सम्वर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी/परिमार्जन (BN: 52) ........ 94

३.४.७ सामुदायिक वन व्यवस्थापन योजना तयारी/परिमार्जन (BN: 50, 51, 52) ........ 95

३.४.८ वन सम्वर्धन प्रणालीमा आधारित साझेदारी वन व्यवस्थापन कार्ययोजना तयारी/परिमार्जन (BN: 50, 51, 52). 96

३.४.९ कम्पोनेन्ट १ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन मुल्यांकन खर्च (BN: 26, 27, 28, 54, 55, 56) ........ 98

अनुसूचीहरु ........ 99

अनुसूची-१ ........ 99

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्वन्धी मुख्य बुँदाहरुः ........ 99

अन्य संस्थावाट कार्य गराउन सकिनेः ........ 100

उपभोक्ता समितिका सदस्यको योग्यताः ........ 100

अनुगमन तथा मूल्यांकन उपसमितिको व्यवस्थाः ........ 100

खरिद उपसमिति उपसमितिको व्यवस्थाः ........ 101

जनशक्ति परिचालन उपसमिति उपसमितिको व्यवस्थाः ........ 101

योजना सम्झौताको लागि आवश्यक कागजातहरुः ........ 102

खाता सञ्चालनः ........ 102

अनुसूची-२ ........ 103

२.१ कार्यक्रम सम्झौता फारम ........ 103

२.२ जानकारी सहितको, स्वतन्त्र, अग्रिम सहमति (Free Prior Informed Consent, FPIC) ........ 107

२.३ Site Specific Environmental and Social (E&S) Risk Assessment, FPIC Checklist and Recommendation Sheet ........ 109

२.४ Environmental & Social Safeguard (ESMP, IPP &SIMP) ........ 112

२.५ Completion Report on Implementation of E&S Risk Mitigation Measures (ESMP, IPP and SIMP) ........ 114

२.६ List of Minimal PPE to be used as the part of OHS with respect to intervention type and nature ........ 116

अनुसूची-३ ........ 117

बार्षिक/त्रैमासिक लाभग्राही सम्वन्धी प्रतिवेदन ........ 117

अनुसूची-४ ........ 118

प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सञ्चालन प्रक्रिया ........ 118

प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सञ्चालन आर्थिक पक्ष ........ 121

पहिलो चरण ........ 121

दोस्रो चरण ........ 122

तेस्रो चरण ........ 123

अनुसूची-५ ........ 127

होर्डिङ्ग वोर्डको नमूना ........ 127

अनुसूची -६ ........ 129

सार्वजनिक सुनुवाई फाराम ........ 129

अनुसूचीः ७ ........ 132

पार्श्वचित्र (Activity Profile) ........ 132

अनुसूचीः ८ ........ 133

भुक्तानीका लागि आवश्यक भर्पाईहरुको नमूना ........ 133

अनुसूचीः ९ ........ 137

भुक्तानी निवेदनका ढाँचाहरु ........ 137

अनुसुची १० ........ 139

डालेघाँस विरुवा उत्पादन सम्झौता पत्र ........ 139

अनुसुची ११ ........ 140

साना कृषि वन नर्सरी संचालनका लागि कृषकले प्रदेश आयोजना व्यवस्थापन इकाईमा दिने निवेदनको ढाँचा ........ 140

अनुसूची १२ ........ 141

कृषि वन नर्सरी संचालन तथा व्यवस्थापनका लागि आवश्यक सामाग्रीको विवरणः ........ 141

अनुसुची १३ ........................................................................................ 142

सम्झौता गर्ने आधारहरु ........................................................................ 142

अनुसूची १४ ........................................................................................ 143

स्थानिय सहजकर्ता तालिममा सहभागी छनौटका आधारहरु ........................................ 143

अनुसुची १५ ........................................................................................ 144

स्थानिय सहजकर्ता मुल्यांकन फारम ......................................................... 144

अनुसूची १६ ........................................................................................ 145

स्थानिय स्रोत ब्यक्ति (LRP) ले समुदायमा आधारित वन समुहको प्रोफाईल तयार गर्दा समावेश गर्नु पर्ने विषय सुची ................................................................................ 145

# चुरे उत्थानशील आयोजना
# कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

## पृष्ठभूमि

चुरे उत्थानशील आयोजना नेपाल सरकार र संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन (Food and Agriculture Organization-FAO) नेपालको संयुक्त प्रयासबाट नेपालको पूर्वी क्षेत्रमा रहेको चुरे क्षेत्रको उत्थानशीलताको लागि तर्जुमा भएको एउटा आयोजना हो । यस आयोजना हरित जलवायु कोष (Green Climate Fund-GCF) को अनुदान सहयोगमा नेपाल सरकार तथा संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन बीच सन् ०३ मे २०२० मा सम्झौता भई, १२ मे सन् २०२० देखि ११ मे २०२७ सम्म वन तथा वातावरण मन्त्रालय र संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि सङ्गठनद्वारा संयुक्त रुपमा कार्यान्वियन भइरहेको छ । यो आयोजना हरित जलवायु कोषको अनुदान सहयोगमा कार्यान्वयनमा आएको नेपालको पहिलो र अहिलेसम्मको सबैभन्दा ठूलो आयोजना हो ।

यो आयोजनाको कार्यक्षेत्र कोशी प्रदेश (ईलाम, झापा, मोरङ, सुनसरी र उदयपुर जिल्लाहरु), मधेश प्रदेश (सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरु) र बागमती प्रदेश (सिन्धुली जिल्ला) अन्तर्गतका ११ जिल्ला भित्र पर्ने ११३ पालिका अन्तर्गतका ७५७ वडाहरु र २६ नदी प्रणालीहरु रहेका छन् । यस आयोजनाको केन्द्रमा वन सेवाका सहसचिवस्तरको राष्ट्रिय आयोजना निर्देशक (राजपत्राङ्कित प्रथम श्रेणी, प्राविधिक) को नेतृत्वमा आयोजना व्यवस्थापन इकाई (Project Management Unit-PMU) रहेको छ भने आयोजना व्यवस्थापन इकाई कै मातहतमा रहने गरी प्रदेशस्तरमा समन्वय, सहकार्य र कार्यान्वयनको लागि वन सेवाका उपसचिव (राजपत्राङ्कित द्वितीय श्रेणी, प्राविधिक) को नेतृत्वमा तीन वटा प्रदेश आयोजना व्यवस्थापन इकाई (Provincial Project Management Unit-PPMU) हरु रहेका छन् । त्यसैगरी यस आयोजनाको केन्द्रीय आयोजना व्यवस्थापन इकाईमा विषय विज्ञहरु रहेको FAO-Technical Assistance Team (TA) रहेको छ । आयोजनाका कार्यक्रमहरु कार्यान्वयन गर्ने सन्दर्भमा PMU, PPMUs र FAO-TA को भूमिका उल्लेखनीय रुपमा रहेको छ । यो आयोजनाले प्रदेश मातहतका वन तथा कृषिसँग सम्बन्धित कार्यालय तथा स्थानीय तहहरुसँग समेत समन्वय र सहकार्य गर्नेछ । त्यसैगरी करिव १,१०० वटा समुदायस्तरका संस्थाहरु, सेवा प्रदायकहरु, सरोकारवाला संस्थाहरु तथा उपभोक्ता समितिहरु परिचालन गरी यस आयोजनाको क्रियाकलापहरु कार्यान्वयन गर्दै आईएको छ ।

यो आयोजना कार्यान्वयनका लागि आयोजना अवधिभरका लागि हरित जलवायु कोष (GCF) को ३ करोड ९३ लाख अमेरिकी डलर अनुदान र नेपाल सरकारको ८० लाख ४२ हजार २ सय ४८ अमेरिकी डलर सह-वित्त गरी जम्मा ४ करोड ७२ लाख अमेरिकी डलर (करिव ५ अरब ५८ लाख नेपाली रुपैया) उपयोग गरिनेछ । आयोजनाका क्रियाकलापहरु कार्यान्वयनका लागि सरोकार राख्ने नेपाल सरकारको प्रचलित कानूनका साथै नेपाल सरकार, FAO तथा GCF बीच भएका सम्झौताहरु, आयोजना दस्तावेजहरु र आयोजना कार्यान्वयन दिग्दर्शन (Project Implementation Manual-PIM) हरुमा भएको व्यवस्थालाई अनुसरण गरिनेछ । यस कार्यविधिलाई PIM को पूरक दस्तावेजको रुपमा प्रयोग गरिनेछ ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय चुरे उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

# परिच्छेद-१

## १.१ संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "चुरे उत्थानशील कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

- "आयोजना" भन्नाले चुरे उत्थानशील आयोजना सम्झनु पर्दछ ।
- "उपभोक्ता समिति" भन्नाले आयोजना क्रियाकलापबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले कुनै निर्माण कार्यको निर्माण, सञ्चालन तथा मर्मत सम्भार गर्नको लागि लाभान्वितहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ
- "उपभोक्ता समूह" भन्नाले कार्यान्वयन निकायले कार्यक्रम सञ्चालनको लागि गठन गरेका कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह, महिला समूह जस्ता प्रचलित कानून बमोजिम गठन भई क्रियाशील रहेका समूहलाई बुझाउँछ ।
- "कार्यक्रम" भन्नाले "जलवायु उत्थानशील चुरे कार्यक्रम" तथा वार्षिक कार्यक्रम तथा योजनामा परेका क्रियाकलापहरु र सम्झौता बमोजिमका क्रियाकलापहरु समेत सम्झनु पर्दछ ।
- "कार्यान्वयन निकाय" भन्नाले आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने PMU र तीन वटा PPMU सम्झनु पर्दछ साथै यो शब्दले समग्र आयोजनाको हकमा FAO-TA लाई समेत जनाउँछ । यस आयोजनाको कार्य क्षेत्र अन्तर्गत पर्ने ११ वटा डिभिजन वन कार्यालयहरूले पनि सशर्त रूपमा प्राप्त वजेट कार्यान्वयनमा लाने भएकोले ति निकायहरुपनि यस आयोजनाको कार्यान्वयन निकायको रुपमा बुझाउँछ ।
- "बजेट नोट" भन्नाले नेपाल सरकार, संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन तथा हरित जलवायु कोष बीच भएको सम्झौता अनुसारको बजेट नोट सम्झनु पर्दछ ।
- "मन्त्रालय" भन्नाले नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ ।
- "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र तिनका वडाहरूलाई समेत जनाउनेछ ।

## १.३ कार्यविधिको उद्देश्यहरु

- कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु तथा कृयाकलापहरुको बारेमा थप स्पष्टता प्रदान गर्ने,
- कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरुपता तथा समान बुझाई ल्याउन,
- सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्ने,
- सञ्चालित कृयाकलापको दिगोपना सुनिश्चित गर्ने,
- सरल तथा सहज तरिकाबाट सेवा प्रवाह गर्ने।

# परिच्छेद-२

## २.१ कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन

**स्वीकृत वार्षिक कार्यक्रम सञ्चालनको क्रममा सबै कार्यक्रमहरू सञ्चालनको लागि आकर्षित हुने प्रक्रिया तथा मार्ग निर्देशन निम्नानुसार रहेका छन् ।**

२.१.१ स्वीकृत वार्षिक कार्यक्रममा तोकिएको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ। आयोजनाको कम्पोनेण्टहरुलाई बजेट नोट सहितको विभिन्न अन्तरसम्बन्धित कृयाकलापहरुमा विभाजन गरी PPMU, PMU, FAO-TA, लगाएतका ("कार्यान्वयन निकाय") द्वारा कार्यान्वयन गर्ने गरी व्यवस्था मिलाइएको हुँदा समग्र कम्पोनेण्टहरुलाई निष्कर्षमा पुर्याउन सबै "कार्यान्वयन निकाय" हरुबाट एक आपसमा समन्वयात्मक रुपमा कार्य हुन अपरिहार्य हुनेछ ।

२.१.२ कार्यक्रम सञ्चालन गर्दा आर्थिक वर्ष २०८१/०८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७; सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद नियमावली, २०६४; वातावरण संरक्षण ऐन, २०७६; वातावरण संरक्षण नियमावली, २०७७; वन ऐन, २०७६; वन नियमावली, २०७९ एवं अन्य प्रचलित कानूनहरूको प्रावधानहरू तथा PIM लगायत आयोजना सम्बन्धी दस्ताबेजहरु बमोजिम गर्नुपर्नेछ ।

२.१.३ कार्यक्रम सम्बन्धी सर्भे, डिजाईन, ड्रइङ्ग/नक्सा र लागत अनुमान/लगत इष्टिमेट (ल.ई.) तयार भएपछि कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यकता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, सेवाप्रदायक, उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउने वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ । उपभोक्ता समिति मार्फत कार्यक्रम सञ्चालन गर्दा सम्वन्धित उपभोक्ता समितिले कूल लागतको १० प्रतिशतमा नघट्ने गरी लागत साझेदारी वा जनश्रमदान उपलव्ध गराउनु पर्नेछ ।

२.१.४ कार्यक्रम सञ्चालनको लागि स्थान छनौट लगायत प्रक्रिया बारे PSC बाट स्वीकृत सम्बेदनशील पारिस्थितिकीय प्रणाली पुनर्स्थापना योजना (Critical Ecosystem Restoration Plan-CERP) लाई आधार मानी उपयुक्त स्थानहरुमा सञ्चालन गर्न सकिनेछ।

२.१.५ सम्वन्धित डिभिजन वन कार्यालय/स्थानीय वन समूह/स्थानीय तहसँग आवश्यक समन्वय/सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ । आवश्यकता अनुसार संघ, प्रदेश तथा जिल्लास्थित अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्नुपर्नेछ ।

२.१.६ CERP ले निर्देशित गरेका वन/वातावरण संरक्षण सम्बन्धी कार्यहरु जस्तैः वृक्षारोपण, अग्नि रेखा निर्माण, तारवार आदि जस्ता कार्यक्रमहरु सामुदायिक/साझेदारी/कबुलियती वनक्षेत्र भित्र कार्यान्वयन गर्नु पर्ने भएमा सम्बन्धित वन उपभोक्ता समूह मार्फत सञ्चालन गर्न प्राथमिकता दिइनेछ। सम्बन्धित वन उपभोक्ता समितिले सम्पादन गर्न नसक्ने वा कार्ययोजना नवीकरण भइनसकेको लगायतको अवस्था विद्यमान भए मात्र नयाँ उपभोक्ता समिति गठन गरी वन उपभोक्ता समूहको समन्वयमा कार्य सञ्चालन/सम्पन्न गर्न सकिनेछ ।

२.१.७ कार्यान्वयन निकायले उपभोक्ता समितिबाट कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तह/वडा कार्यालयको समन्वयमा लाभग्राही समूहबाट उपभोक्ता समिति गठन गरी गर्नु पर्नेछ । प्रचलित ऐन बमोजिम गठन भई

क्रियाशील रहेका सम्बन्धित लाभग्राही/उपभोक्ता समिति/समूहहरू मार्फत समेत कार्यक्रम सञ्चालन गर्न सकिनेछ । उपभोक्ता समिति गठन र त्यसको जिम्मेवारी अनुसूची-१ बमोजिम हुनेछ र योजनाको प्रकृति र आवश्यकता अनुरूप उपभोक्ता समिति मातहत अन्य उपसमिति पनि गठन गर्न सकिनेछ ।

२.१.८ कार्यक्रमहरूको लगत इष्टिमेट (ल.ई.) तयार गर्दा (निर्माण कार्यको हकमा अनिवार्य रुपमा ड्रइङ्गडिजाइन सहितको नक्सा तयार गरी) नेपाल सरकार/प्रदेश सरकारले स्वीकृत गरेको नर्मस, सम्वन्धित जिल्ला/स्थानीय तहको स्वीकृत दररेट तथा सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद नियमावली, २०६४ समेतको आधारमा गर्नुपर्नेछ ।

२.१.९ उपभोक्ता समितिबाट गरिने काममा हेभी मेशिनको प्रयोग गर्नुपर्ने भएमा लगत इष्टिमेट (ल.ई.) तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य उल्लेख गरी सञ्चालन गर्न सकिनेछ । लागत अनुमानमा जनश्रमदिन उल्लेख गरी हेभी मेशिन प्रयोग गर्न भने पाइने छैन ।

२.१.१० भू-संरक्षण वा नदी नियन्त्रण गर्ने कार्यमा गेबियन बक्स (Gabion Box) प्रयोग गर्नु परेमा National Standard (NS) सरहको प्रमाणित गुणस्तरको हेभिकोटेड मेसिन मेड जि. आई. तारजाली प्रयोग गर्नु पर्नेछ ।

२.१.११ कार्यक्रम सञ्चालन गर्दा गरिब, विपन्न तथा सिमान्तकृत वर्ग (नदी किनारमा बसोबास गर्ने थारु, माझी, वनकरीया, मुसहर, डोम, चमार, राजबंशी, धिमाल, ताजपुरिया, मेचे, कुमाल लगायत पिछडिएका जातिहरू) र महिला, दलीत तथा आदिवासी जनजाति, मधेशी, र मुस्लिमको जीवनमा प्रत्यक्ष सकारात्मक प्रभाव पार्न सक्ने तर्फ केन्द्रित हुनु पर्नेछ । वनक्षेत्र अतिक्रमण हुने गरी कुनै पनि कार्यक्रम सञ्चालन गर्नु गराउनु हुँदैन ।

२.१.१२ कार्यक्रम प्रारम्भ गर्नु अघि कार्यालयले उपभोक्ता समितिलाई कार्यक्रमको बारेमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी गराउँदा लगत इष्टिमेट (ल.ई.) तथा ड्रइङ्ग, डिजाइन र नक्शा सम्बन्धमा अभिमुखीकरण समेत गर्नुपर्नेछ र यस्ता अभिमुखीकरण कार्यमा लाग्ने खर्च कार्यक्रमको लागत अनुमानमा समावेश गरी खर्च लेख्न सकिनेछ ।

**२.१.१३ आयोजनाका कृयाकलापहरु संचालनमा वातावरण र सामाजिक व्यवस्थापन**

२.१.१३.१ <u>कृयाकलाप संचालनको पूर्व कार्यान्वयन चरण</u> **(Pre-Implementation phase)**

- कृयाकलापहरुको प्राबिधिक लागत अनुमान संगै प्रत्येक कृयाकलापवाट महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, बिपन्न तथा अन्य सिमान्तकृत समूदायका साथै वातावरण र सामाजिक क्षेत्रमा पर्न सक्ने ठाँउ बिशेष जोखिम मूल्याँकन र न्यूनिकरणका उपायहरुको सिफारिस सहित प्रतिबेदन तयार गरिने छ ।
- उक्त जोखिम मूल्याँकनको क्रममा सम्बन्धित नदि प्रणालि अन्तर्गतका प्रमाणित/स्वीकृत योजना (Environmental and Social Managaement Plan- ESMP, Indigenous people Plan-IPP, र social inclusion management plan-SIMP) मा उल्लेखित जोखिम तथा न्यूनिकरणका उपायहरु, समूदाय संगको परामर्श र बिशेष गरि भूमि प्रयोग र प्राकृतिक श्रोत माथिको पहूँच सम्बन्धि बिषयलाई महत्व दिइने छ । ठाँउ बिशेष वातावरण तथा समाजिक जोखिम मूल्याँकन र सिफारिस प्रतिवेदन अनसुचि २.३ को ढाँचा अनूसार गरिने छ। उक्त प्रवेदनमा उल्लेखित जोखिम न्यूनीकरणका सम्पूर्ण क्रियाकलापहरु कार्यान्वयन गर्दा लाग्ने आबश्यक खर्च LMBIS कोड नं २.७.२१.३११ बाट तथा सम्बन्धित क्रियाकलापको लागत अनुमानमा समावेशगरी समेत खर्च लेख्न सकिने छ ।

- स्वतन्त्र र अग्रिम सूचित सहमति (Free Prior Informed Consent-FPIC): स्वतन्त्र र अग्रिम सूचित सहमति (FPIC) लाई पुनराबृत्ति प्रकृयाको रुपमा अनुसरण गरिने छ । सो प्रकृया अबलम्बन गर्दा आयोजनाको FPIC सम्बन्धि श्रोत पुस्तिका (Field Hand Book), आदिवासी जनजाती योजना/ढांचा (IPP/IPPF) एवं वातावरण तथा सामाजिक व्यवस्थापन रुपरेखाका (ESMF) प्रावधानहरुलाई पालना गरिने छ। यस आयोजना अन्तर्गतका कुनै पनि कृयाकलाप ले आदिवासी जनजाति/जातीय अल्पसंख्यक हरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पार्ने वा पर्न सक्ने भए कार्यन्वयन चरणमा जानू पूर्व, समूहगत रुपमा FPIC प्राप्त गरि सो को दस्ताबेजीकरण गर्नु पर्ने छ ।
- FPIC प्रकृया (६ चरण) सम्बन्धि आवश्यक ढाँचा अनूसूचि २.२ र २.३ मा उल्लेखित छ ।

२.१.१३.२. <u>आयोजना संचालनको कार्यन्वयन चरण</u> **(Implementation Phase)**

- कार्यस्थलमा पेशागत स्वास्थ्य र सुरक्षाः आयोजना अन्तर्गतका कृयाकलापहरु कार्यान्वयन गर्दा कामको प्रकृति र जोखिम अनुसारका स्वास्थ्य र सुरक्षा सम्बन्धि प्रबन्ध गरिनेछ । विशेष गरि हेलमेट, पन्जा, गमवुट र प्राथमिक उपचार बाकस (First Aid Box) वा अनुसूची २.६ मा उल्लेखित स्वास्थ्य र सुरक्षा सम्बन्धि उपकरण र सामग्री अनिवार्य रुपमा कार्यस्थलमा प्रयोगमा ल्याइने छ। तत् सम्बन्धिका लाग्ने आबश्यक खर्च LMBIS कोड नं २.७.२१.३११ बाट तथा सम्बन्धित क्रियाकलापको लागत अनुमानमा समावेशगरी समेत खर्च लेख्न सकिने छ ।
- कार्य स्थलमा बाल श्रमिकलाइ पूर्ण रुपमा प्रतिबन्धित गरिने छ । यौन शोषण, दुर्व्यवहार र उत्पीडन तथा लैंगिंक हिँसा, विभेद लाई पूर्ण रुपमा कार्यस्थलमा निरुत्साहित गरिने छ।
- कार्यस्थलमा कार्यरत कामदारको समूहगत दुर्घटना बिमाः आयोजना अन्तर्गतका क्रियाकलाप सन्चालन गर्दा कार्यस्थलमा कार्यरत कामदारको समूहगत दुर्घटना बिमा (Group Accidental Insurance) गरिने छ। सो बिमा सम्बन्धि लाग्ने आबश्यक खर्च LMBIS कोड नं २.७.२१.३११ बाट तथा सम्बन्धित क्रियाकलापको लागत अनुमानमा समावेशगरी समेत खर्च लेख्न सकिने छ । ।साथै आवश्यकताअनुसार क्रियाकलाप कार्यान्वियनमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा खटिने कर्मचारीहरुको लागि समेत समूहगत दुर्घटना बिमा बार्षिक रुपमा गर्न सकिनेछ र यस सम्बन्धि लाग्ने खर्च कन्तिजेंसी रकमबाट लेख्न सकिनेछ।
- वातावरण तथा समाजिक जोखिम व्यवस्थापनको प्रभावकारीता अनुगमनः आयोजना अन्तर्गतका क्रियाकलापहरुको कार्यन्वयनका क्रममा लैंगिक तथा समावेशिता र वातावरण तथा समाजिक जोखिम व्यवस्थापनको प्रभावकारीताको नियमित अनुगमन गरिने छ। क्रियाकलापहरुको कार्यन्वयन अबधिभर, वातावरण तथा समाजिक जोखिम व्यवस्थापनको अनुगमन कम्तिमा १ पटक गरि अनूसूचि २.४ मा उल्लेखित ढांचा बमोजिम प्रतिवेदन तयार गरिने छ ।
- वातावरण तथा सामाजिक जोखिम न्यूनीकरण क्रियाकलाप सम्पन्न प्रतिवेदनः आयोजना अन्तर्गतका प्रत्येक कृयाकलापहरुको कार्यन्वयन पश्चात, सम्बन्धित कृयाकलाप सन्चालन गर्दा देखिएका वातावरणिय र सामाजिक जोखिम, अबलम्बन गरिएका न्यूनिकरणका उपाय, लाभान्वित समूदायको बिवरण, सिकाई तथा अन्य सवाल लगाएतका बिषय समोवश गरिएको प्रतिवेदन तयार गरिने छ। उक्त प्रतिवेदन अनूसूचि २.५ दिएको ढाँचा बमोजिम तयार गरिनेछ।

आयोजना प्रमुख

२.१.१४ उपभोक्ता समितिले सम्झौता गरे बमोजिमको योजना आफैंले सम्पन्न गर्नुपर्नेछ । योजनाको स्याहार, सम्भार मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ । उपभोक्ता समितिले जिम्मा लिएको योजनाको काम कुनै निर्माण व्यवसायी वा कन्ट्रयाक्टरबाट गराउन पाईने छैन ।

२.१.१५ कार्यक्रम सञ्चालन स्थलमा लगत इष्टिमेट (ल.ई.) लगायत आयोजनासँग सम्बन्धित अन्य अत्यावश्यक र महत्वपूर्ण जानकारी तथा विवरणहरू खुल्ने गरी अनुसूची ५ अनुसारको होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ । होर्डिंग बोर्डको साइज कम्तिमा ५ x ४ वर्गफिटको हुनु पर्नेछ ।

२.१.१६ कार्यक्रमहरु कार्यन्वयनमा लानु अघि सम्बन्धित नदि प्रणालीमा CERP निर्देशित क्रियाकलापहरुलाइ सम्भव भए सम्म एकीकृत गरि संचालन गर्नु पर्नेछ ।

२.१.१७ कन्टिन्जेन्सी व्यवस्थापन सम्बन्धमा नेपाल सरकारको प्रचलित ऐन, नियम, निर्देशिका, मापदण्ड तथा सार्वजनिक निर्माण कार्यको **कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०८१** बमोजिम हुनेछ।

२.१.१८ कन्टिन्जेन्सीबाट गर्न सकिने केहि नविनतम (Innovative) क्रियाकलाप सम्बन्धमा समान्यतः साझा प्रक्रिया तथा मार्ग निर्देशनको प्रतिकूल नहुने गरी PMU सँग समन्वयमा PPMU ले कार्यक्रम तय गरी कार्यान्वयन गर्न सकिनेछ ।

२.१.१९ यस कार्यविधिमा उल्लेख नभएका क्रियाकलाप तर स्वीकृत वार्षिक कार्यक्रम अनुरूप कार्य सम्पादन गर्नुपर्ने भएमा प्रचलित ऐन, नियम, नर्मस्, निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नु पर्नेछ ।

२.१.२० कार्यक्रम कार्यान्वयन गर्दा गराउँदा कामको परिमाण र गुणस्तरमा कुनै कमी कमजोरी वा लापरवाही नहुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२.१.२१ कार्यक्रम कार्यान्वियन गर्नु अगावै कार्यक्रम कार्यान्वयन गर्न सकिने नसकिने अवस्था आँकलन गरी कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था देखिएमा चालु आर्थिक वर्षको दोश्रो त्रैमासिक अवधि भित्रै कार्यक्रम संशोधनको लागि PMU मा सिफारिश सहित पेश गर्नुपर्ने छ ।

२.१.२२ स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने पूर्वतयारी, स्थलगत अनुगमन, कार्यक्रम स्थान छनौट, विरुवा उत्पादन, खरिद, निर्माण, वृक्षारोपण, तारबार, मर्मत संभार, संरक्षण इत्यादि कार्यको कार्यान्वयन अवधिलाई आधार मानी कार्यक्रम कार्यान्वयन कार्ययोजना बनाउनु पर्नेछ । सोही कार्यक्रम कार्यान्वयन कार्ययोजनाको आधारमा समयबद्ध अध्ययन गरी कार्यान्वयन अवस्थालाई सुधार गर्दै लगिने छ।

## २.२ उपभोक्ता समितिको भुक्तानी प्रक्रिया

२.२.१ कार्य सम्पन्न भए पश्चात् कार्यालयमा भुक्तानी माग निवेदन पेश गर्नुपर्नेछ । सो निवेदनको साथमा अनुसूचीः ६ को ढाँचामा सार्वजनिक सुनुवाइको प्रतिवेदन, सम्बन्धित वडा कार्यालय/स्थानीय तहको सिफारिस, उपभोक्ता समितिको निर्णयको प्रतिलिपि, बिल, भरपाई, कार्य सम्पन्न प्रतिबेदन र अन्य सम्बन्धित कागजात समेत समावेश गर्नु पर्नेछ ।

२.२.२ कार्य सम्पादनमा सहजिकरणका लागि उपभोक्ता समितिको माग भएमा सम्पन्न कामको नापी किताबको आधारमा रनिंग बिल समेत भुक्तानी गर्न सकिनेछ ।

२.२.३ कार्यसम्पन्न भए पश्चात् भुक्तानीको लागि उपभोक्ता समितिले आवश्यक बिलहरु भरपाईहरु (अनुसूची अनुसारका) सहित अनुसूची: ९ अनुसारको निवेदन पेश गर्नुपर्नेछ । यसरी भुक्तानीको निवेदन प्राप्त भएपछी तोकिएको प्राविधिक मार्फत स्थलगत निरीक्षण, नापजांच गरी स्थलगत प्रतिवेदन सहित प्राप्त आवश्यक बिल भरपाईहरु सलग्न गरी कार्य सम्पन्न प्रतिबेदन, नापी किताब लगायत अन्य तोकिएको कागजातहरु पेश गर्नुपर्नेछ। स्थलगत निरीक्षण गर्दा सम्बन्धित वडाका जनप्रतिनिधि, उपभोक्ता समिति लगायत अन्य सरोकारवालाहरुको उपस्थितिमा समेत गर्न सकिनेछ ।

## २.३ कार्यक्रम अनुगमन

२.३.१ हरेक उपभोक्ता समितिले अनुगमन उपसमिति समेत गठन गर्नुपर्नेछ । यस उपसमितिले आन्तरिक रूपमा अनुगमन गरी तोकिएको समयमा तोकिएको गुणस्तरको काम सम्पन्न गर्न सहयोग पुर्याउनेछ ।

२.३.२ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाईले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

२.३.३ आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहको प्रतिनिधि, PPMU को प्राविधिक, प्रदेश वन मन्त्रालय वा सो अन्तर्गतका कार्यालयहरु, PMU/FAO-TA/FAO-CO को प्रतिनिधि, उपभोक्ता समिति/ठेकेदारको प्रतिनिधि सहितको संयुक्त टोलीले आवश्यकता अनुसार कार्यक्रमहरूको संयुक्त अनुगमन गरी आवश्यक पृष्ठपोषण गर्न सक्नेछन् ।

## २.४ प्रगति प्रतिवेदन

२.४.१ कार्यक्रम कार्यान्वयन गर्ने सबै निकायले कार्यक्रमको माईल स्टोन/मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन अनिवार्य रूपमा तोकिएको समयमा PMU मा हार्ड कपि तथा बिद्युतीय (Electronic/digital) कपि पठाउनु पर्नेछ। साथै FAO CO ले समेत सोझै भुक्तानी तर्फको खर्च बिवरण प्रत्येक महिनाको मसान्तको दिन बिद्युतीय (Electronic/digital) कपि PMU मा पठाउनु पर्नेछ।

२.४.२ कार्यान्वयन निकायहरूबाट पेश भएका प्रगतिहरू सङ्कलन (Compile) गरी PMU ले आवश्यकता अनुरुप FAO-CO/GCF तथा वन तथा वातावरण मन्त्रालयमा मासिक, त्रैमासिक/अर्ध बार्षिक र वार्षिक प्रगति प्रतिवेदन पठाउनु पर्नेछ ।

२.४.३ त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदनहरू राष्ट्रिय योजना आयोगको निर्देशित ढाँचा बमोजिम तयार गर्नु पर्नेछ ।

२.४.४ आयोजना दस्तावेजमा निर्देशित गरिए बमोजिम त्रैमासिक, अर्धबार्षिक र बार्षिक रुपमा GCF Budget note सहितको प्रगति प्रतिबेदन तयार गरी FAO-CO/GCF मा पठाउनु पर्नेछ ।

२.४.५ कार्यक्रम कार्यान्वयन निकायले सम्पादन गरेका हरेक कार्यक्रम तथा क्रियाकलापहरूको अनुसूची-७ अनुसारको पार्श्वचित्र (Activity Profile) बनाउन सक्नेछ ।

२.४.६ सबै कार्यक्रम कार्यान्वयन निकायबाट वार्षिक प्रगति प्राप्त भए पछि PMU ले प्रगतिहरूको सङ्कलन (Compile) गरी आवश्यकता अनुरुप प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन गर्न सक्नेछ ।

आयोजनाको कार्यक्रम सञ्चालन एवं प्रतिवेदनहरु तयार गरी विभिन्न निकायहरुमा पेश गर्न PMU, PPMU तथा FAO-TA ले एक अर्कालाई सहयोग उपलब्ध गराउनु पर्नेछ । यसका लागि सेवा प्रदायक संस्था वा व्यक्तिको सेवा खरिद गर्नु परेमा PMU ले आवश्यकता अनुसार थप सेवा नियमानुसार खरिद गर्न सक्नेछ ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

# परिच्छेद-३

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वृद्धि उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

## ३.१ आयोजना व्यवस्थापन इकाई अन्तरगतका कार्यक्रमहरु

### ३.१.१ गाडी खरिद (पैठारी शुल्क लगायत सम्पूर्ण कर रहित) (BN:291)

पृष्ठभूमी/परिचय

आयोजनाको क्रियाकलापहरु कार्यान्वयन र प्रगतीमा यातायातको सुविधाले ठुलो प्रभाव पारेको हुन्छ। तसर्थ यस आयोजनाको केन्द्रीय र फिल्ड स्तरका आयोजना व्यवस्थापन इकाईहरुलाई आयोजनाको कामको सिलसिलामा आवश्यक पर्ने यातायातको व्यवस्थापन गर्नकालागी प्रत्येक प्रदेश आयोजाना व्यवस्थापन इकाईमा एक एक वटा र आयोजना व्यवस्थापन इकाई, काठमाण्डौमा एकवटा गरि जम्मा ४ (चार) वटा चार पांग्रे सवारी साधन खरिद गर्न जरुरि रहेको छ ।

उद्देश्य

- ४ (चार) वटा चार पांग्रे सवारी साधन खरिद गरि प्रदेश आयोजाना व्यवस्थापन इकाईहरुमा एकएकवटा र आयोजना व्यवस्थापन इकाई, काठमाण्डौमा एकवटा वितरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- गाडी खरिदको लागि सर्वप्रथम अर्थ मन्त्रालयबाट कर छुटको व्यवस्थाको लागि आवश्यक प्रकृया अगाडी बढाउने ।
- कर छुटको पत्र प्राप्त भएपछी गाडी खरिदको लागि सार्वजनिक खरिद ऐन र नियमावली अनुसार आवश्यक प्रक्रियाको लागि सुचना प्रकाशन गर्ने ।

अपेक्षित उपलब्धी

- चार वटा गाडी खरिद भई आयोजनाको केन्द्रीय र फिल्ड स्तरका तीनवटा आयोजना व्यवस्थापन इकाईहरुमा उपलब्ध भई कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता बढ्ने ।

जनशक्ति व्यवस्थापन

- खरिद प्रक्रिया अगाडी बढाउनका लागि आवोश्यक जनसक्ति PMU र FAO-TA बाट हुने ।
- गाडीको व्यवस्थापन पछी सवारी चालकको नियुक्ति नियमानुसार गरिने छ ।

जिम्मेवार निकाय

- आयोजना व्यवस्थापन इकाई, काठमाडौं (PMU)

## ३.१.२ वन ब्यबस्थापन सम्बन्धि मेशिनरी औजार सामग्री खरिद तथा समुदायलाई वितरण (BN:47)

पृष्ठभूमी/परिचय

यस आयोजनाको कार्यक्षेत्र वागमती, मधेश र कोशी प्रदेशका ११ वटा जिल्लाका २६ वटा नदि प्रणालीहरुका संवेदनशील क्षेत्रहरु वन डढेलोको हिसाबलेपनि बढी संवेदनशील रहेको र ति क्षेत्रका बनको उत्पादकत्व बढाउन वनको दिगो व्यवस्थापन गर्न जरुरि रहेको छ । बर्षेनी लाग्ने वन डढेलो र अबैज्ञानिक वन श्रोत व्यवस्थापनले गर्दा ति अमुल्य श्रोतहरुको क्षय हुँदै गैरहेको छ र उचित व्यवस्थापन गरि अधिकतम फाइदा हुने अवस्था सिर्जना गर्न जरुरि भैसकेको छ ।

उद्देश्य

- वन डढेलो नियन्त्रणका लागि आवश्यक सामाग्रीहरु खरिद गरी डिभिजन वन कार्यालयहरु र ति कार्यालयहरु मार्फत वन उपभोक्ता समुहहरु तथा अरु सम्बन्धित निकायहरुलाई वितरण गर्ने ।
- वन श्रोतको दिगो व्यवस्थापनमा सहयोग पुर्याउने खालका सामागीहरु खरिद गरी डिभिजन वन कार्यालयहरु र ति कार्यालयहरु मार्फत वन उपभोक्ता समुहहरुलाई वितरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- डिभिजन वन कार्यालयहरु र वन उपभोक्ता समुहहरुबाट वन डढेलो नियन्त्रण र वन व्यवस्थापनसंग सम्बन्धित सामाग्रीहरुको माग संकलन गर्ने ।
- आएको माग बमोजिमका सामाग्रीहरु खरिद गर्न लागत अनुमान तयार र स्वीकृत गरी सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद प्रक्रिया अगाडी बढाई नियमानुसार सेवा प्रदायक छनौट गरि सामग्री खरिद गर्ने ।
- खरिद गरिएका आगलागी नियन्त्रण र वन व्यवस्थापनसंग सम्बन्धित औजारहरु (चेन सः, ग्रांस कटर, मोटर ड्रीलर (प्वाकल खन्ने मेसिन)) प्रदेश आयोजना व्यवस्थापन इकाई र डिभिजन वन कार्यालयहरुको समन्वयमा डिभिजन वन कार्यालयहरुलाई र ति कार्यालयहरुसंगको समन्वयमा यस आयोजनाको वन व्यवस्थापनका कार्यहरु संचालनमा रहेका वन समुहहरुमा वितरण गरिने छ।
- ट्रली सहितको पानी टयांकर, पोर्टेवल वाटर पम्प र जी.पी.एस. लगाएतका वनश्रोत मापनसंग सम्बन्धित प्राविधिक उपकरणहरु सम्बन्धित डिभिजन वन कार्यालयहरु र ति कार्यालयहरुको समन्वय र रोहवरमा वन उपभोक्ता समूह तथा आगलागी नियन्त्रणमा प्रत्यक्ष खटिने निकायहरुलाई हस्तान्तरण गरिने छ ।
- वितरण गरिने समुहको छनौट गर्दा संस्थागत क्षमता (नियमित बैठक, लेखा परिक्षण, भण्डारण कोठा, कार्यालय व्यवस्थापन आदि) र वन व्यवस्थापनका क्रियाकलापहरु संचालन गरी रहेका समुहहरुलाई प्राथमिकता दिईनेछ ।

अपेक्षित उपलब्धी

- वन डढेलो नियन्त्रण र वन व्यवस्थापनका उपकरणहरु खरिद भई ति उपकरणहरु फिल्ड स्तरमा उपलब्ध हुँदा डढेलो नियन्त्रण र वनको दिगो व्यवस्थापनमा सहयोग पुगी वन श्रोतको क्षतिमा कमि आउने र उत्पादकत्वमा वृद्धि हुने ।

जनशक्ति व्यवस्थापन

- आयोजना व्यवस्थापन इकाई (PMU), काठमाण्डु, प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMUs) र FAO-TA अन्तर्गत कार्यरत कर्मचारीहरु साथै वितरणको क्रममा डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु र वन उपभोक्ता समूहहरुका समितिहरु र उपभोक्ताहरु ।

अनुगमन योजना

- वितरण गरिएका सामाग्रीहरुको प्रयोगको बारेमा प्रदेश स्तरीय समन्वय समितिबाट समय समयमा अनुगमन गरिने ।

जिम्मेवार निकाय

- PMU, PPMU, PCCs, DFOs र वन उपभोक्ता समुहहरु

### ३.१.३ राष्ट्रिय प्राकृतिक प्रकोप/विपद व्यबस्थापन बिज्ञ (BN:173)

पृष्ठभूमी/परिचय

प्राकृतिक रुपमा चुरे क्षेत्र अतिनै संवेदनशील क्षेत्र हो । विद्यमान जलवायु परिवर्तनका कारणले उत्पन्न भएका प्रकोपहरु तथा जोखिमहरू न्यूनीकरण तथा व्यवस्थापन गर्न विभिन्न सरोकारवालाहरुलाई तालिम प्रदान गर्नुको साथै प्रदेश स्तरीय विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना निर्माण गर्न सहयोग पुर्याउने उद्देश्यले यो पद सिर्जना गरिएको हो ।

उद्देश्य

- एकजना राष्ट्रिय प्राकृतिक प्रकोप/विपद व्यबस्थापन बिज्ञ नियुक्त गर्ने

कार्यान्वयन कार्यविधि

- PIM तथा आयोजनाको Funding Proposal अनुसार राष्ट्रिय प्राकृतिक प्रकोप/विपद व्यबस्थापन बिज्ञको काम, कर्तव्य साथै यस पदका लागि चाहिने न्युनतम योग्यता, अनुभव आदि बिषयहरु समेटी कार्यक्षेत्रगत सेवाका शर्तहरू (ToR) तयार तथा स्वीकृत गर्ने
- स्वीकृत कार्यक्षेत्रगत सेवाका शर्तहरू (ToR) र नेपाल सरकारको प्रचलित ऐन नियम र पाउने सेवा सुविधा सम्बन्धमा प्रचलित दर रेट तथा नर्मसलाई आधार मानी लागत इष्टिमेट (ल.ई.) तयार र स्वीकृत गर्ने

स्वीकृत कार्यक्षेत्रगत सेवाका शर्तहरू (ToR) र लागत इष्टिमेट (ल.ई.) तोकिएको अवधिको लागि विज्ञको नियुक्ति/परामर्श सेवा प्राप्त गर्न सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम सेवा खरिद प्रकृया अगाडी बढाई सेवा खरिद गर्ने ।

<u>अपेक्षित उपलब्धी</u>

- एकजना राष्ट्रिय प्राकृतिक प्रकोप/विपद व्यबस्थापन बिज्ञ नियुक्त भई सेवा प्रवाहमा सहजता र प्रभावकारिता बढ्ने

<u>जनशक्ति व्यवस्थापन</u>

- आयोजना व्यवस्थापन इकाई (PMU) र FAO-TA अन्तर्गत कार्यरत कर्मचारीहरु

<u>जिम्मेवार निकाय</u>

- आयोजना व्यवस्थापन इकाई (PMU)

### ३.१.४ PMU र PPMUs का कर्मचारीहरुको कार्यक्षमता अभिबृदी तालिम (आर र पाईथन प्रोग्रामिंग तथा अन्य) (BN:262)

<u>पृष्ठभूमी/परिचय</u>

यस आयोजनाको कार्यक्रमहरु कार्यन्वयन गर्दै जाने क्रममा धेरै किसिमका तथ्यांकहरु प्राप्त हुने र ति सबै तथ्यांकहरुको उचित पद्दतिबाट संकलन, व्यवस्थापन, र विश्लेषण गरि प्रकाशन सम्मको कामहरु गर्नु पर्ने हुँदा यस आयोजनाका कर्मचारीहरुको तथ्यांक व्यवस्थापनमा कार्य क्षमता बढाउनु पर्ने साथै बन श्रोत व्यवस्थापन र भू तथा जलाधार संरक्षण कार्य संचालन तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउनपनि यस आयोजनामा कार्यरत कर्मचारीहरुको कार्य क्षमता अभिवृद्धि गर्नु पर्ने अवस्था रहेको छ ।

<u>उद्देश्य</u>

- आयोजनाको तथ्यांक व्यवस्थापनमा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न "आर र पाईथन प्रोग्रामिंग" जस्ता विषयमा तालिम संचालन गर्ने ।
- कर्मचारीहरुको माग बमोजिम अन्य क्षमता विकासका तालिमहरु संचालन गर्ने ।

<u>कार्यान्वयन कार्यविधि</u>

- लागत अनुमान तयार र स्वीकृत गराई आवश्यक श्रोत व्यक्तिहरु व्यवस्थापन गरि तालिम संचालन गरिने।

<u>अपेक्षित उपलब्धी</u>

- तालिम प्राप्त पश्चात कर्मचारीहरुको तथ्यांक व्यवस्थापन गर्नमा प्रभावकारिता बढ्ने ।

जनशक्ति व्यवस्थापन

- PMU का जनशक्ति र बिषय विज्ञका रुपमा सरकारी तथा गैर सरकारी संस्थाहरुमा कार्यरत विज्ञहरुलाई श्रोत व्यक्तिको रुपमा प्रयोग गरिने छ ।

अनुगमन योजना

- तालिमको अवधिमा राष्ट्रिय आयोजना निर्देशक तथा राष्ट्रिय आयोजना व्यवस्थापकहरुको टोलीले अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- तालिम संचालन र व्यावास्थापनको जिम्मेवारी PMU को हुने छ ।

३.१.५ PMU, PPMU लगायत अन्य कर्मचारीहरुको लागि प्राकृतिक प्रकोप/विपद व्यबस्थापन तालिम (Advance Level) (BN:173)

पृष्ठभूमी/परिचय

यस आयोजनामा आवद्ध भएका कर्माचारीहरुले आफ्नो कार्यक्षेत्रका बासिन्दाहरुलाई प्राकृतिक प्रकोप, यसबाट हुन सक्ने सम्भावित क्षति र क्षति न्युनिकरणका उपायहरुका बारेमा जानकारी उपलब्ध गराउनु पर्ने साथै सम्भावित प्रकोपको प्रभाव न्युनिकरणमा टेवा पुर्याउने उपायहरुको डिजाइन गरि निर्माण पनि गर्नु पर्ने हुँदा यस विषयमा उहाँहरुको ज्ञान र क्षमता अभिवृद्धि गर्नु जरुरि छ ।

उद्देश्य

- PMU, PPMU लगायत अन्य कर्मचारीहरुको प्राकृतिक प्रकोप/विपद व्यवस्थापन सम्वन्धि ज्ञान अभिवृद्धि गर्न तालिम संचालन गर्ने

कार्यान्वयन कार्यविधि

- लागत अनुमान तयार र स्वीकृत गराई यदि राष्ट्रिय प्राकृतिक प्रकोप/विपद व्यबस्थापन बिज्ञ नियुक्त भैसकेको खण्डमा उक्त विज्ञबाट तालिम संचालन गरिने छ । यदि नियुक्त नभैसकेको अवस्थामा आवश्यक विज्ञको सेवा खरिद गरि तालिम संचालन गरिने ।

अपेक्षित उपलब्धी

- तालिम प्राप्त पश्चात प्राकृतिक विपत सम्बन्धमा कर्मचारीहरुको ज्ञान र बुझाइ बढ्ने र सो अनुसारको व्यवस्थापनको कार्य गर्न सक्षम हुने छ ।

जनशक्ति व्यवस्थापन

PMU ले राष्ट्रिय प्राकृतिक प्रकोप/विपद व्यवस्थापन विज्ञ नियुक्त भैसकेको खण्डमा उक्त विज्ञबाट तालिम संचालन गरिने छ । यदि नियुक्त नभैसकेको अवस्थामा आवश्यक विज्ञको सेवा खरिद गरि श्रोत व्यक्तिको व्यवस्थापन गरि तालिम संचालन गरिने ।

अनुगमन योजना

- तालिमको अवधिमा राष्ट्रिय आयोजना निर्देशक तथा राष्ट्रिय आयोजना व्यवस्थापकहरुको टोलीले अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- तालिम संचालन र व्यवस्थापनको जिम्मेवारी PMU को हुने छ ।

३.१.६ LRP को लागि TOT (कोशी-२ पटक, मधेस-१ पटक, बागमती-१ पटक) (BN:203)

पृष्ठभूमी/परिचय

यस कार्यविधिको दफा ३.३.३४ अनुसार नियुक्त भएका स्थानीय श्रोत व्यक्ति (LRP) हरुलाई परिचालन गर्नु अगाडी यस आयोजनाको बारेमा विस्तृत रुपमा जानकारी गराउनु, तिनीहरुले गर्नुपर्ने काम कर्तव्यको बारेमा अवगत गराएर आफ्नो कर्तव्य पूर्ण रुपमा पालना गर्न सक्षम बनाउनका लागि यो तालिम संचालन गरिने छ ।

उद्देश्य

- नियुक्त भएका स्थानीय श्रोत व्यक्ति (LRP) हरुलाई क्षमता अभिवृद्धि गर्न यो तालिम संचालन गर्ने ।

कार्यान्वयन कार्यविधि

- नियुक्त भएका स्थानीय श्रोत व्यक्ति (LRP) हरु समावेश गरि तोकिएको संख्यामा प्रत्येक प्रदेश अन्तर्गत यो तालिम संचालन गरिने छ ।
- तालिमको लागि आवश्यक श्रोत व्यक्तिहरु PMU, PPMUs र FAO-TA का विज्ञहरुबाट व्यवस्थापन गरिने छ ।
- अन्य श्रोत व्यक्तिहरु आवश्यक परेमा प्रचलित नियम बमोजिम सेवा खरिद गरिने छ ।
- तालिम संचालनको लागि स्थान छनौट प्रचलित नियम बमोजिम गरिने छ ।
- आवश्यकता हेरी PPMUs र अन्य सरोकारवालाहरुको सहयोग लिईने छ ।

अपेक्षित उपलब्धी

- यस आ.व. मा नियुक्त हुने ५२ जना स्थानीय श्रोत व्यक्तिहरुले यो तालिम प्राप्त गर्ने ।
- तालिम प्राप्त गरे पश्चात LRPs मा यस आयोजनाको बारेमा र आफ्नो काम, कर्तव्य र जिम्मेवारीका बारेमा राम्रो ज्ञान र बुझाइ बढ्ने र सो अनुसारको कार्य सम्पादन गर्न सक्षम हुने छ ।

जनशक्ति व्यवस्थापन

- तालिम संचालनकोलागि आवश्यक जनशक्तिको व्यवस्थापन PMU, PPMUs र FAO-TA का विज्ञहरुबाट सरोकारवाला संस्थाहरुसंगको समन्वयमा गरिने छ ।

अनुगमन योजना

- तालिमको अवधिमा राष्ट्रिय आयोजना निर्देशक तथा राष्ट्रिय आयोजना व्यवस्थापकहरुको टोलीले अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

## ३.१.७ PMU र PPMUs का कर्मचारीहरुलाई SNRM सिकाई सम्बन्धि अन्तराष्ट्रिय अवलोकन भ्रमण (BN:211- 213)

पृष्ठभूमी/परिचय

प्राकृतिक श्रोतको दिगो व्यवस्थापन यो आयोजनाको एउटा महत्वपूर्ण पक्ष हो । तसर्थ यस विषयमा यो आयोजनाको जनशक्तिको ज्ञान र क्षमता अभिवृद्धि तथा गुणस्तरीय सेवा प्रदान गर्नमा उत्साह बढाउन दिगो प्राकृतिक श्रोत व्यवस्थापन (SNRM) सम्बन्धि क्रियाकलापहरु सफलता पुर्वक कार्यान्वियन गरेका देशहरुको भ्रमण गरि त्यहाँ प्रयोग भएका पद्दतिहरुका बारेमा अध्ययन तथा अन्तरक्रिया मार्फत एकअर्काको ज्ञान सीप आदानप्रदान गर्ने अवसर प्राप्त भएको खण्डमा दिगो प्राकृतिक श्रोत व्यवस्थापन (SNRM) सम्बन्धि ज्ञान र शीप बढ्ने र त्यहाँ सिकेका ज्ञानलाई आयोजनाको कार्यक्षेत्रमा संचालन गरिने क्रियाकलापहरुमा लागु गर्न सकेमा कामको गुणस्तर पनि बढाउन सकिने देखिन्छ । तसर्थ यस आयोजनाको PMU र PPMU हरुमा कार्यरत जनशक्तिहरु संलग्न गराई अन्तराष्ट्रिय अवलोकन भ्रमण कार्यक्रम संचालन गरिने छ ।

उद्देश्य

- दिगो प्राकृतिक श्रोत व्यवस्थापन (SNRM) सम्बन्धि क्रियाकलापहरु सफलता पुर्वक कार्यान्वियन गरेका देशहरुमा यस आयोजनाको PMU र PPMU हरुमा कार्यरत जनशक्तिहरु संलग्न गराई एउटा भ्रमणको आयोजना गर्ने ।
- उक्त देशहरुमा प्रयोग भएका दिगो प्राकृतिक श्रोत व्यवस्थापन (SNRM) सम्बन्धि पद्दतिहरुका बारेमा ज्ञान सीप आर्जन गर्ने ।

कार्यान्वयन कार्यविधि

- आयोजनाको लक्ष्य बमोजिम SNRM मा उल्लेखनीय कार्यहरु भैरहेका देशहरुको पहिचान गर्ने ।
- उपयुक्त लागत अनुमान तयार गरि स्वीकृत गर्ने ।

स्वीकृत लागत अनुमान सहित सहभागी हुने कर्मचारीहरुको नामावली सहित अनुमोदन तथा भ्रमण कार्यक्रम संचालनका लागि सम्बन्धित मन्त्रालयहरु (वन तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालय) को सहमति प्राप्त गर्न आवश्यक प्रक्रिया अघि बढाउने ।
- सहमति प्राप्त गरे पश्चात नियमानुसार भ्रमणको प्रकृया अगाडी बढाउने ।

अपेक्षित उपलब्धी

- आयोजनामा कार्यरत कर्मचारीहरुले अन्तराष्ट्रिय भ्रमणको अवसर पाउँदा तिनीहरुको आयोजना र काम प्रति मनोबल उच्च हुने ।
- कर्मचारीहरुले नयाँ ज्ञान र सीपसंग साक्षात्कार गर्ने मौका पाई तिनीहरुको कार्यक्षमतामा अभिवृद्धि हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञहरु

जिम्मेवार निकाय

- PMU

### ३.१.८ योजना तर्जुमा, समिक्षा, सरोकारवालासंग समन्वय गोष्ठी (BN: 168)

पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजनाका केन्द्रिय र प्रदेश स्तरका व्यवस्थापन इकाईहरुले आगामी आ.व. को लागि बार्षिक योजना तर्जुमा गर्न र यस चालु आ.व. का कार्यक्रमहरु संचालन गर्दै गर्दा नियमानुसार गर्नु पर्ने प्रगति समिक्षा गोष्ठीहरु र समय समयमा सरोकारवाला निकायहरुसँग विभिन्न विषयहरुमाथि जानकारी गराउन र आयोजानको काम र क्रियाकलापहरुमा पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि बैठक र गोष्ठीहरु संचालन गरीने छ।

उद्देश्य

- चुरे उत्थानशील आयोजनाका केन्द्रिय र प्रदेश स्तरका व्यवस्थापन इकाईहरुले आगामी आ.व. को लागि बार्षिक योजना तर्जुमा गर्ने ।
- आवश्यकताको आधारमा चालु आ.व. का कार्यक्रमहरुको प्रगति समिक्षा गर्ने ।
- सरोकारवाला निकायहरुसँग विभिन्न विषयहरुमाथि जानकारी गराउन र पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि बैठक र गोष्ठीहरु गर्ने ।

कार्यान्वयन कार्यविधि

- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

- संचालित क्रियाकलापहरुको समिक्षा समयमै भई पृष्ठपोषण प्राप्त हुने र आवश्यक सुधार गर्न सकिने
- नियमित समिक्षा हुँदा तथ्यांक व्यवस्थापन प्रभावकारी हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञहरु

जिम्मेवार निकाय

- PMU

## ३.१.९ प्रदेश मन्त्रालय लगायत सरोकारवालासंग समन्वय, सहकार्य गर्न व्यबस्थापन खर्च (BN:220-222)

पृष्ठभूमी/परिचय

यस आयोजनाका क्रियाकलापहरु संचालन हुने प्रदेशहरुमा आवश्यक समन्वय र सहकार्यको लागि वन तथा वातावरणसंग सम्बन्धित मन्त्रालयहरु, स्थानीय संघसंस्थाहरु, उपभोक्ता संजाल, संचारकर्मी लगाएत सरोकारवालाहरुसँग छलफल तथा कार्यक्रमहरुको बारेमा जानकारी गराउने उद्देश्यले समन्वय गोष्ठीहरु संचालन गरिने छ ।

उद्देश्य

- सरोकार्वालाहरुसंग नियमित समन्वय र सहकार्यलाइ प्रवर्धन गर्ने ।

कार्यान्वयन कार्यविधि

- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

- सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा सुधार भई कार्यक्रम कर्यान्वयनमा सहजता र प्रभावकारीता बढ्ने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

### ३.१.१० कम्पोनेन्ट २ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन खर्च (दै.भ्रमण तथा ईन्धन खर्च समेत) (BN: 170)

<u>पृष्ठभूमी/परिचय</u>

PPMU ले आफ्नो कार्यक्षेत्रमा स्वीकृत वार्षिक योजनाको कम्पोनेन्ट २ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको अनुगमन र मुल्यांकन गर्नका लागि PMU बाट खटिने जनशक्ति र सरोकारवालाहरुको प्रतिनिधिहरुको यातायात तथा दै.भ्र.भ. उपलब्ध गराउन यो शिर्षक अन्तर्गतको वजेट खर्च गरिने छ ।

<u>उद्देश्य</u>

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाउने ।

<u>कार्यान्वयन कार्यविधि</u>

- अनुगमन योजना तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

<u>अपेक्षित उपलब्धी</u>

- नियमित अनुगमनले कामको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

### ३.१.११ CR-SNRM बारे जनचेतनाका लागि ज्ञान बिज्ञ सेवा (BN:239)

<u>पृष्ठभूमी/परिचय</u>

यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम आयोजनाले आफ्नो कार्यक्षेत्रहरुमा Climate Resilient Sustainable Natural Resource Management (CR-SNRM) सम्बन्धि जनचेतना जगाउने खालका क्रियाकलापहरु संचालन गर्न र उपलब्ध भएका तथ्यांक र अन्य सूचनाका आधारमा अहिले संचालनमा रहेका र भविष्यमा संचालन गरिने संरक्षणका क्रियाकलापहरुको डिजाइन र कार्यान्वयनको खाका तयार गर्न एकजना ज्ञान विज्ञ नियुक्त भई कामकाजमा खटिएको छ ।

<u>उद्देश्य</u>

- Climate Resilient Sustainable Natural Resource Management (CR-SNRM) सम्बन्धि आयोजानालाई आवश्यक विज्ञ सेवा उपलब्ध गराउनु ।

<u>कार्यान्वयन कार्यविधि</u>

- निज विज्ञको स्वीकृत मासिक तालिका अनुसार कामकाजमा खट्ने र सोहि अनुसार प्राप्त सेवाको नियानुसार पारिश्रमिक भुक्तान गरिने छ ।

अपेक्षित उपलब्धी

- प्राकृतिक श्रोत व्यवस्थापन तथा जलवायु अनुकुलनसंग सम्बन्धित परम्परागत ज्ञान र अभ्यासहरुको संकलन र दस्तावेजीकरण हुने ।
- विज्ञको उपस्थिति र सहयोगले गर्दा आयोजनाले संचालन गर्ने क्रियाकलापहरु परिवर्तित जलवायु हुने गरी कार्ययोजना तयार र कार्यान्वयन गर्नमा मद्दत पुग्ने ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

## ३.१.१२ क्षमता विकास विज्ञ (परामर्श सेवा) (BN: 262)

पृष्ठभूमी/परिचय

आयोजानाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु प्राप्ति गर्न आफ्ना इकाईहरु र सम्बन्धित वन कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई के कस्ता विषयहरुमा क्षमता अभिवृद्धि गर्न जरुरि छ, सो कुराको अध्ययन गरि सुझाव दिने र आवश्यक कार्यक्रमहरु विकास गरि कार्यन्वयनमा सहयोग गर्न गत आ.व. देखि एउटा सेवा प्रदायक संस्थासंग सम्झौता गरि एक जना क्षमता विकास विज्ञ नियुक्त गरि कामकाजमा खटाईएको छ ।

उद्देश्य

- आयोजनाको कार्यक्रमहरु विकास र कार्यन्वयनमा भैरहेका कमीकमजोरीहरु पहिचान गर्नु ।
- देखिएका कमीकमजोरी न्यूनीकरणका उपाय पत्ता लगाई सो बमोजिम कार्यक्रम विकास गरि कार्यान्वयनमा लान सहयोग गर्नु ।

कार्यान्वयन कार्यविधि

- निज विज्ञको स्वीकृत मासिक तालिका अनुसार कामकाजमा खट्ने र सोहि अनुसार प्राप्त सेवाको नियानुसार पारिश्रमिक भुक्तानी गरिने छ ।

अपेक्षित उपलब्धी

- विज्ञको उपस्थिति र सहयोगले आयोजनामा विद्यमान कमीकमजोरी समयमै पहिचान भई त्यस्ता कमिहरु हटाउन आवश्यक कार्यक्रमहरु समयमै विकास गरि संचालन गर्न सकिने र आयोजनाले उपलब्ध गराउने सेवाको प्रभावकारिता बढ्ने ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

### ३.१.१३ CR-SNRM अन्तर्गत असल अभ्यास सम्बन्धि समुदायस्तरमा कार्यशाला गोष्ठी संचालन तथा संगालो तयारी (P१-४५, P२-३५, P३-२५) (BN: 224-226, 229-237)

पृष्ठभूमी/परिचय

PIM अनुसार यस आयोजानाको कार्यक्षेत्रका स्थानीय समुदायसंग प्राकृतिक श्रोत व्यवस्थापनसंग सम्बन्धित Local and Indigenous Knowledge तथा असल अभ्यासहरुका बारेमा स्थानीय व्यक्ति तथा समुदायहरुसंग अन्तरक्रिया गरि स्थानीय समुदायसंग भएका र प्रयोगमा आइरहेका ज्ञान र सीपहररुका बारेमा उपलब्ध भएका तथ्यांकहरु र सुचनाहरु सङ्कलन गरि त्यसैको आधारमा Local and Indigenous Knowledge तथा असल अभ्यासहरुको Compendium तयार गर्ने कार्यक्रम रहेको छ ।

उद्देश्य

- स्थानीय व्यक्ति तथा समुदायहरुसंग अन्तरक्रिया गरि स्थानीय समुदायसंग भएका र प्रयोगमा आइरहेका प्राकृतिक श्रोत व्यवस्थापनसंग सम्बन्धित Local and Indigenous Knowledge तथा असल अभ्यासहरुका बारेमा तथ्यांक र सुचना संकलन गरि Compendium तयार गर्नु ।

कार्यान्वयन कार्यविधि

- आयोजनाको कार्य क्षेत्रमा/नदि प्रणाली भित्र (कोशी प्रदेश-४५, मधेश प्रदेश-३५, वागमती प्रदेश-२५ गरी) जम्मा १०५ वटा Consultation workshop संचालन गरी Local and Indigenous Knowledge तथा असल अभ्यासहरुका बारेमा तथ्यांक र सुचना संकलन गरि Compendium तयार गरिने छ ।
- यस कार्यलाई सफलता पुर्वक संचालन तथा सम्पन्न गर्न आवश्यकता अनुसार सार्वजनिक खरिद ऐन र नियमावलीको परिधि भित्र रही परामर्श सेवा खरिद गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- कोशी प्रदेशमा-४५, मधेश प्रदेशमा-३५, वागमती प्रदेशमा-२५ गरी जम्मा १०५ वटा Consultation workshop संचालन भई Local and Indigenous Knowledge तथा असल अभ्यासहरुका बारेमा तथ्यांक र सुचना संकलन गरि Compendium तयार हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA मा कार्यरत कर्मचारी र छनौट भएको परामर्श सेवा संस्थाबाट खटिने टोलीका सदस्यहरु ।

अनुगमन योजना

- कार्यक्रम कार्यन्वयनको अवस्थामा राष्ट्रिय आयोजना निर्देशक तथा राष्ट्रिय आयोजना व्यवस्थापकहरु सम्मिलित अथवा खटाइएको PMU टोलीले साथै सम्बन्धित प्रदेश आयोजना व्यवस्थापन इकाईहरुले कार्यक्रममा

सहभागी हुने तथा कार्यक्रम संचालनको अवस्था र गुणस्तर जांच गर्न आवश्यकता अनुसार अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

## ३.१.१४ असल अभ्यास सम्बन्धी प्रदेशस्तरमा ३ वटा कार्यशाला गोष्ठी तथा १/१ संगालो र निर्देशिका तयारी (**LOA** गर्ने) (**BN: 227, 228**)

पृष्ठभूमी/परिचय

यस कार्यविधिको ३.१.१३ को कार्यक्रमवाट प्राप्त विवरणहरुको आधारमा तयार हुने compendium लाई प्रदेश अन्तर्गत वन तथा वातावरण सम्बन्धित मन्त्रालयहरु र अन्य सरोकारवाला निकायहरुसंग छलफल तथा समिक्षा गरि प्रमाणीकरण गराउन प्रत्येक प्रदेशमा एकएकवटा गोष्ठी संचालन गर्नु पर्ने छ । साथै ति गोष्ठीहरुबाट प्राप्त हुने सुझाव र पृष्ठपोषणलाई समेटेर compendium लाई अन्तिम रुप दिइनेछ ।

उद्देश्य

- कार्यविधिको ३.१.१३ को कार्यक्रमवाट तयार भएको compendium लाई प्रदेशस्तरीय सरोकारवाला निकायहरु विच छलफल गराई समिक्षा र प्रमाणीकरण गराउनु ।
- प्रदेशस्तरीय सरोकारवाला निकायहरुबाट compendium माथि सुझाव संकलन गर्नु ।

कार्यान्वयन कार्यविधि

- समुदायस्तरीय गोष्ठीहरु संचालन गरि Compendium तयार भैसकेपछी त्यसको अन्तिम रुप दिनको लागि कोशी प्रेदेश, मधेश प्रदेश र वागमती प्रदेशमा एकएकवटा सरोकारवालाहरु सम्मिलित प्रदेशस्तरीय गोष्ठी संचालन गरिने छ ।
- यस कार्यलाई सफलता पुर्वक संचालन तथा सम्पन्न गर्न PMU, PPMUs र FAO-TA का कर्मचारीहरु परिचालन गरिने छ ।
- समय र जनशक्तिको सिमितताले गर्दा आवश्यक परेको खण्डमा सार्वजनिक खरिद ऐन र नियमावलीको परिधि भित्र रही परामर्श सेवा खरिद गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- तयार भएको Compendium प्रदेश स्तरबाट प्रमाणीकरण हुने ।

जनशक्ति व्यवस्थापन

- यस कार्यलाई सफलता पुर्वक संचालन तथा सम्पन्न गर्न PMU, PPMUs र FAO-TA का कर्मचारीहरु परिचालन गरिने छ ।

समय र जनशक्तिको सिमितताले गर्दा आवश्यक परेको खण्डमा सार्वजनिक खरिद ऐन र नियमावलीको परिधि भित्र रही परामर्श सेवा खरिद गर्न सकिनेछ ।

अनुगमन योजना

- कार्यक्रम कार्यन्वयनको अवस्थामा राष्ट्रिय आयोजना निर्देशक तथा राष्ट्रिय आयोजना व्यवस्थापकहरु सम्मिलित अथवा खटाइएको PMU टोलीले साथै प्रदेश समन्वय समिति वा त्यसका पदाधिकारीहरुले र सम्बन्धित प्रदेश आयोजना व्यवस्थापन इकाईहरुले कार्यक्रममा सहभागी हुने तथा कार्यक्रम संचालनको अवस्था र गुणस्तर जांच गर्न आवश्यकता अनुसार अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

## ३.१.१५ प्रचार प्रसार सामाग्री उत्पादन/खरिद/वितरण (BN: 238)

पृष्ठभूमी/परिचय

आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा विभिन्न माध्यमहरु (टेलिभिजन, रेडियो, एफ.एम., पत्रपत्रिकाहरु, किताब, ब्रोस्युअर आदि) बाट स्थानीय व्यक्ति र अन्य सरोकारवालाहरुलाई जानकारी गराउन प्रचारप्रसारका सामाग्रीहरु (स्टिकर, पोष्टर, फ्लायर्स, ब्रोसियर, बुकलेट, क्यालेण्डर, टिसर्ट, क्याप, झोला, डकुमेण्टरी आदि) उत्पादन गरि प्रचारप्रसार तथा वितरण गर्न सकिन्छ ।

उद्देश्य

- आम सरोकारवालाहरु विच आयोजनाको बारेमा जानकारी अभिवृद्धि गर्न आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा प्रचारप्रसारका सामाग्रीहरु उत्पादन गरि प्रसारण तथा वितरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- सर्वप्रथम स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) बमोजिम कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आपूर्तिकर्ता, सेवाप्रदायक मार्फत वा अमानतबाट कार्य सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- प्रचारप्रसारका सामाग्रीहरु उत्पादन र वितरणले बढी भन्दा बढी संख्यामा सरोकारवालाहरुमा आयोजानाको बारेमा जानकारी पुग्ने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनमा PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

## ३.१.१६ कार्यक्रम सम्बन्धी बिभिन्न माध्यमबाट प्रचार प्रसार (BN: 249-251, 246-248)

पृष्ठभूमी/परिचय

आयोजनाको उद्देश्य अनुरुप आयोजनाबाट संचालित कार्यक्रम तथा त्यसको प्रभाव बारे जानकारी तथा प्रचारप्रसारका सामाग्रीहरु उत्पादन गरी वितरण गर्न गराउन साथै पत्रपत्रिका, रेडियो, टेलिभिजन, वा अन्य संचार माध्यम मार्फत (जिंगल, रेडियो/ टेलिभिजन/ सम्बाद/ छलफल/ अन्तरबार्ता, सामाचार, सार्वजनिक सूचना, एस.एम.एस., डकुमेण्टरी आदि) उत्पादन गरि प्रसारण गर्न सकिने छ ।

उद्देश्य

- आयोजनाको बारेमा र आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा प्रचारप्रसार गरि जानकारी गराउने ।

कार्यान्वयन कार्यविधि

- सर्वप्रथम स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) बमोजिम कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सेवाप्रदायक मार्फत कार्य सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- प्रचारप्रसारका सामाग्रीहरु उत्पादन र वितरणले बढी भन्दा बढी संख्यामा सरोकारवालाहरुमा आयोजानाको बारेमा जानकारी पुग्ने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनमा PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

आयोजना प्रमुख

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

### ३.१.१७ संरक्षण दिवस समारोह (BN: 238)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
चुरे उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

पृष्ठभूमी/परिचय

संरक्षण सम्बन्धित् कार्यहरुको प्रचारप्रसार तथा प्रवर्द्धन हेतु बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु (राष्ट्रिय चुरे दिवस/वन दिवस/वातावरण दिवस/जैविकविविधता दिवस/भू-संरक्षण दिवस आदि) मनाउन सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा वृक्षारोपण, छलफल, बहस, सम्बाद, सरसफाई, निबन्ध, हाजिरीजवाफ प्रतियोगिता आदि जस्ता कार्यक्रमहरु आयोजना गरि दिवस समारोहको कार्यक्रम संचालन गर्न सकिने छ ।

उद्देश्य

- वन, वातावरण, भू तथा जलाधारसंग सम्बन्धित दिवस समारोहहरुको अवसरमा संरक्षणसंग सम्बन्धित कार्यक्रमहरु संचालन गरि जनचेतना जगाउने ।

कार्यान्वयन कार्यविधि

- संचालन गरिने कार्यक्रमको प्रकृति हेरी लागत इष्टिमेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत लागत अनुमानको आधारमा कार्यक्रम संचालन गरि सम्पन्न गरिने छ ।

अपेक्षित उपलब्धी

- जनतामाझ वन, वातारारण, भू तथा जलाधार र जैविक विविधता संरक्षणको महत्वको बारेमा जानकारी प्रसार हुने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनमा PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

### ३.१.१८ Team Building Workshop (National) (BN: 227, 228)

पृष्ठभूमी/परिचय

आयोजनाको लक्ष्य हाशिल गर्न बिभिन्न सरोकारवालाहरूसँग मिलेर काम गर्न अपरिहार्य हुन्छ । सोही यथार्थता बमोजिम आयोजनाको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको लागि विशेषत नेपाल सरकारबाट खटाईएका, आवश्यकता बमोजिम नियुक्त गरिएका विज्ञहरु तथा FAO-TA का कर्मचारीहरु आपसमा मिलेर सहकार्य गर्दै काम गरिरहेको छन् । बहुसरोकारवाला निकायहरुको संलग्नताले उत्थानशिलता हाशिल गर्ने लक्ष्यमा सरलता ल्याउछ । तर एकै टिमको रुपमा साझा लक्ष्य प्राप्तिको लागि निकायगत विविधता, संस्थागत मुल्य, मान्यता, कार्य प्रणाली तथा



आयोजना

सम्बन्धित व्यक्तिका विध्यमान दृष्टिकोणले काममा प्रभाव पार्न सक्दछ । यस आयोजना अन्तर्गत कार्यरत कर्मचारीहरुको विचमा साझा अपनत्व बिकास गरि सहकार्यमा थप प्रभावकारिता थप्ने ध्ययका साथ् Team Building Workshop को आयोजना गरिनेछ । यस कार्यक्रममा PMU, PPMUs, FAO-TA का जनशक्तिहरुको सहभागिता रहने ।

उद्देश्य

- यस आयोजना अन्तर्गत कार्यरत कर्मचारीहरुको विचमा साझा भावना बिकास गरि सहकार्यमा प्रभावकारिता बढाउने ।

कार्यान्वयन कार्यविधि

- Team को आवश्यकता र गोष्ठीमा सहजीकरण गर्ने विषयवस्तु निर्धारण PMU/FAO-TA टोलीले गर्नेछ ।
- निर्धारित विषयवस्तुको आधारमा गोष्ठी संचालन गरिनेछ ।
- गोष्ठीको अन्त्यमा साझा कार्ययोजना तथा सामुहिक प्रतिवद्दता संकलन गरिनेछ ।

अपेक्षित उपलब्धी

- गोष्ठी पश्चात कर्मचारीहरुको विचमा यस आयोजना प्रति साझा अपनत्व बिकास भई सहकार्यमा थप प्रभावकारिता आउने र लक्ष्य प्राप्तिमा सहजता हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने
- Team Building Workshop संचालनमा सहजिकरणका लागि प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाहरुबाट सेवा खरिद गरिनेछ ।

जिम्मेवार निकाय

- आयोजना व्यवस्थापन इकाई, काठमाडौं

## ३.१.१९ कम्पोनेन्ट ३: कार्यक्रम संचालनार्थ अनुगमन मुल्यांकन खर्च (BN:235- 237 )

पृष्ठभूमी/परिचय

PPMU ले आफ्नो कार्यक्षेत्रमा स्वीकृत वार्षिक योजनाको कम्पोनेन्ट ३ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको अनुगमन र मुल्यांकन गर्नका लागि PMU बाट खटिने जनशक्ति र सरोकारवालाहरुको प्रतिनिधिहरुको यातायात तथा दै.भ्र.भ. उपलब्ध गराउन यो शिर्षक अन्तर्गतको वजेट खर्च गरिने छ ।

उद्देश्य

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाउने ।

कार्यान्वयन कार्यविधि

- अनुगमन योजना तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले कम्पोनेन्ट ३ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

## ३.१.२० खरिद बिज्ञ (BN: २९४, २९८)

पृष्ठभूमी/परिचय

आयोजानाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु प्राप्ति गर्न यस आर्थिक वर्षकालागि स्वीकृत भएका कार्यक्रमहरु विधिवत रुपमा कार्यान्वयनमा लान यस आयोजनामा हाल कार्यरत कर्मचारीहरु र तिनिहरुसंग भएको ज्ञानले मात्र पर्याप्त नहुने कतिपय अवस्थामा सेवा प्रदायक संस्था वा विज्ञहरुको सेवापनि खरिद गर्नु पर्ने अवस्था हुन्छ । जस्कालागी उचित सल्लाह सुझाव र सेवा खरिद प्रक्रियामा सहयोग चाहिने हुँदा एकजना खरिद विज्ञको सेवा खरिद गरिनेछ ।

उद्देश्य

- आयोजनाको कार्यक्रम संचालनमा आवश्यक पर्ने सेवा खरिद सम्बन्धि विषयमा खरिद विज्ञको सेवा प्राप्त गर्नु ।

कार्यान्वयन कार्यविधि

- TOR र लागत अनुमान तयार तथा स्वीकृत गरी सार्वजनिक खरिद ऐन र नियमावली अनुसार खरिद विज्ञको सेवा खरिदका लागि प्रक्रिया अगाडी बढाइने छ ।
- उपयुक्त विज्ञ छनौट गरी कामकाजमा खटाइने छ।

अपेक्षित उपलब्धी

- विज्ञको सेवा प्राप्तिले PMU, र PPMUs मा खरिद गर्नु पर्ने परामर्श सेवाका कार्यक्रमहरु छिटोछरितो प्रक्रियाबाट अगाडी बढ्ने र समयमै सेवा खरिद भै कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्यन हुने ।

जिम्मेवार निकाय

- आयोजना व्यवस्थापन इकाई, काठमाडौं (PMU)

## ३.१.२१ प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्तालाई तालिम २० व्यक्ति (BN:15-21)

पृष्ठभूमी/परिचय

यस आयोजना अन्तर्गत कार्यरत प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरू मध्येबाट २० जना सहजकर्ताहरू सहभागी गराई आयोजनाको उद्देश्य पूर्ति हुने गरि तिनीहरुको क्षमता अभिवृद्धि गर्न यो तालिम (३) तिन पटक संचालन गरिने छ ।

उद्देश्य

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरूको क्षमता अभिवृद्धि गर्नु ।

कार्यान्वयन कार्यविधि

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरूको क्षमता अभिवृद्धिको आवश्यकता पहिचान र तालिममा सहजीकरण गर्ने विषयवस्तु निर्धारण PMU/PPMUs/FAO-TA टोलीले गर्नेछ ।
- निर्धारित विषयवस्तुको आधारमा तालिम संचालन गरिनेछ ।

अपेक्षित उपलब्धी

- तालिम पश्चात प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरूलाइ यस आयोजनाको बारेमा थप जानकारी प्राप्त हुने, व्यक्तिगत क्षमतामा अभिवृद्धि भई आफ्नो कार्य संचालनमा थप प्रभावकारिता आउने र सेवा प्रवाह चुस्त हुने ।

जनशक्ति व्यवस्थापन

- तालिम संचालनको लागि आवश्यक जनशक्ति PMU/PPMU/FAO-TA तर्फबाट वा आवश्यकता अनुसार बाहिर कुनै संस्थाबाट श्रोत व्यक्ति खरिद गरी व्यवस्थापन गर्न सकिने छ ।

अनुगमन योजना

- तालिम संचालनको अवधिमा राष्ट्रिय आयोजना निर्देशक, राष्ट्रिय आयोजना व्यवस्थापक सम्मिलित टोलि वा खटाइएको टोलीले तालिमको प्रभावकारिताको अनुगमन र मुल्यांकन गर्ने व्यवस्था गरिने छ ।

जिम्मेवार निकाय

- PMU/PPMU/FAO-TA

## ३.१.२२ कम्पोनेन्ट १ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन मूल्यांकन खर्च (BN:21)

पृष्ठभूमी/परिचय

आयोजना प्रमुख

PPMU ले आफ्नो कार्यक्षेत्रमा स्वीकृत वार्षिक योजनाको कम्पोनेन्ट १ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको अनुगमन र मुल्यांकन गर्नका लागि PMU बाट खटिने जनशक्ति र सरोकारवालाहरुको प्रतिनिधिहरुको यातायात तथा दै.भ्र.भ. उपलब्ध गराउन यो शिर्षक अन्तर्गतको वजेट खर्च गरिने छ ।

उद्देश्य

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाउने ।

कार्यान्वयन कार्यविधि

- अनुगमन योजना तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले कम्पोनेन्ट १ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

## ३.१.२३ वन विज्ञ सेवा तथा परामर्श (BN: 82, 130, 104, 153)

पृष्ठभूमी/परिचय

आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम यस आयोजनाबाट संचालन गरिने वन श्रोत व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयनमा लान र सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य स्थापना गर्नमा आवश्यक सहयोग र सेवा उपलब्ध गराउन प्रदेश आयोजना व्यवस्थापन इकाईहरु, कोशी (इटहरी) र मधेश (बर्दिबास) कार्यस्थान भई प्रदेश आयोजना व्यवस्थापन इकाई, बागमती (सिन्धुली) मा समेत सेवा पुर्याउने गरि दुईजना वन विज्ञहरु नियुक्त भई कामकाजमा खटिएका छन् ।

उद्देश्य

- वन श्रोत व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरु कार्यान्वयनमा आवश्यक बिज्ञ सेवा उपलब्ध गराउनु।
- सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य स्थापना गर्न सहयोग र सहजीकरण गर्नु ।

कार्यान्वयन कार्यविधि

- यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम नियुक्त भएर कामकाजमा खटिएका वन विज्ञहरुले दिने सेवा वापतको पारिश्रमिक प्रमाणित गरेको कार्य तालिका (Time sheet) को आधारमा सेवा प्रदायक संस्थालाई प्राप्त सेवाको नियानुसार पारिश्रमिक भुक्तान गरिने छ ।

अपेक्षित उपलब्धी

- वन क्षेत्र र वन श्रोतको दिगो व्यवस्थापनमा यस आयोजनाले उपलब्ध गराउने सेवामा प्रभावकारिता बढ्ने।

<u>जिम्मेवार निकाय</u>

- PMU, PPMUs र FAO-TA

## ३.१.२४ दिगो वन व्यवस्थापन (SFM) विज्ञ (BN: 57)

<u>पृष्ठभूमी/परिचय</u>

आयोजानाको निर्दिष्ट गरेका क्रियाकलापहरु मध्ये दिगो वन व्यवस्थापन एउटा मुख्य क्रियाकलाप हो र यस कार्यलाई प्रभावकारी ढंगबाट कार्यान्वयनमा लानु जरुरी छ । यो कार्यसंग सम्बन्धित प्रदेश अन्तर्गतका डिभिजन वन कार्यालयहरु, वन उपभोक्ता समुहहरु, वन व्यवस्थापनसंग सम्बन्धित संघसंस्थाहरु आदि सबैसंग समन्वय र सहकार्यगरी वन श्रोतको उचित र दिगो व्यवस्थापन गर्न आवश्यक कार्यविधि तयार गर्न, कर्मचारीहरुको दिगो वन व्यवस्थापन कार्यमा क्षमता विकास गर्न के कस्ता तालिम र कार्यक्रम संचालन गर्नु पर्ने छ, सो पहिचान गरी कार्यक्रम विकास गर्न र कार्यान्वयनमा लान सहजीकरण गर्नका लागि गत वर्ष एउटा सेवा प्रदायक संस्थासंग सम्झौता गरि एक जना दिगो वन व्यवस्थापन विज्ञ नियुक्त गरि कामकाजमा खटाईएको छ ।

<u>उद्देश्य</u>

- वन श्रोतको उचित र दिगो व्यवस्थापन गर्न आवश्यक कार्यविधि तयार गर्नु ।
- दिगो वन व्यवस्थापनका लागि आवश्यक पर्ने क्षमता अभिबृद्धि सहितका कार्यक्रमहरु पहिचान गरि कार्यान्वयनमा लान सहजीकरण गर्नु।

<u>कार्यान्वयन कार्यविधि</u>

- यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम नियुक्त भएर कामकाजमा खटिएका दिगो वन व्यवस्थापन विज्ञले दिने सेवा वापतको पारिश्रमिक प्रमाणित गरेको कार्य तालिका (Time sheet) को आधारमा सेवा प्रदायक संस्थालाई प्राप्त सेवाको नियानुसार पारिश्रमिक भुक्तान गरिने छ ।

<u>अपेक्षित उपलब्धी</u>

- दिगो वन व्यवस्थापन कार्य संचालन गर्न एउटा कार्यविधि तयार हुने ।
- विज्ञको उपस्थिति र सहयोगले आयोजनाले दिगो वन व्यवस्थापनसंग सम्बन्धित क्षमता अभिबृद्धिका क्षेत्रहरू पहिचान गरि सो बमोजिम तत्काल र दीर्घकालमा संचालन गर्नुपर्ने कार्यक्रमहरु विकास गरि कार्यान्वयनमा लगेको हुने ।

<u>जिम्मेवार निकाय</u>

- PMU, PPMUs र FAO-TA

आयोजना प्रमुख

### ३.१.२५ Safeguard and Gender Officer (प्रदेश) (BN: 299)

पृष्ठभूमी/परिचय

यस आयोजनाले संचालन गर्ने क्रियाकलापहरु लैंगिक र सामाजिक समावेशीकरण तथा कामदारहरुको सुरक्षाको मामिलामा संवेदनशील हुनुपर्ने र यस आवश्यकतालाई पूर्ति गर्न र कार्यन्वयनमा लान सहजीकरण गर्ने उद्देश्यले यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम यस आयोजनाको प्रदेश आयोजना व्यवस्थापन इकाई कोशी र मधेशमा कार्यस्थान भई कामकाज गर्ने गरि दुईजना Gender and Safeguard Officer हरु नियुक्त भएर कामकाजमा खटिएका छन् ।

उद्देश्य

- आयोजनाले संचालन गर्ने क्रियाकलापहरु लैंगिक र सामाजिक समावेशीकरण तथा कामदारहरुको सुरक्षाको सुनिश्चिता सहित कार्यान्वयन गराउन सहजीकरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम नियुक्त भएर कामकाजमा खटिएका Gender and Safeguard Officer हरुले दिने सेवा वापतको पारिश्रमिक सम्बन्धित PPMU ले प्रमाणित गरेको कार्य तालिका (Time sheet) को आधारमा सेवा प्रदायक संस्थालाई उपलब्ध गराउने ।

अपेक्षित उपलब्धी

- कार्यान्वयनमा लगिने कार्यक्रमहरु लैंगिक र सामाजिक समावेशीकरण तथा कामदारहरुको सुरक्षाको मामिलामा संवेदनशील भएको हुने ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

### ३.१.२६ प्राविधिक अधिकृत (वन तथा जलाधार) परामर्श सेवा (BN: 3)

पृष्ठभूमी/परिचय

आयोजनाले कार्यक्षेत्रमा कार्यन्वयनमा लगिने वन तथा जलाधार व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरुलाई डिजाईन गर्ने र कार्यान्वयनमा सहजीकरण गर्ने गरी यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम यस आयोजनाको प्रदेश आयोजना व्यवस्थापन इकाई कोशी (इटहरी), मधेश (बर्दिबास) र वाग्मती (सिन्धुली) मा कार्यस्थान बनाई कामकाज गर्न प्राविधिक अधिकृत (वन तथा जलाधार) हरु नियुक्त भई कामकाजमा खटिएका छन्।

उद्देश्य

- वन तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित क्रियाकलापहरु योजना, डिजाईन र कार्यान्वयनमा सहजीकरण गर्नु ।

कार्यान्वयन कार्यविधि

- यस आयोजना र सेवा प्रदायक संस्थासंग भएको सम्झौता बमोजिम नियुक्त भएर कामकाजमा खटिएका प्राविधिक अधिकृत (वन तथा जलाधार) हरुले दिने सेवा वापतको पारिश्रमिक सम्बन्धित PPMU ले प्रमाणित गरेको कार्य तालिका (Time sheet) को आधारमा सेवा प्रदायक संस्थालाई उपलब्ध गराउने ।

अपेक्षित उपलब्धी

- वन तथा जलाधार व्यवस्थापनसंग सम्बन्धित क्रियाकलापहरुको योजना, डिजाईन र कार्यान्वयन प्रकृया सहज र प्रभावकारी हुने ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

## ३.१.२७ प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको अनुगमन खर्च (BN: 15-21)

पृष्ठभूमी/परिचय

तीनवटा प्रदेश आयोजना व्यवस्थापन इकाई अन्तर्गत संचालित प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको संचालन र ति पाठशाला मार्फत कार्यान्वयनमा लगिएका क्रियाकलापहरुको अनुगमन गरी यस कार्यक्रमलाई आयोजनाको लक्ष्य प्राप्तिमा लक्षित बनाउन नियमित अनुगमन गरी पृष्ठपोषण उपलब्ध गराइने छ ।

उद्देश्य

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको संचालन र ति पाठशाला मार्फत कार्यान्वयनमा लगिएका क्रियाकलापहरुको नियमित अनुगमन गर्नु ।

कार्यान्वयन कार्यविधि

- स्वीकृत अनुगमन योजना अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार पारि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको संचालन र उपलब्ध गराउने सेवाको गुणस्तर र प्रभावकारिता बढ्ने ।

जिम्मेवार निकाय



आयोजना प्रमुख

PMU, PPMUs र FAO-TA

## ३.२ FAO प्राबिधिक सहायता सोझै भुक्तानी

### ३.२.१ विशेषज्ञ सेवा परामर्श दाता

आयोजना दस्तावेज अनुसार तयारी चरणमा FAO प्राविधिक सहायताबाट गरिने सोझै भुक्तानी अन्तरगत योजना तयारी तथा सरोकारवालाहरुको क्षमता अभिवृद्धिका केहि क्रियाकलापहरु बढी भएता पनि कार्यान्वयन चरणमा प्राबिधिक बिज्ञ सेवा बाहेक फिल्डस्तरीय कृयाकलापहरु सिमित मात्र छन् । यस आर्थिक वर्षमा FAO प्राविधिक सहायताबाट गरिने सोझै भुक्तानी अन्तर्गत नदि प्रणाली स्तरीय CBO नेटवर्कहरु तथा स्थानीय पालिकाहरुलाइ क्षमता अभिवृद्धि गर्ने तालिम र अभिमुखीकरण गोष्ठी तथा समग्र कार्यक्रम संचालनमा बिषयगत बिज्ञ सेवा सम्बन्धि खर्चहरु गरिनेछ । यस प्रकार FAO प्राविधिक सहायता सोझै भुक्तानी अन्तरगतका कृयाकलापहरु संचालन गर्दा आयोजनाको दस्तावेजहरु बमोजिम FAO को नीतिनियम, विधि प्रकृयाहरु अवलम्बन गर्दै कार्यान्वयनमा ल्याइनेछन् । यी कृयाकलापहरु कार्यान्वयन गर्ने जिम्मेवारी FAO प्राविधिक सहायता टोलीको हुनेछ । यस सम्वन्धि खर्चको लेखापरीक्षण गराउने दायित्व समेत संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठनको हुनेछ ।

## ३.३ प्रदेश आयोजना व्यवस्थापन ईकाई अन्तर्गतका कार्यक्रमहरु

### ३.३.१ ANR कार्यान्वयनमा सहयोगको लागि TOT/ Low-Cost Soil Conservation Technique Training (२० व्यक्ति) संचालन (BN: 121,122,123)

पृष्ठभूमी/परिचय:

आयोजना क्षेत्रमा रहेका क्षतिग्रस्त बन क्षेत्रहरुलाई पुनरुत्थान गर्ने बिबिध तरिकाहरुमध्ये प्राकृतिक पुनरुत्पादन सहयोग (Assisted Natural Regeneration- ANR) एक प्रमुख कार्य हो । समुदायमा आधारित बन उपभोक्ता समुहहरु मार्फत गरिने यस्ता क्रियाकलापहरुको सहजीकरण सम्बन्धित बन कार्यालयका बन प्राबिधिकहरु तथा आयोजनामा कार्यरत बन बिज्ञ र बन तथा जलाधार अधिकृतहरुले गर्ने हुँदा आयोजना दस्ताबेज तथा आयोजना कार्यान्वयन मार्गदर्शन (PIM) अनुसार वहाहरुको क्षमता अभिवृद्धि गर्न ANR प्रशिक्षक प्रशिक्षण क्रियाकलाप प्रस्ताब गरिएको छ भने Forest Landscape Restoration का क्रियाकलापहरु कार्यन्वयनमा संलग्न अगुवा कृषक/पाठशाला सहजकर्ता/LRP/समुदाय/कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न कम खर्चिलो भू-संरक्षण प्रविधि सम्बन्धि सैद्धान्तिक तथा प्रयोगात्मक प्रशिक्षक प्रशिक्षण प्रस्ताब गरिएको छ ।

उद्देश्य

- ANR तथा Forest Landscape Restoration का क्रियाकलापहरु कार्यन्वयनमा संलग्न सम्बन्धित बन कार्यालयका बन प्राबिधिकहरु तथा आयोजनामा कार्यरत बन बिज्ञ र बन तथा जलाधार अधिकृतहरु/ अगुवा कृषक/पाठशाला सहजकर्ता/LRP/समुदाय को क्षमता अभिवृद्धि गर्नु ।

कार्यान्वयन कार्यविधि

- ANR TOT संचालनका लागि FAO-TA बाट तयार गरिएको तालिम पुस्तिका तथा बिषयबस्तुहरु समेटी ANR कार्यान्वयनमा सहयोगको लागि प्रत्यक्ष रुपमा खटिने प्रदेश स्तरीय प्राविधिक वन कर्मचारीहरु लगायत सो काममा खटिने अन्य कर्मचारीहरुको नाम पठाइदिनका लागि PPMU ले सम्बन्धित कार्यलयहरुलाई अनुरोध गर्ने छ । प्रत्येक Event मा कम्तिमा २० जना सहभागी गराई ५ दिने TOT (प्रशिक्षक प्रशिक्षण) संचालन गरिनेछ । यसको सहजीकरण तथा श्रोत व्यक्ति ब्यबस्थापन FAO-TA बाट उपलब्ध हुनेछ ।
- यसै गरि Low-Cost Soil Conservation Technique Training का लागि Forest Landscape Restoration का क्रियाकलापहरु कार्यन्वयनमा संलग्न अगुवा कृषक/पाठशाला सहजकर्ता/LRP/समुदाय/कार्यरत कर्मचारीहरु छनोट गरि नाम पठाइदिनका लागि PPMU ले सम्बन्धित कार्यलयहरुलाई अनुरोध गर्नेछ । यसमा पनि कम्तिमा २० जना सहभागी गराइ कम खर्चिलो भू-संरक्षण प्रविधि सम्बन्धि ५ दिने सैद्धान्तिक तथा प्रयोगात्मक तालिम, भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा अनुभवी बिज्ञ/ कर्मचारीहरु (PPMU मा कार्यरत भए सो समेत) लाई श्रोत व्यक्तिको रुपमा परिचालन गरी संचालन गरिनेछ ।

अपेक्षित उपलब्धी

तिनवटा यस्ता प्रशिक्षक प्रशिक्षण Event हरु बाट कम्तिमा ६० जना Forest Landscape Restoration तथा ANR का क्रियाकलापहरु कार्यन्वयनमा संलग्न प्रदेश स्तरीय प्राविधिक वन कर्मचारीहरु लगायत सो काममा खटिने अन्य अगुवा कृषक/पाठशाला सहजकर्ता/LRP/समुदाय प्रत्यक्ष लाभान्वित हुनेछन् ।

जनशक्ति व्यवस्थापन

- यी क्रियाकलापहरु कार्यान्वयन का लागि FAO-TA तथा PPMU का बिज्ञहरु संलग्न हुनेछन र आबश्यकता अनुसार बिज्ञ श्रोत व्यक्ति हरु ब्यबस्थापन गरिनेछ ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- यी क्रियाकलापहरु कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

### ३.३.२ ANR कार्यान्वयनमा सहयोगको लागि समुदायस्तरमा अन्तरक्रिया/समन्वय/ तालिम संचालन गर्न दै. भ्र., प्रशिक्षण शुल्क तथा इन्धन खर्च (BN: 124,125,126)

पृष्ठभूमी/परिचय

समुदायमा आधारित बन उपभोक्ता समुहहरु मार्फत गरिने ANR क्रियाकलापहरुको कार्यान्वयनका लागि सम्बन्धित बन उपभोक्ता समूहहरुलाई ANR को अबधारणा, महत्व तथा आबश्यकता र उनीहरुको बन क्षेत्रमा यसको सम्भावना बारेमा जानकारी दिन समुदायस्तरमा अन्तरक्रिया गर्ने क्रियाकलाप राखिएको छ । यो कार्य सन्चालन गर्न आबश्यक दैनिक भ्रमण भत्ता, प्रशिक्षण शुल्क तथा इन्धन खर्च लगायत को खर्च यो शिर्षक अन्तर्गत गरिनेछ ।

उद्देश्य

- सम्वन्धित बन उपभोक्ता समूहहरुलाई ANR को अबधारणा, महत्व तथा आबश्यकता र उनीहरुको बन क्षेत्रमा यसको सम्भावना बारेमा जानकारी गराई ANR कार्यान्वन गर्ने .
- ANR अन्तर्गत थुप्रै क्रियाकलापहरु पर्ने हुँदा वन भित्र के कस्ता क्रियाकलापहरु, कसरी र कहाँ गर्न सकिन्छ र के कस्ता कुरामा ध्यान पुर्याउन जरुरि छ भन्ने विषयवस्तुहरुको जानकारी आदानप्रदान गरी ANR कार्यान्वयनमा प्रभावकारिता बढाउने यस तालिमको मूल उद्देश्य हो ।

कार्यान्वयन कार्यविधि

- यो क्रियाकलाप कार्यान्वयनका लागि सम्बन्धित PPMU ले आफ्ना बिज्ञ तथा प्राबिधिकहरु परिचालन गरि कार्यान्वन गर्ने समुदाय तथा सब डिभिजन बन कार्यालयहरु पहिचान गर्नेछ र प्राबिधिकहरुलाइ कार्यादेश दिएर डिभिजन बन कार्यालयहरुको समन्वयमा FLR/ANR TOT प्राप्त बन अधिकृतहरुको सहजिकरनमा समुदाय स्तरीय आबश्यकता अनुरुप १ वा २ दिने अन्तरक्रिया कार्यक्रम संचालन गर्नेछ । यस्तो अन्तरक्रियामा सहजकर्ता हरुले सहभागीलाइ सम्बन्धित बनको क्षेत्र अबलोकन अनिबार्य गराउनु पर्नेछ । यस्तो अन्तरक्रिया/समन्वय गोष्ठी/तालिममा प्रशिक्षक, संयोजक, सहभागीहरु लगायत अन्य सहयोगीले नियमानुसार पाउने दै. भ्र./तालिम भत्ता, logisitic support (हल भाडा, खाजा, स्टेशनरी लगायत अन्य खर्च) र श्रोतव्यक्तिको दै.भ्र. खर्च तथा गाडी भाडा, इन्धन लगायतका खर्च यस शीर्षकबाट गरिनेछ।

अपेक्षित उपलब्धी

ANR कार्यन्वयन गर्ने बन उपभोक्ता समूहहरु आफ्नो बनको अबस्था पहिचान गर्न, बनमा पुनरुत्पादन राम्रो नआउनु का कारणहरु बारे अन्तरक्रिया गरि सो को समाधानका लागि ANR का उपाय पत्ता लगाउन सक्ष्यम हुनेछन .

जनशक्ति व्यवस्थापन

प्रशिक्षक प्रशिक्षण क्रियाकलाप मा संलग्न बन कर्मचारीहरु तथा सम्बन्धित PPMU का बिज्ञ तथा कर्मचारीहरुले यस्ता event हरु सहजीकरण गर्नेछन .

अनुगमन योजना

माथि सेक्सन २.३ मा लेखिए बमोजिम उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

यी क्रियाकलापहरु कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

### ३.३.३ ANR कार्यक्रम संचालन/ कार्यान्वयन (BN:109-114)

पृष्ठभूमी/परिचय

आयोजना क्षेत्रमा रहेका क्षतिग्रस्त बन क्षेत्रहरुलाई पुनरुत्थान गर्ने बिबिध तरिकाहरुमध्ये प्राकृतिक पुनरुत्पादन सहयोग (Assisted Natural Regeneration- ANR) एक प्रमुख कार्य हो । आयोजनाले आफ्नो कार्य क्षेत्रका समुदायमा आधारित बन उपभोक्ता समुहहरु मार्फत आयोजना अबधि भरमा १५९९० हे. मा यो कार्य गर्ने लक्ष्य लिएको छ ।

उद्देश्य

ANR कार्यक्रमको मुख्य उद्देश्य बनको प्राकृतिक पुनरुत्पादनमा टेवा पुर्याउदै एकीकृत कार्यक्रमहरु मार्फत समग्र वन क्षेत्रको पुनरुत्पादन/पुनर्स्थापनामा सहयोग पुर्याउनु हो ।

कार्यान्वयन कार्यविधि

यो क्रियाकलाप कार्यान्वयनका लागि सम्बन्धित PPMU ले आफ्ना बिज्ञ तथा प्राबिधिकहरु परिचालन गरि CERP ले पहिचान गरेका बन क्षेत्र, कार्यान्वन गर्ने बन उपभोक्ता समूह/समुदाय तथा सब डिभिजन बन कार्यालयहरु पहिचान गरि सो को सुची PPMU मा बुझाउनेछ । सोहि बमोजिम प्राथमिकता निर्धारण गरि PPMU ले प्राबिधिकहरुलाइ कायदिश दिएर डिभिजन बन कार्यालयहरुको समन्वयमा FLR/ANR TOT प्राप्त बन अधिकृतहरुको सहजिकरनमा अन्तरक्रिया संचालन गर्नेछ । उक्त अन्तरक्रियाको निर्णय तथा बन क्षेत्रको अबस्था बमोजिम सम्बन्धित प्राविधिकले निम्न बमोजिमका एकीकृत कार्यक्रमहरु प्याकेजमै संचालन गर्ने गरि बिस्तृत सर्वेक्षण, डिजाइन, तथा ल इ गरि समग्र वन क्षेत्रको पुनरुत्पादन/पुनर्स्थापनामा सहयोग पुर्याउनेछः

- झाडी सरसफाई गर्ने
- क्षतिग्रस्त बन क्षेत्रमा वन प्रजातिहरु बिउ छरि वनको पुनर्स्थापना गर्ने
- बन क्षेत्रको वरिपरी आबश्यकता अनुसार तारवार गर्ने
- वन हेरालुको व्यबस्था गर्ने
- पुनरुत्पादन नआउनुको कारण माटोमा चिस्यानको कमि प्रमुख कारण भएमा मात्र त्येस्ता क्षेत्रहरुमा स-साना सतही पानी/भुमिगत जल पुनभरणमा योगदान पुर्याउने खालका संरचनाहरु (ट्रेन्च, पिट होल, कुवा, आहाल आदि) निर्माण तथा संरक्षणका काम गर्ने
- खाली ठाउँहरुमा enrichment plantation वृक्षारोपण गर्ने
- भू-संरक्षणका बिभिन्न उपायहरु तथा स-साना संरचनाहरुको निर्माण गरि वनको पुनर्स्थापना गर्ने
- अग्नि नियन्त्रणका लागि आवश्यक कार्यहरु गर्ने
- लगायतका अन्य यस्तै बन क्षेत्रका पुनर्स्थापना र वनको हैसियत अभिबृधि गर्ने कार्यहरु

माथि उल्लेखित कार्यहरु संचालन गर्दा एउटा मात्र क्रियाकलाप संचालन नगरी दुइ वा दुई भन्दा बढी क्रियाकलापहरु एकिकृत गरि गर्नु पर्नेछ। साथै ANR कार्य संचालन गर्न गराउन लाग्ने सबै किसिमका ज्यामी/मिस्त्री, निर्माण सामग्री लगायतका खर्च गर्न सकिनेछ। तर ज्यामी/मिस्त्रीले गर्ने कार्यको सट्टा ट्रयाक्टर, एक्जाभेटर आदि जस्ता मेशिनको प्रयोग गर्नु पर्ने भएमा सो को भाडा/खर्च समेत लागत इष्टिमेटमा उल्लेख भए बमोजिम यस शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- आयोजना क्षेत्रमा रहेका क्षतिग्रस्त बन क्षेत्रहरुमा प्राकृतिक पुनरुत्पादन हुन नसक्नुका कारणहरु पहिचान भै सो क्षेत्रको पुनरुत्थान भएको हुनेछ र आयोजना कार्य क्षेत्रका समुदायमा आधारित बन उपभोक्ता समुहहरु बन व्यबस्थापनमा सक्रिय हुनेछन ।

जनशक्ति व्यवस्थापन

- प्रशिक्षक प्रशिक्षण क्रियाकलाप मा संलग्न बन कर्मचारीहरु तथा सम्बन्धित PPMU का बिज्ञ तथा कर्मचारीहरुले यस्ता event हरु सहजीकरण गर्नेछन ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- यी क्रियाकलापहरु कार्यान्वयन गर्ने मुख्य निकाय समुदयामा आधारित बन उपभोक्ता समूह हरु नै हुन । यसको सहजीकरण, आर्थिक परिचालन र अनुगमन गर्ने निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

## ३.३.५ संरक्षण पोखरी/छेकबाँध निर्माण (BN: ४१-४३)

पृष्ठभूमी/परिचय

चुरे क्षेत्रको कमलो भू बनोट र भौगोलिक सम्बेदनशिलतालाइ जलवायु परिबर्तनबाट सिर्जित प्रकोपहरुले थप जोखिमयुक्त बनाएको छ । तल्लो तटीय क्षेत्रमा बढ्दै गएको सतहमुनि को पानीको अभाब तथा कृषि योग्य भुमिको कटान र गेग्रिनहरू थुप्रिने क्रमलाई कमि गर्न आयोजनाले जल संरक्षण पोखरीहरु निर्माण तथा चुरेको माथिल्लो क्षेत्रमा रहेका गल्छी तथा खहरेहरु नियन्त्रण गरि मुख्य नदि प्रणाली मा आउने माटो ढुंगा र गेग्रानहरुमा कमि ल्याउन छेकबांध निर्माण गर्ने कार्यक्रम राखेको छ ।

उद्देश्य

- चुरेको भिरालो क्षेत्र बाट बग्ने बर्षात को पानिको बहाब लाइ कमि गर्दै भू क्षय मा कमि ल्याउनु तथा उक्त भू क्षेत्रमा बढ्दै गएको सुक्खापनलाइ सम्बोधन गर्दै बन तथा कृषिमा आधारित जीविकोपार्जन लाइ सरल बनाउनु ।

कार्यान्वयन कार्यविधि

- PIM अनुसार CERP ले निर्देशित गरेका स्थानहरुमा आयोजनाद्वारा नियुक्त PPMU का सिभिल ईन्जिनियर/सव-इन्जिनियर/जलाधार अधिकृतहरुले विभिन्न सरोकारवालाहरुसँगको समन्वयमा स्थलगत प्राविधिक, आर्थिक साथै Gendar & Safegaurd Officer-GASO ले वातावरणीय तथा सामाजिक रिपोर्ट तयार गर्नुपर्नेछ ।
- उक्त रिपोर्ट अनुसार PPMU बाट निश्चित मापदण्डको आधारमा चेकड्याम तथा संरक्षण पोखरी निर्माण कार्य गर्ने स्थान छनोट हुनेछ।
- गल्छीहरुमा पोखरी निर्माण कार्य गर्दा पानीको बहाब तथा गेग्रान को रोकथामका लागि चेकड्याम तथा संरक्षण पोखरी निर्माणलाइ अनिबार्य रुपमा एकीकृत गरिने गरि आयोजनामा कार्यरत सिभिल ईन्जिनियर/सव-इन्जिनियर/जलाधार अधिकृत/योजना अनुगमन अधिकृतबाट प्राप्त स्थलगत रिपोर्ट (नक्शांकन, डिजायन, सामाजिक जोखिम आंकलन सहित) अनुसार Technical Support Officer/ Planning Monitoring Officer हरुको परामर्शमा निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन र टेक्निकल स्ट्याण्डर्ड गाइडलाईन तयार गरिनेछ ।
- यसैको आधारमा परिच्छेद २ (कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्ग दर्शन) अनुसार निर्माण कार्य सम्पन्न गरिनेछ।
- यसरी कार्यक्रम संचालन गर्दा संरचना सुहाउदो Turfing लगायत अन्य बिभिन्न किसिमका बायोईन्जिनयरिंग प्रबिधि समेतलाई अनिवार्य प्रयोग गरी सम्पन्न गर्नु पर्नेछ ।
- संरक्षण पोखरी निर्माण गर्दा सिमेन्ट तथा Masonary को प्रयोगलाई यथासम्भव निरुत्साहित गरिने छ।

अपेक्षित उपलब्धी

- संरक्षण पोखरी/छेकबाँध निर्माण कार्यबाट चुरेको माथिल्लो भेग बाट हुने भू क्षय तथा बाढीमा कमि हुने तथा भू सतहमुनि जल संरक्षणका कारण सुक्खापन मा कमि आउने ।

जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त PPMU का सिभिल ईन्जिनियर/सव-इन्जिनियर/जलाधार अधिकृतहरु तथा स्थानीय उपभोक्ता समूहहरुको परिचालन गरिने छ ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- यी क्रियाकलापहरुको सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहजिकरणका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

## ३.३.६ गल्छी नियन्त्रण तथा /नदि किनारा स्थिरिकरण (BN:४४-४६)

पृष्ठभूमी/परिचय

चुरे क्षेत्रको कमलो भू बनोट र भौगोलिक सम्बेदनशिलतालाइ जलवायु परिबर्तनबाट सिर्जित प्रकोपहरुले थप जोखिमयुक्त बनाएको छ । अति वर्षा तथा सुक्खापन अनि आगलागी जस्ता समस्याहरुले चुरे क्षेत्रमा गल्छी तथा खहरेहरुले सो छेत्रको बसोबास, भौतिक संरचना तथा कृषि भुमि र तल्लो तटीय क्षेत्रमा समेत कृषि योग्य भुमिको कटान र गेग्रिनहरू (sedimentation) थुप्रिने क्रम बढ्दो छ । यस समस्यालाई कमि गर्न आयोजनाले चुरेको माथिल्लो क्षेत्रमा रहेका गल्छी तथा खहरेहरु नियन्त्रण गर्ने तथा नदि हरु बाट हुने कटानलाइ सम्बोधन गर्न गल्छी नियन्त्रण तथा /नदि किनारा स्थिरिकरण गर्ने कार्यक्रम राखेको छ ।

उद्देश्य

- समुदायको बसोबास क्षेत्र, भौतिक संरचना तथा कृषि भूमिमा गल्छी तथा खाहरेहरुबाट हुने क्षतिमा कमि ल्याउने र तल्लो तटीय क्षेत्रमा कृषि योग्य भूमिको कटान र गेग्रिन्हारू थुप्रिने क्रमलाई कमि गर्नु ।

कार्यान्वयन कार्यविधि

- यस शिर्षक अन्तर्गत आयोजनाले गरेको परिकल्पना अनुसार नदि प्रणालीको तल्लो तटीय क्षेत्रमा sedimentation घटाउनु पर्ने हुँदा चुरेको माथिल्लो तटीय क्षेत्रमा रहेका गल्छी तथा क्षतिग्रस्त खोल्साखोल्सीको उपचारमा विशेष प्राथमिकता दिई कम खर्चिलो भू-संरक्षणका क्रियाकलापहरुलाई एकीकृत गरि यस शिर्षकमा विनियोजित बजेटलाई खर्च गर्नु पर्ने छ ।
- निर्माण कार्य गर्दा आयोजनाद्वारा नियुक्त PPMU का सिभिल ईन्जिनियर/सव-इन्जिनियर/जलाधार अधिकृतहरुले विभिन्न सरोकारवालाहरुसँगको समन्वयमा स्थलगत प्राविधिक, आर्थिक साथै Gender & Safegaurd Officer-GASO/वा उपलब्ध प्राबिधिक कर्मचारी (GASO उपलब्ध नभएको अबस्थामा) ले वातावरणीय तथा सामाजिक रिपोर्ट तयार गर्नुपर्नेछ।
- उक्त रिपोर्ट अनुसार PPMU बाट निश्चित मापदण्डको आधारमा निर्माण कार्य गर्ने स्थान छनोट हुनेछ।आयोजना मा कार्यरत सिभिल ईन्जिनियर/सव-इन्जिनियर/जलाधार अधिकृत/योजना अनुगमन अधिकृतबाट प्राप्त स्थलगत रिपोर्ट (नक्शांकन, डिजायन, सामाजिक जोखिम आंकलन सहित) अनुसार Technical Support Officer/Planning Monitoring Officer हरुको परामर्शमा निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन र टेक्निकल स्टयाण्डर्ड गाइडलाईन तयार गरिने छ ।
- यसैको आधारमा परिच्छेद २ (कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्ग दर्शन) अनुसार निर्माण कार्य सम्पन्न गरिनेछ। यसरी कार्यक्रम संचालन गर्दा संरचना सुहाउदो Turfing लगायत अन्य बिभिन्न किसिमका वायोईन्जिनयरिंग प्रबिधि समेतलाई अनिवार्य प्रयोग गरी सम्पन्न गरिने छ ।

अपेक्षित उपलब्धी

- गल्छी नियन्त्रण तथा /नदि किनारा स्थिरिकरण कार्यबाट चुरेको माथिल्लो भेगबाट हुने भू क्षय तथा बाढीमा कमि हुन गइ कृषि योग्य भुमीको कटानमा कमि आउने र यस क्षेत्रमा बसोबास गर्ने समुदायको उत्थान्शिलता बढेको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त PPMU का सिभिल ईन्जिनियर/सब-इन्जिनियर/जलाधार अधिकृतहरु तथा स्थानीय उपभोक्ता समूहहरुको परिचालन गरिने छ ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूची: ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- यी क्रियाकलापहरुको सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

### ३.३.७ निजि बन प्रवर्धन कार्यक्रम (बिरुवा खरिद, ढुवानी तथा अन्य सहयोग) (BN: 127-129)

पृष्ठभूमी/परिचय

चुरेको बन क्षेत्रमा परिरहेको काठ दाउराको चापलाइ कम गर्ने र बन कम भएका बिशेष गरि नदि प्रणालीको तल्लो तटीय क्षेत्रका समुदायहरुलाई काठ दाउराको आपूर्ति सगै आय आर्जनमा समेत टेवा पुर्याउदै चुरेको क्षेत्र र यसमा बसोबास गर्ने समुदायहरूलाई जलबायु उत्थान्शील बनाउने आयोजनाको लक्ष्य बमोजिम निजि बन प्रवर्धन कार्यक्रम राखिएको छ । आयोजना अबधिभर १६५०० हेक्टरमा निजि बन प्रबर्धन गरि कार्बन उत्सर्जनलाइ कमि गर्न समेत यो कार्यक्रम ले योगदान दिनेछ ।

उद्देश्य

- चुरे क्षेत्रमा रहेका बनमा परिरहेको काठ दाउराको चापलाइ कम गर्नका लागी स्थानीय कृषकहरुको काठ दाउराको आपूर्ति सुनिश्चितता गरि आय आर्जनमा समेत सघाउ पुरयाउने । \

कार्यान्वयन कार्यविधि

- PIM मा उल्लेखित प्रकृया तथा स्थानीय जनता/कृषक/समूहको मांग बमोजिम आवश्यक वनजन्य तथा फलफुल बिरुवाहरु (स्थानीय कृषकहरुको काठ दाउराको आपूर्ति सुनिश्चितता गरि आय आर्जनमा समेत सघाउ पुग्ने गरी वन क्षेत्रमा चाप घटाउने सक्ने प्रजातिहरु) को सूची एवं संख्या निर्धारण गरी नर्सरीमा उत्पादन गरिएको बिरुवाको हकमा नजिकको नर्सरीबाट साथै बजारबाट खरिद गर्नु पर्ने प्रजातिको हकमा नजिकको निजि/सामुदायिक/सरकारी नर्सरीबाट बहुबर्षीय गुणस्तरिय विरुवाहरु खरिद गरी बृक्षारोपण गरी हुर्काउने ब्यक्ति, समूह, कृषक, तथा संघ संस्थाहरुलाई निशुल्क वितरण गरिनेछ।
- बृक्षारोपणको परिमाण मापन गर्दा लगाएको विरुवाहरुको क्षेत्रफल (हे.) वा रुखसंख्या र विरुवा बीचको दुरीलाई आधार मानी क्षेत्रफलमा परिणत गर्न समेत सकिनेछ। निजि वन प्रबर्धन गर्ने क्रममा पहिचान गरिएका निजि वन समुह/संजाललाई बिशेष प्राथमिकता दिईने छ ।

अपेक्षित उपलब्धी

- स्थानीय कृषकहरुको काठ दाउराको आपूर्ति सुनिश्चितता गरि आय आर्जनमा सहयोग पुगेको तथा चुरे क्षेत्रमा रहेका बनमा परिरहेको काठ दाउराको चापमा कमि हुन गइ रुख बिरुवा प्रबर्धन तथा बन संरक्षण मार्फत कार्बन उत्सर्जन न्यूनीकरणमा समेत टेवा पुगेको हुनेछ ।

जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त PPMU का बन तथा जलाधार अधिकृतहरु, बन बिज्ञहरु, तथा FAO-TA क बन बिज्ञहरु, सामुदायिक बन तथा निजि बन संजालहरु र स्थानीय उपभोक्ता समूहहरुको परिचालन गरिनेछ ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम स्थानीय सरकार तथा वडा कार्यालयहरु उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- यी क्रियाकलापहरुको सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहजीकरणका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

### ३.३.८ नर्सरी स्थापना/मर्मत/स्तरोन्नति (५० हजार विरुवा उत्पादन क्षमता (66, 67, 73, 74, 75, 79, 81))

पृष्ठभूमी/परिचय

आयोजना कार्य क्षेत्रमा स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक बन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने लक्ष्य बमोजिम

आयोजना का २६ वटा नदि प्रणालीमा नर्सरी स्थापना गर्ने कार्यक्रम राखिएको छ । यस कार्यका लागि डिभिजन वन कार्यालय र स्थानीय वन उपभोक्ता समूहहरुको सहकार्य र समन्वयमा नर्सरी स्थापना गर्ने तथा स्थापित नर्सरीहरुको स्तरोन्नति र मर्मत गर्दै यस वर्ष ५० हजार बिरुवा सम्म उत्पादन गर्न सक्ने नर्सरी तयार गर्ने कार्यक्रम रहेको छ ।

उद्देश्य

- स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गर्नका लागि बढीमा ५० हजार बिरुवा उतपादन क्षमताका नर्सरी स्थापना गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक बन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने ।

कार्यान्वयन कार्यविधि

- प्रत्येक नदी प्रणालीमा आबश्यकता अनुसार ५"*८" साइजको पोलिव्यागमा उत्पादन हुने क्षेत्रलाई आधारमानेर न्युनतम २५,००० वा सो भन्दा माथि क्षमताका नर्सरीहरु स्थापना गरिनेछ ।
- नर्सरी स्थापना गरिने क्षेत्रको पहिचान र सिफारिस सम्बन्धित डिभिजन वन कार्यालय, सव-डिभिजन वन कार्यालय, स्थानीय वडा कार्यालय र सामुदायिक संस्थाहरुको समन्वयमा Technical Support Officer (Forestry)/ वन बिज्ञले गर्नेछ ।
- क्षेत्र पहिचान भै सिफारिस भएका नर्सरीहरुको अन्तिम स्वीकृति PPMU/DFO ले PIM मा उल्लेखित मापदण्डको आधारमा गर्नेछ।
- यसरी स्विकृति प्राप्त नर्सरीहरुको डिजाईन लेआउट, स्थापना प्रकृया, सञ्चालनमा संलग्न हुने संस्थासँगको सम्झौता र आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरुको विस्तृत लगत इष्टिमेट (ल.ई.) समेतको प्रतिवेदन आयोजना/डिभिजन वन कार्यालयको सम्बन्धित बिषय हेर्ने कर्मचारी/ बिज्ञले तयार गर्नेछ।
- स्वीकृत लगत इष्टिमेट (ल.ई.) र प्रतिवेदनको आधारमा नर्सरीका लागि आवश्यक सामाग्रीहरु खरिद समेतका लागि माथि उल्लेखित शीर्षकको रकम नियमानुसार प्रयोग गरिनेछ।
- यस्ता नर्सरीहरु आयोजना अवधी समाप्ति पश्चात समेत निरन्तर रुपमा सम्बन्धित संस्थाबाट सञ्चालन हुने छन।
- पुनश्चः ५"*८" साइजको पोलिव्यागको २५ हजार बिरुवा उत्पादनको लागि अधिकतम रु. ५ लाख खर्च मानी सोहीअनुसार उत्पादन क्षमताको आधारमा खर्च लेख्ने गरी स्थापना गर्न सकिनेछ ।
- नर्सरी स्थापना तथा संचालन गर्दा नर्सरी रजिष्टर व्यवस्थापन गर्नु पर्ने छ ।

अपेक्षित उपलब्धी

- आयोजनाका २६ वटा नदि प्रणालीमा बढीमा ५० हजार बहु बर्षीय बन बिरुवा उत्पादन क्षमताका नर्सरी स्थापना भएका हुनेछन ।

जनशक्ति व्यवस्थापन

आयोजना प्रमुख

- आयोजनाद्वारा नियुक्त PPMU का बन तथा जलाधार अधिकृतहरु, बन बिज्ञहरु, सम्बन्धित डिभिजन तथा सब डिभिजन वन कार्यालयका बन अधिकृतहरु तथा FAO-TA बन बिज्ञहरु, सामुदायिक बन र स्थानीय उपभोक्ता समूहहरुको परिचालन गरिनेछ ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) को सहजिकरणमा सम्बन्धित डिभिजन वन कार्यालयले संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी PPMU ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- यस क्रियाकलापको हकमा सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय डिभिजन वन कार्यालय र प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

### ३.३.९ कृषि वन साना नर्सरी स्थापना संचालन सहयोग ((नर्सरी स्थापना/बिरुवा उत्पादन/खरिद वितरण) BN:23)

पृष्ठभूमी/परिचय

आयोजनाको उद्देश्य अनुसार दिगो प्रकृतिक स्रोत व्यवस्थापन गर्न कृषक स्तरमा १२० वटा साना कृषिवन नर्सरी स्थापना गर्ने र उत्पादित डालेघाँसका बिरुवाहरु कृषकको खेतबारी परिसरमा नै खेति गर्न लगाई डालेघाँस उत्पादन गरी पशु आहारमा आत्मनिर्भर वन्दै वन क्षेत्रमा पर्ने दबाव कम गर्न यस वर्ष ९२ वटा कृषि वन साना नर्सरी स्थापना गर्ने लक्ष्य रहेको छ ।

उद्देश्य

- कृषि वन साना नर्सरी मार्फत प्रत्येक नदी प्रणाली अन्तर्गत स्थानीय कृषकहरुको माग अनुसार कृषक स्तरमा लोकप्रीय बिभिन्न डालेघाँसका बिरुवा उत्पादन गरी डालेघाँसका बिरुवा निशुल्क बितरण गर्ने र कृषकहरुलाई आबश्यक पर्ने डालेघाँस कृषकले आफ्नै जमीनमा उत्पादन गरी चुरेमा पर्ने दबाबलाई न्यूनिकरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- साना कृषि वन नर्सरी स्थापना तथा संचालनका लागि आबश्यक पर्ने उत्पादन सामाग्री प्रदेश आयोजना व्यवस्थापन ईकाइबाट नर्सरीको लागत अनुमान तयार गरी सो अनुसार नर्सरी संचालन तथा व्यवस्थापन गर्न कृषि वन नर्सरी तालिम प्राप्त कृषक तथा नर्सरी व्यवसायीक कृषकहरुसँग अनुसूची २ अनुसार निबेदन माग गर्ने ।

- कृषि वन नर्सरी संचालन गर्ने आशय साथ निबेदन दिएका कृषकहरुलाई दिगोरुपमा साना कृषिवन नर्सरी संचालन गर्न अनुसूची ४ को आधार मा सम्झौता गर्ने ।
- सम्झौतामा उल्लेखित परिमाण अनुसार डालेघाँसका बिरुवा उत्पादन गर्न सम्झौता अनुसार उत्पादन सामाग्री उपलब्ध गराउने ।
- नर्सरी सन्चालकलाई कार्य संचालनका लागि नियमानुसार पेश्की उपलब्ध गराउन सकिनेछ ।
- कृषिवन नर्सरीमा उत्पादन गरीएका डालेघाँसका बिरुवाहरुको निरिक्षण कृषक पाठशालाका सहजकर्ता, प्राबिधिक सहायक, आयोजना ब्यबस्थापन इकाइ र FAO-TA बाट गर्नु पर्नेछ ।
- सहजकर्ताबाट महिनाको २ पटक, प्राबिधिक सहायकबाट आबश्यकता अनुसार, आयोजना ब्यवस्थापन ईकाइ बाट महिना १ पटक र FAO-TA बाट महिनाको एकपटक अनुगमन गर्नु पर्नेछ ।
- नर्सरीमा उत्पादित डालेघाँसका बिरुवाहरु कृषकहरुलाई बितरण गरी सो को अभिलेख नर्सरी संचालकले आयोजना व्यवस्थापन इकाईमा पेश गर्नु पर्नेछ । बितरणका लागि तयार बिरुवाको डाँठको साईज शिसाकलमको मोटाई अनुसार र उचाई कम्तीमा १.५ फिटको हुनु पर्नेछ ।
- नर्सरी स्थापनाको लागि आयोजनाबाट उपलब्ध गराउने सामाग्रीहरु तथा भुक्तानी हुने ज्याला लगायत लागत अनुमानमा उल्लेखित अन्य पारिश्रमिकको विवरण अनुसूची ३ बमोजिम हुनेछ ।
- यस प्रकृयाबाट कृषि वन नर्सरी स्थापना कार्यक्रम मार्फत कृषकहरुलाई एक पटकको लागि मात्र अनुदान प्रदान गरीने छ र त्यसपछि कृषक स्वयमले कृषि वन नर्सरी संचालन गरी निरन्तरता दिनु पर्नेछ ।
- नर्सरी संचालनका लागि आवश्यक सामाग्री आयोजनाको तर्फबाट उपलब्ध गराउने वा नर्सरी संचालक स्वयंले खरिद गरी भुक्तानीका लागि पेश गर्ने भन्ने विषय सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।
- साना कृषिवनको नर्सरीको कार्यक्रम सोही आ.ब.मा सम्पन्न हुन नसकेमा आगामी आ.ब.को लागि फलोअप कार्यक्रम राख्नु पर्ने छ ।
- साना कृषिवन नर्सरी प्रभावकारीरुपमा सन्चालन गर्न १ जना प्राबिधिक सहायकको व्यवस्था कन्टन्जेन्सीबाट राख्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- कृषिवन बिकसका लागी बिभिन्न प्रजातीका डालेघाँसकाबिरुवाहरु उत्पादन गरि कृषकहरुलाई बितरण गर्ने, कृषकको फार्म परिसरमा वा समुदयिक जग्गामा घाँसरोपण रोपण गर्न लगाई घाँस उत्पादनमा बृद्धि हुने र पशु स्वस्थ्य भई उत्पादन लागतमा कमि आउने ।
- कृषकको फार्म परिसरमा डालेघाँस उत्पादन भै घाँस संकलनका लागि चुरेक्षेत्रमा पर्ने दवाबलाई न्यनिकरण हुने ।
- चुरेक्षेत्रको प्राकृतिक स्रोत संरक्षण भई कार्वन सिक्विस्ट्रेसनमा बृद्धि हुने ।

जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त PPMU का बन तथा जलाधार अधिकृतहरु, बन बिज्ञहरु, FAO-TA कृषि बन बिज्ञ, निजि नर्सरी गर्ने किसान, सामुदायिक बन र स्थानीय उपभोक्ता समूहहरुको परिचालन गरिनेछ .

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले FAO-TA कृषि बन बिज्ञ तथा अनुगमन बिज्ञको सहजीकरणमा सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी PPMU ले PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- नर्सरी संचालक, PPMU, PMU, FOA-TA

## ३.३.१० सामुदायिक वृक्षारोपण /सार्वजनिक वृक्षारोपण (BN:८३-८८)

पृष्ठभूमी/परिचय

आयोजनाको लक्ष्य बमोजिम चुरे क्षेत्रको पुनर्स्थापना मार्फत यहाका समुदायहरुको जलबायु उत्थानसीलता वृद्धि गर्न समुदायस्तरमा उपलब्ध भएका बनको रुपमा लैजान सकिने खाली भू भागहरुलाइ वृक्षारोपण गर्न सहयोग गरिन्छ । आयोजना अबधिभर २६ वटा नदि प्रणालीभित्र ५००० हेक्टर वृक्षारोपण तथा संरक्षण गर्ने कार्यक्रम रहे बमोजिम संकटासन्न परिबारहरुको सहभागितामा अन्य सरोकारवालाहरुको संलग्नतामा यस्ता वृक्षारोपण कार्य गरिनेछ । यस्ता वृक्षारोपण मार्फत आयोजना कार्यक्षेत्रमा कार्बन उत्सर्जन न्यूनीकरणमा योगदान दिने लक्ष्य आयोजनाले राखेको छ।

उद्देश्य

चुरे क्षेत्रको पुनर्स्थापना गर्नका लागि समुदायमा उपलब्ध भएका सार्वजनिक जग्गाहरुलाई वनको रुपमा विकास गरि कार्वन उत्सर्जन न्यूनीकरणमा योगदान पुर्याउने ।

कार्यान्वयन कार्यविधि

- चुरे क्षेत्रमा पाइने स्थानीय/रैथाने प्रजातिहरूलाई पुनर्स्थापित गरी चुरे क्षेत्रको संरक्षण गर्न स्थानीय समुदायका मागलाई सम्बोधन गर्ने गरी बहूउद्देशीय मिश्रित प्रजातिहरुका बहुबर्षीय विरुवाहरु रोपण गरिनेछ । यो कार्य सम्बन्धित वन समुह मार्फत तपसिलमा उल्लेख भए बमोजिम गर्न सकिनेछ :

१. स्थानीय तह/वडा/स्थायी CBOs संगको समन्वय सहकार्यमा संरक्षणको प्रत्याभूति सुनिश्चित हुने गरी रोपण स्थलको पहिचान गरिनेछ

२. पहिचान गरीएको क्षेत्रको नक्सांकन गरी क्षेत्रफल एकिन गरिनेछ (कम्तिमा ०.५ हे. सम्मको)

३. प्रजाति अनुसारको निर्धारित दुरी तथा खाडलको साइज कायम गरी रोपण गरिनेछ

४. रोपण पश्चात संरक्षण र रेखदेखको निम्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै उचित घेरा वेरा, हेरालु लगायत व्यवस्था मिलाउनु पर्नेछ

अपेक्षित उपलब्धी

खालि रहेका सिमसारहरुमा बृक्षा रोपण भई हरियालीमा वृद्धि तथा परिस्थितिकीय प्रणाली पुनर्स्थापनामा योगदान पुगेको हुने ।

कार्वन उत्सर्जनमा न्युनिकरणमा योगदान पुगेको हुने ।

जनशक्ति व्यवस्थापन

- PPMU, डी.व.का., FAO-TA, सामुदायिक वन र स्थानीय उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको सहभागितात्मक अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- PPMU, PMU, FOA-TA, डी.व.का., स्थानीय सरकार ।

## ३.३.११ खोल्सी तथा तटीय वृक्षारोपण (बाँस, अम्रिसो आदी) (BN: 98-100)

पृष्ठभूमी/परिचय

आयोजनाको लक्ष्य बमोजिम चुरे क्षेत्रको पुनर्स्थापना मार्फत यहाका समुदायहरुको जलबायु उत्थानसीलता वृद्धि गर्न खोल्सी तथा तटीय क्षेत्रमा उपलब्ध भएका खाली भू भागहरुमा स्थानीय जातको बाँस तथा अम्रिसो प्रजाति वृक्षारोपण गरिने छ ।

उद्देश्य

चुरे क्षेत्रको पुनर्स्थापना गर्नका लागि नदि स्तरमा उपलब्ध भएका क्षतिग्रस्त खोल्सिहरुलाई पुनर्स्थापन गरि उपभोक्ताहरुलाई आय आर्जनमा टेवा पुर्याउने।

कार्यान्वयन कार्यविधि

यसको लागि तपसिलमा उल्लेख भए बमोजिम गर्न सकिनेछ:

१. रोपण गर्ने स्थलको पहिचान गरी नक्सांकन गरी क्षेत्रफल एकिन गर्ने
२. सकेसम्म खोलाको किनार/बफर स्ट्रिप/ग्रीन बेल्ट/सेल्टरबेल्टमा रोपण गर्न जोड दिइनेछ
३. Block plantation को लागि उपयुक्त स्थान नभेटिएमा फरकफरक क्षेत्रमा रोपण गरी बिरुवा संख्या/दुरीको आधारमा क्षेत्रफल एकिन गरिनेछ ।
४. बाँस रोपणको लागि दुई बर्षे बाँसको कटिंग/बाँसको राइजोम (२ बर्षे)/बिउबाट उमारिएको बाँसको हकमा कम्तिमा ३ बर्षको बिरुवा रोपण गरिनेछ ।
५. खोला किनार/चुरे क्षेत्रमा बाँस रोपण गर्दा ७५ से.मि.* ७५ से.मि.* ७५ से.मि. साईजको खाडल खनेर मलको व्यवस्था सहित रोपण गर्नु पर्नेछ ।

६. अम्रिसोको राइजोम (३ बटा टुसा सहितको सेट) को व्यबस्था (यथाशक्य स्थानीय स्तरबाट नै) गरी प्वाँकेल २० से.मि.* २० से.मि.* २० से.मि साइजको खनेर ८० से.मि.* ८० से.मि. को दुरीमा समोच्च रेखा (contur line) रोपण गरिनेछ ।

७. रोपण पश्चात संरक्षण हेरचाहको निम्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै उचित व्यबस्था मिलाउनु पर्नेछ ।

अपेक्षित उपलब्धी

- आयोजना क्षेत्राका खोल्साखोल्सीहरुको संरक्षण हुने साथै स्थानीय उपभोक्ताहरुको आयआर्जनमा वृद्धि भएको हुने ।
- कार्वन उत्सर्जनमा न्युनिकरणमा योगदान पुगेको हुने ।

जनशक्ति व्यवस्थापन

- PPMU, FAO-TA, सामुदायिक वन र स्थानीय उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको सहभागितात्मक अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- PPMU, PMU, FOA-TA, डी.व.का., स्थानीय सरकार ।

### ३.३.१२ नमूना (Demonstration) वृक्षारोपण (BN:101-103)

पृष्ठभूमी/परिचय

आयोजना क्षेत्रमा बनले ढाकेको क्षेत्र बढाउनका लागि तथा आयोजनाको अबधि पश्चात पनि सम्बन्धित सब डिभिजन बन कार्यालयका कर्मचारीहरु तथा उपभोक्ता समुदायलाई वृक्षारोपण र व्यबस्थापनका तवर तरिकाहरुमा क्षमता अभिवृद्धि गर्नका लागि नमुना वृक्षारोपणको कार्यक्रम राखिएको छ । यस्तो नमुना वृक्षारोपणको माध्यमबाट चुरे क्षेत्रको संरक्षण सम्बर्धन गर्ने र स्थानीय समुदायका मागलाई समेत सम्बोधन गर्ने हेतुले बहुमुल्य काठ प्रजातिका (बहुबर्षीय) विरुवाहरु- टिक, सतिसाल, खयर, सिसौ, सिरिश, असना, कर्मा, खम्हारी, जामुन, कटहर लगायतका मिश्रित प्रजातिहरु रोपण गरिनेछ र रोपण तथा व्यबस्थापन प्रक्रियालाई नमुना को रुपमा अगाडी बढाइने छ ।

उद्देश्य

- आयोजना क्षेत्रमा बनले ढाकेको क्षेत्र बढाउदै चुरे क्षेत्रको संरक्षण सम्बर्धन गर्ने र स्थानीय समुदायका मागलाई समेत सम्बोधन गर्ने पुनर्स्थापन गरि उपभोक्ताहरुलाई आय आर्जनमा टेवा पुर्याउने।
- बन कार्यालयका कर्मचारीहरु तथा उपभोक्ता समुदायलाई वृक्षारोपण र व्यबस्थापनका तवर तरिकाहरुमा क्षमता अभिवृद्धि गर्ने ।



आयोजना प्रमुख

कार्यान्वयन कार्यविधि

यसको लागि तपसिलमा उल्लेख भए बमोजिम गरीने छः

- डिभिजन वन/स्थानीय तह/वडा/स्थायी CBOs संगको समन्वय सहकार्यमा संरक्षणको प्रत्याभूति सुनिश्चित गरी रोपण गर्नका लागि नेपाल सरकारको स्वामित्व भित्रको विना विवादको जमिन (स्थान) पहिचान गरिनेछ।
- स्थान पहिचान गर्दा कम्तिमा १० देखि बढीमा १०० हे. क्षेत्रफल सम्मको क्षेत्र पहिचान र नक्सांकन गरिनेछ । यदी यस्तो क्षेत्र उपलब्ध नभएको खण्डमा PPMU ले PMU संगको छलफलबाट १० हे. भन्दा कम क्षेत्रफलको वैकल्पिक क्षेत्र प्रस्ताव गर्न सकिनेछ ।
- PPMU ले सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय गरि वृक्षारोपणको कार्य अगाडी बढाउनु पर्ने छ।
- रोपण पश्चात संरक्षण हेरचाहको निम्ति श्रोतको अवस्थालाई मध्यनजर गर्दै उचित व्यबस्था मिलाउनु पर्नेछ।

अपेक्षित उपलब्धी

- आयोजना क्षेत्रमा बनले ढाकेको क्षेत्र बढ्ने र स्थानीय समुदायका काठ दाउराको मागलाई समेत सम्बोधन भएको हुने ।
- कार्वन उत्सर्जन न्युनिकरणमा योगदान पुगेको हुने ।

जनशक्ति व्यवस्थापन

- PPMU, FAO-TA, डी.व.का., सामुदायिक वन र स्थानीय उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको सहभागितात्मक अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- PPMU, PMU, FOA-TA, डी.व.का., स्थानीय सरकार ।

### ३.३.१३ उत्पादित बहुबर्षीय बिरुवाको हेरचाह (प्रति हजारमा, BN: 66, 67, 73, 75, 79, 81)

पृष्ठभूमी/परिचय

आयोजनाको क्रियाकलाप बमोजिम नर्सरी स्थापना गरि वन जन्य बहुबर्षीय विरुवाहरु उत्पादन गर्न शुरु गरिएको र उक्त विरुवाहरु एक भन्दा बर्ष नर्सरीमा रहनु पर्ने हुँदा ति विरुवाको हेरचाहको लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

उद्देश्य

- गुणस्तरीय र परिपक्व विरुवाहरु उपलब्ध गराउने ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

कार्यान्वयन कार्यविधि

- गत आर्थिक बर्ष देखि उत्पादन शुरु गरेर नर्सरीमा रहेका बहुबर्षीय विरुवाहरुको रेखदेख तथा व्यवस्थापन गर्ने कामहरु (हेरालु राखे, ग्रेडिंग गर्ने, नर्सरी सामग्री तथा औषधि खरीद गर्ने आदि) का लागि जिल्ला दररेटमा (उदाहरणको लागिः मोरंग) व्यबस्था भए बमोजिम वा ल.ई. तयार गरी यस शिर्षकमा विनियोजित बजेट खर्च गरिने छ ।

अपेक्षित उपलब्धी

- गुणस्तरीय र परिपक्व विरुवाहरु समुदायलाई उपलब्ध भएको हुने ।

जनशक्ति व्यवस्थापन

- PPMU, डी.व.का., वन उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) र डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- PPMU, PMU, FOA-TA, डी.व.का., वन उपभोक्ता समुहहरु ।

### ३.३.१४ निजी वन प्रवर्धन हेतु गत आ.व.मा उत्पादित विरुवाको ढुवानी तथा सहयोग (BN: 66, 67, 69, 73, 74, 75, 79, 80, 81)

पृष्ठभूमी/परिचय

निजी वन प्रवर्धनको लागि उत्पादित तथा खरिद गरिएका विरुवाहरु नदि प्रणालीहरुमा रहेका विभिन्न समुदायहरुमा पुर्याउनु पर्ने हुँदा सो प्रयोजनकोलागि यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

उद्देश्य

- उत्पादित तथा खरिद गरिएका विरुवाहरु निजी वन प्रवर्धनको लागि इच्छुक समुदायसम्म पुर्याउने ।

कार्यान्वयन कार्यविधि

- निजी व्यक्तिबाट रोपण गर्न चाहेका प्रजातिहरुको माग संकलन गर्ने ।
- निवेदन बमोजिम उपलब्ध श्रोत अनुसार विरुवाहरुको उपलब्धता सुनिश्चित गर्ने ।
- निवेदन बमोजिम ढुवानी गर्नु पर्ने स्थानहरुको क्लस्तरिंग गरि ढुवानीको व्यवस्था गर्ने ।

अपेक्षित उपलब्धी

आयोजना प्रमुख

व्यक्तिहरुले आफ्नो गाउँस्तरमै गुणस्तरीय विरुवा प्राप्त गरि रोपण गरेका हुनेछन ।

जनशक्ति व्यवस्थापन

- PPMUs, डी.व.का., वन उपभोक्ता समुहहरु, र स्थानीय सरकार ।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) र डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- PPMU, PMU, FOA-TA, डी.व.का., वन उपभोक्ता समुहहरु ।

### ३.३.१५ वन कार्ययोजना कार्यान्वयन (सम्बन्धित समुह मार्फत (BN: 50-52))

पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजनाको उद्देश्य अनुरुप समुदायमा आधारित वन समुहहरूको कार्ययोजनामा उल्लेखित वन व्यवस्थापन तथा भू संरक्षण लगाएत वन भूपरिधि पुनर्स्थापनासंग सम्बन्धित तपशिल बमोजिमका विभिन्न क्रियाकलापहरु संचालन/कार्यन्वयन गर्नको लागि सहयोग उपलब्ध गराउन यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

- झाडी सरसफाई गर्ने
- सिल्विकल्चरल ओपरेशनका कार्यहरु
- क्षतिग्रस्त बन क्षेत्रमा वन प्रजातिहरुका बिउ छरि वनको पुनर्स्थापना गर्ने
- बन क्षेत्रको वरिपरी आबश्यकता अनुसार तारवार गर्ने
- वन हेरालुको व्यबस्था गर्ने
- सतही पानी/भुमिगत जल पुनभरण, तथा संग्रह गरी वनको पुनरुत्पादनको बढावाको लागि वन क्षेत्र भित्र स-साना पोखरी/ट्रेन्च निर्माण गर्ने
- खाली ठाउँहरुमा वृक्षारोपण गर्ने
- भू-संरक्षणका बिभिन्न उपायहरु तथा स-साना संरचनाहरुको निर्माण गरि वनको पुनर्स्थापना गर्ने
- अग्नि नियन्त्रणका लागि आवश्यक कार्यहरु गर्ने
- समुह सशक्तिकरणका कार्यहरु गर्ने
- लगायतका अन्य यस्तै बन क्षेत्रका पुनर्स्थापना र वनको हैसियत अभिबृधि गर्ने कार्यहरु

उद्देश्य

- वन समुहहरुको कार्ययोजनामा उल्लेखित वन व्यवस्थापन तथा भू संरक्षणसंग सम्बन्धित क्रियाकलापहरु संचालन/कार्यन्वयन गर्न सहयोग उपलब्ध गराउनु ।

कार्यान्वयन कार्यविधि

- डी.व.का. संगको समन्वयमा यस आयोजनाको कार्यक्षेत्र भित्र रहेका स्वीकृत कार्ययोजनाको अवधि समाप्त नभएका समुहहरुको सूची तयार गर्ने ।
- डी.व.का. र समूहसंग छलफल गरी बनको प्रकृति र समुहको चाहना बमोजिम कुम क्रियाकलाप संचालन गर्ने हो, त्यो निश्चित गर्ने ।
- लागत अनुमान तयार र स्वीकृत गरि कार्यान्वयनमा लाने ।
- निश्चित गरिएका कार्यहरु संचालन गर्न गराउन लाग्ने सबै किसिमका ज्यामी/ मिस्त्री, निर्माण सामग्री लगायतका खर्च गर्न सकिनेछ। तर ज्यामी/मिस्त्रीले गर्ने कार्यको सट्टा ट्र्याक्टर, एक्जाभेटर आदि जस्ता मेशिनको प्रयोग गर्नु पर्ने भएमा सो को भाडा/खर्च समेत लागत इष्टिमेटमा उल्लेख भए बमोजिम यस शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ।

अपेक्षित उपलब्धी

- स्वीकृत कार्ययोजनामा समावेश भए बमोजिमका क्रियाकलापहरु कार्यान्वयन भई वनको राम्रो व्यवस्थापन भएको हुने छ ।

जनशक्ति व्यवस्थापन

- PPMUs, डी.व.का., वन उपभोक्ता समुहहरु ।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) र डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- PPMU, PMU, FOA-TA, डी.व.का., वन उपभोक्ता समुहहरु ।

## ३.३.१६ साझेदारी वन संरक्षण सम्बर्धन व्यवस्थापन कार्ययोजना कार्यान्वयन (सम्बन्धित वन समूहसँग) (BN: 50, 51, 53 )

पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजनाको उद्देश्य अनुरुप साझेदारी वनको स्वीकृत कार्ययोजनामा उल्लेखित वन व्यवस्थापन तथा भू संरक्षण लगाएत वन भूपरिधि पुनर्स्थापनासंग सम्बन्धित तपशिल बमोजिमका विभिन्न क्रियाकलापहरु संचालन/कार्यन्वयन गर्नको लागि सहयोग उपलब्ध गराउन यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

- झाडी सरसफाई गर्ने
- सिल्भिकल्चरल ओपरेशनका कार्यहरु



आयोजना प्रमुख

नेपाल
वन तथा वातावरण
सिंहदरबार,

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

- क्षतिग्रस्त बन क्षेत्रमा वन प्रजातिहरुका बिउ छरि वनको पुनर्स्थापना गर्ने
- बन क्षेत्रको वरिपरी आवश्यकता अनुसार तारवार गर्ने
- वन हेरालुको व्यबस्था गर्ने
- सतही पानी/भुमिगत जल पुनभरण, तथा संग्रह गरी वनको पुनरुत्पादनको बढावाको लागि वन क्षेत्र भित्र स-साना पोखरी/ट्रेन्च निर्माण गर्ने
- खाली ठाउँहरुमा वृक्षारोपण गर्ने
- भू-संरक्षणका बिभिन्न उपायहरु तथा स-साना संरचनाहरुको निर्माण गरि वनको पुनर्स्थापना गर्ने
- अग्नि नियन्त्रणका लागि आवश्यक कार्यहरु गर्ने
- समुह सशक्तिकरणका कार्यहरु गर्ने
- लगायतका अन्य यस्तै बन क्षेत्रका पुनर्स्थापना र वनको हैसियत अभिबृधि गर्ने कार्यहरु

उद्देश्य

- साझेदारी वन समुहहरुको कार्ययोजनामा उल्लेखित वन व्यवस्थापन तथा भू संरक्षणसंग सम्बन्धित क्रियाकलापहरु संचालन/कार्यन्वयन गर्न सहयोग उपलब्ध गराउनु ।

कार्यान्वयन कार्यविधि

- डी.व.का. संगको समन्वयमा यस आयोजनाको कार्यक्षेत्र भित्र रहेका स्वीकृत कार्ययोजनाको अवधि समाप्त नभएका समुहहरुको सूची तयार गर्ने ।
- डी.व.का. र समूहसंग छलफल गरी बनको प्रकृति र समुहको चाहना बमोजिम कुन क्रियाकलाप संचालन गर्ने हो, त्यो निश्चित गर्ने ।
- लागत अनुमान तयार र स्वीकृत गरि कार्यान्वयनमा लाने ।
- निश्चित गरिएका कार्यहरु संचालन गर्न गराउन लाग्ने सबै किसिमका ज्यामी/ मिस्त्री, निर्माण सामग्री लगायतका खर्च गर्न सकिनेछ। तर ज्यामी/मिस्त्रीले गर्ने कार्यको सट्टा ट्रयाक्टर, एक्जाभेटर आदि जस्ता मेशिनको प्रयोग गर्नु पर्ने भएमा सो को भाडा/खर्च समेत लागत इष्टिमेटमा उल्लेख भए बमोजिम यस शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ।

अपेक्षित उपलब्धी

- स्वीकृत कार्ययोजनामा समावेश भए बमोजिमका क्रियाकलापहरु कार्यान्वयन भई साझेदारी वनको राम्रो व्यवस्थापन भएको हुने छ ।

जनशक्ति व्यवस्थापन

- PPMUs, डी.व.का., साझेदारी वन उपभोक्ता समुहहरु ।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) र डी.व.का.' ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छन।

जिम्मेवार निकाय

- PPMU, PMU, FOA-TA, डी.व.का., साझेदारी वन उपभोक्ता समुहहरु ।

### ३.३.१७ विरुवा उत्पादन/खरिद वितरण (50 हजार बिरुवा/BN: 66, 67, 73, 75, 79, 81)

पृष्ठभूमी/परिचय

आयोजना कार्य क्षेत्रमा स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक बन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने लक्ष्य बमोजिम आयोजनाका २६ वटा नदि प्रणालीमा स्थापना भएका नर्सरीहरुबाट गुणस्तरीय बिरुवा उत्पादन गर्ने कार्यक्रम राखिएको छ । यस कार्यका लागि डिभिजन बन कार्यालय र स्थानीय बन उपभोक्ता समूहहरुको सहकार्य र समन्वयमा गुणस्तरीय बिरुवाहरु उत्पादन गर्ने तथा समुदायको माग बमोजिम उत्पादनले अपुग भएमा खरिद गरि बितरण गर्ने कार्यक्रम रहेको छ ।

उद्देश्य

- स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन तथा खरिद गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक बन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने ।

कार्यान्वयन कार्यविधि

- डी.व.का. र वन उपभोक्ता समुहहरुसंगको समन्वयमा भैरहेका नर्सरिहरु वा थप नर्सरी स्थापना गरि विरुवा उत्पादन र वितरण गर्ने, सो को निक्यौंल गर्ने ।
- नयाँ नर्सरी स्थापना गर्नु पर्ने भएमा डी.व.का. र समूहसंग छलफल गरी उपयुक्त स्थान छनौट गरि नर्सरी निर्माण कार्य गर्ने ।
- स्थानीय समुदायबाट विरुवाको माग (प्रजाति सहित) संकलन गर्ने ।
- समुदायको माग तथा आयोजनाको उद्देश्य अनुरुप तपशिलमा उल्लेखित प्रजातिका विरुवा उत्पादन गर्न लागत अनुमान तयार र स्वीकृत गरि कार्यान्वयनमा लाने ।
- माथि उल्लेखित ३.३.८ नर्सरीहरुमा आवश्यकता पहिचान गरिएका गुणस्तरीय विरुवाहरु कम्तिमा ४"* ७" (बहुबर्षीय बिरुवाको हकमा ५"*८" साइजमा प्राथमिकता दिनेगरी) को पोलीव्यागमा अधिकतम १०% (३० बर्ष देखि नेपालमा भित्रिएर स्थानीय वातावरणमा अनुकुल भईसकेका (Non-native प्रजाति- मसला समेत) लाई तपसिलमा उल्लेख भए अनुरुप उत्पादन गरी CERP ले निर्देशित गरेका स्थानहरुमा वृक्षारोपण, पुनःरोपण तथा वितरण कार्य गरिनेछ।
- माथि उल्लेखित नर्सरी स्थापना/मर्मत/स्तरोन्नतीको कार्य नभएमा/ हुन नसकेमा निजि नर्सरी संचालकहरुसंग खरिद सम्झौता गरि (आवश्यक प्रजाति, संख्या, गुणस्तर आदि खुलाई) यस शिर्षकमा बिनियोजन भएको



आयोजना प्रमुख

बजेटबाट नियमानुसार खरिद आपूर्ति गरि तोकिएको स्थानमा वृक्षारोपण, पुनःरोपण तथा वितरण कार्यमा प्रयोग गरिनेछ ।

तपसिलः

१. एक बर्षे बिरुवा (३"*७" साइजको पोलीव्यागमा उत्पादन गरिने): मसला, सिरिस, बकाइनो, इपिल-इपिल, कदम, खयर, खन्यु, खमारी, टाँकि, कोइरालो आदि जस्ता छिटो बढ्ने प्रजातिहरू
   - बहु बर्षे बिरुवा (५"*८" साइजको पोलीव्यागमा उत्पादन गरिने): टिकको कटिंग, जामुन, च्युरी, साल, अनार, अम्बा, तेजपात, अशोक,

२. निम, हर्रो, बर्रो, अमला, चाँप, श्रीखण्ड, कर्मा, असना, बिउ बाँस, कपुर, कल्की फुल, रुद्राक्ष, रक्तचन्दन, सतिसाल, निमारो, राजवृक्ष आदि

अपेक्षित उपलब्धी

- आयोजना क्षेत्रमा रोपण गर्नको लागि गुणस्तरीय विरुवाहरु उत्पादन तथा खरिद गरि वितरण र रोपण हुने ।
- कार्वन उत्सर्जन न्यूनीकरणमा योगदान पुग्ने ।

जनशक्ति व्यवस्थापन

- PPMUs, PMU, FAO-TA, डी.व.का., वन उपभोक्ता समुहहरु ।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) र डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छन।

जिम्मेवार निकाय

- PPMU, PMU, FOA-TA, डी.व.का., वन उपभोक्ता समुहहरु ।

### ३.३.१८ बाँसको कलमी विरुवा उत्पादन/ खरिद तथा वितरण (BN: 64, 70, 76 )

पृष्ठभूमी/परिचय

चुरे क्षेत्रको सम्बेदनशिलतालाई ध्यानमा राखी त्यहाँको पारिस्थितिक प्रलाली र समुदायको आयआर्जनमा सुधार ल्याउनका लागि आयोजनाले बाँसको प्रवर्धनलाइ प्राथमिकताका साथ अगाडी बढाउन खोजेको छ । यसकालागी गुणस्तरीय बाँसका विरुवा उत्पादन तथा खरिद गरि नदि प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण गर्नकालागी यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

उद्देश्य

- गुणस्तरीय बाँसका विरुवा उत्पादन तथा खरिद गरि नदि प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण गर्ने ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय उत्थानशील आयोजना आयोजना व्यवस्थापन इकाई बबरमहल, काठमाडौं

कार्यान्वयन कार्यविधि

- बाँसको कलमी बिरुवा उत्पादन गर्न पायक पर्ने स्थानमा सार्वजनिक/ निजि जग्गा बार्षिक रुपमा भाडामा लिई कम खर्चिलो तरिकाले घेरा बेरा गरी हेरालुको प्रबन्ध समेत मिलाई उत्पादन गर्न सकिनेछ ।
- कटिंग तयारीको एउटा बाँसको घनाबाट कम्तिमा १० बटा कटिंग तयार हुने गरी १ बर्ष पुरानो बाँसको छनौट गर्नु पर्नेछ ।
- कटिंग बिरुवालाई कम्तिमा २ बर्ष नर्सरीमा राखी मात्र रोपण गरिनेछ यसरी थप अर्को बर्ष नर्सरीमा उक्त कटिंग बिरुवाको हेरचाह तथा संरक्षण को निम्ति आबश्यक खर्च (ल.ई./जिल्ला दररेट अनुसार) को व्यबस्था समेत गरिनेछ ।
- बाँसको कलमी बिरुवा उत्पादन कार्य सम्भव नदेखिएमा नजिकको अनुभवी निजि नर्सरी धनीसंग समेत समेत सम्झौता गरी अग्रिम पेश्की रकम (अधिकतम ६०%) उपलब्ध गराई २ बर्षे कटिंग विरुवा उत्पादन समेत गर्न सकिनेछ ।
- सो पनि सम्भव नदेखिएमा निजि वन नर्सरी संग २ बर्षे बाँसको कटिंग बिरुवा खरिद गरी वितरण गरिनेछ २ बर्षे कटिंग विरुवा खरिद गर्दा जिल्ला दररेट को आधारमा खरिद गरिनेछ यसरी २ बर्षे कटिंग विरुवा खरिद गर्दा स्वीकृत कार्यक्रममा तोकिएको संख्या भन्दा कम भएपनि फरक पर्ने छैन ।

अपेक्षित उपलब्धी

- गुणस्तरीय बाँसका विरुवा उत्पादन तथा खरिद भई नदि प्रणालीका उपयुक्त क्षेत्रहरुमा वृक्षारोपण भएको हुने ।

जनशक्ति व्यवस्थापन

- PPMUs, PMU, FAO-TA, डी.व.का., वन उपभोक्ता समुहहरु ।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छन।

जिम्मेवार निकाय

- PPMU, PMU, FOA-TA, डी.व.का., वन उपभोक्ता समुहहरु ।

## ३.३.१९ विगत वर्षमा सम्पन्न कार्यको मर्मत सुधार (BN: 41, 42, 44, 46)

पृष्ठभूमी/परिचय

विगत बर्षमा सम्पन्न भएका पूर्वाधारका कार्यहरु कारणबश क्षतिग्रस्त भई सो संरचनाले प्रभावकारी काम गर्न नसक्ने अबस्था भएमा, (वा सम्भावित क्षतिलाई रोकथाम गर्न) उक्त संरचनाको दिगोपनलाई मध्यनजर गरी तिनको



आयोजना प्रमुख

मर्मतसम्भार, रेखदेख, हेरचाह स्थानीय समुदायको एकल प्रयासबाट मात्र सम्भव नदेखिएमा त्यस्ता संरचनाको संरक्षण/मर्मतसम्भारको निम्ति आवश्यक कार्यहरु गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

<u>उद्देश्य</u>

- विगतका बर्षहरुमा सम्पन्न भएका पूर्वाधारहरुको आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

<u>कार्यान्वयन कार्यविधि</u>

- यस आयोजानाले विगतका वर्षहरुमा निर्माण गरेका पूर्वाधारहरुको अनुगमन गरि अवस्था एकिन गर्ने ।
- स्थानीय उपभोक्तासंगको समन्वयमा पूर्वाधारको मर्मतको लागि गर्नुपर्ने कार्य एकिन गर्ने ।
- लागत अनुमान तयार र स्वीकृत गरि कार्यान्वयनमा लाने।

<u>अपेक्षित उपलब्धी</u>

- मर्मतसम्भारले निर्मित पुर्वाधारहरुको दिगोपना बढ्ने।

<u>जनशक्ति व्यवस्थापन</u>

- PPMUs र उपभोक्ता समुहहरु ।

<u>अनुगमन योजना</u>

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छन।

<u>जिम्मेवार निकाय</u>

- PPMUs र उपभोक्ता समुहहरु ।

### ३.३.२० Municipality/CSO हरुका लागि CRLUP तालिम संचालन खर्च (BN: 146, 149, 150)

<u>पृष्ठभूमी/परिचय</u>

आयोजानका क्रियाकलापहरु सहज ढंगले कार्यान्वयनमा लानमा स्थानीय सरकार तथा नागरिक समाजका संस्थाहरुसंगको सहकार्य पनि अपरिहार्य भएको हुँदा PIM अनुसार आयोजानको लक्ष्य बमोजिम नागरिक समाज तथा पालिकाका कर्मचारी/पदाधिकारीहरुलाई Climate Change and Climate Resilient Land Use Planning and Management Practices for Local Level सम्बन्धि योजना/अभ्यास मार्फत ज्ञान अभिवृद्धि गर्न यो तालिम प्रस्ताव गरिएको छ ।

<u>उद्देश्य</u>

- स्थानीय सरकार तथा नागरिक समाजका संस्थाहरुको जलवायु उत्थानशील भू-उपयोग योजना/अभ्यासमा क्षमता अभिवृद्धि गर्ने ।

कार्यान्वयन कार्यविधि

- सहभागीहरुको सूची तथा संख्या एकिन गर्ने ।
- तालिम सञ्चालन गर्न प्रचलित नर्मस र दररेट अनुसार लगत इष्टिमेट (ल.ई.) तयार तथा स्वीकृत गरि कार्यक्रम संचालन गर्ने ।

अपेक्षित उपलब्धी

- Municipality/CSO हरुका पदाधिकारीहरु CRLUP सम्बन्धि विषयमा अभिमुखीकृत भएपछी स्थानीयस्तरमा आयोजनाका क्रियाकलापहरु संचालन गर्नमा सहकार्य प्रभावकारी र सहज हुने ।

जनशक्ति व्यवस्थापन

- PPMUs।

अनुगमन योजना

- प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) संगको समन्वयमा NPD र NPM सम्मिलित टोलि वा खटाइएको टोलीले अनुगमन योजना बनाइ कार्यक्रम संचालनको अवधिमा अनुगमन गर्न सकिने छ।

जिम्मेवार निकाय

- PPMUs ।

### ३.३.२१ LRP मार्फत CBO's हरुलाई CRLU Planning कार्यशाला गोष्ठी (P1-65, P2- 40, P3-25) (BN: 208, 209, 210, 214, 215, 216, 226)

पृष्ठभूमी/परिचय

आयोजनाका क्रियाकलापहरु लाइ प्रभावकारी ढंग बाट कार्यान्वयन गर्न सामुदायिक संस्था परिचालनको महत्वपुर्ण भूमिका हुने हुँदा आयोजनाले नदि प्रणाली स्तरमा स्थानीय श्रोत व्यक्ति (LRP) परिचालन गर्ने रणनीति लिएको छ . LRP ले समुदायहरुलाई सहजीकरण गर्ने क्रममा संचालन गर्ने विभिन्न तालिम तथा गोष्ठी मध्ये Climate Change and Climate Resilient Land Use Planning (CRLUP)कार्यशाला गोष्ठी संचालन गर्ने कार्यक्रम राखिएको छ ।

उद्देश्य

आयोजना क्षेत्रमा रहेका समुदायमा आधारित बन उपभोक्ता समूह लगायतका संस्थाहरुको जलबायु उत्थान्शिल भू उपायोग योजना निर्माणमा क्षमता अभिबृद्दि गर्ने ।

आयोजना प्रमुख

कार्यान्वयन कार्यविधि

- छनौट भएका LRP हरु परिचालन गरि आ-आफ्नो क्षेत्रका CBO हरुका प्रतिनिधिहरु सहभागीका रुपमा पहिचान गर्ने ।
- गोष्ठी संचालनका लागि आबश्यक लागत इष्टिमेट तयार गरि छलफलका बिषयबस्तु सहित तयारी गर्ने
- CRLU Planning कार्यशाला गोष्ठी संचालन गर्ने ।
- गोष्ठीको दौरान ति CBO हरुमा Climate Resilient Land Use को विद्यमान अवस्थाको profile तयार गर्ने।
- सो profile मा देखिएका सुधारात्मक पक्षहरुका बारेमा सहभागीहरुलाई जानकारी गराउने र थप सुधारका लागि आवश्यक सहजीकरण गर्नु पर्ने छ ।
- प्रोफाइल तयार गर्दा समावेश गर्नु पर्ने विषयवस्तु अनुसूची १६ मा दिईएको छ ।

अपेक्षित उपलब्धी

- आयोजना क्षेत्रमा रहेका समुदायमा आधारित बन उपभोक्ता समूह लगायतका संस्थाहरुको जलबायु उत्थान्शिल भू उपायोग योजना निर्माणमा क्षमता अभिबृद्दि भएको ।

जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त स्थानीय श्रोत व्यक्तिहरु, PPMU का बन तथा जलाधार अधिकृतहरु, बन बिज्ञहरु, सामुदायिक बन र स्थानीय उपभोक्ता समूहहरु ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) को सहजिकरणमा सम्बन्धित डिभिजन वन कार्यालयले संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी PPMU ले PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- यस क्रियाकलापको हकमा सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

## ३.३.२२ प्राकृतिक प्रकोप/विपद व्यबस्थापन अन्तरक्रिया, गोष्ठी, तालिम (२ दिने, प्रदेश स्तर) (BN: 176-178)

पृष्ठभूमी/परिचय

चुरे क्षेत्रको कमलो भू बनोट र भौगोलिक सम्बेदनशिलतालाइ जलवायु परिबर्तन बाट सिर्जित प्रकोपहरुले थप जोखिमयुक्त बनाएको छ । अति वर्षा तथा सुक्खापन अनि आगलागी जस्ता समस्याहरुले चुरे क्षेत्रमा गल्छी तथा खहरेहरुले सो छेत्रको बसोबास, भौतिक संरचना तथा कृषि भुमि र तल्लो तटीय क्षेत्रमा समेत कृषि योग्य भुमिको

कटान र गेग्रिनहरू (sedimentation) थुप्रिने क्रम बढ्दो छ । यस परिप्रेक्षमा आयोजनामा कार्यरत कर्मचारी समुदाय तथा सरोकारवालाहरुलाई यस्ता प्रकोपको व्यबस्थापन बारेमा सचेत गराउदै योजना तर्जुमा तथा कार्यन्वयन समेत गराउनु पर्ने भएकोले आयोजनाले प्राकृतिक प्रकोप/विपद व्यबस्थापन अन्तरक्रिया तथा कार्यशाला गोष्ठी संचालन गर्ने कार्यक्रम राखिएको छ । प्रदेश आयोजना व्यवस्थापन इकाईले आफ्नो कर्मचारी तथा कार्यक्षेत्रका सरोकारवालाहरुका प्रतिनिधिहरु संलग्न गराई प्राकृतिक प्रकोप, यसबाट हुन सक्ने सम्भावित क्षति र क्षति न्युनिकरणका उपायहरुका बारेमा ज्ञान र क्षमता अभिवृद्धिका लागि यो गोष्ठी\तालिम संचालन गरिने छ ।

उद्देश्य

- आयोजना क्षेत्रमा रहेका कर्मचारी, समुदायमा आधारित बन उपभोक्ता समूह लगायतका सरोकारकोवालाहरुलाइ प्रकोपको व्यबस्थापन बारेमा सुचित/सचेत गराउदै योजना तर्जुमा तथा कार्यन्वयनका लागि प्राकृतिक प्रकोप/विपद व्यबस्थापन बिषयमा क्षमता अभिबृद्दि गर्ने ।

कार्यान्वयन कार्यविधि

- आ-आफ्नो क्षेत्रका सरोकारवाला, PPMU का कर्मचारी, तथा CBO हरुका प्रतिनिधिहरुलाइ सहभागीका रुपमा पहिचान गर्ने ।
- FAO TA का जलबायु उत्थान्शील भू उपयोग योजना बिज्ञ को सहयोगमा गोष्ठी संचालनका लागि आबश्यक लागत इष्टिमेट तयार गरि छलफलका बिषयबस्तु सहित तयारी गर्ने
- प्राकृतिक प्रकोप/विपद व्यबस्थापन अन्तरक्रिया तथा कार्यशाला गोष्ठी संचालन गर्ने ।
- राष्ट्रिय प्राकृतिक प्रकोप/विपद व्यबस्थापन बिज्ञ छनौट भै नसकेको खण्डमा आवश्यकतानुसार विज्ञ वा सेवा प्रदायक संस्थाहरुबाट प्रचलित कानून बमोजिम सेवा खरिद गरि तालिम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

- आयोजना क्षेत्रमा रहेका समुदायमा आधारित बन उपभोक्ता समूह लगायतका संस्थाहरुको जलबायु उत्थान्शिल भू उपायोग योजना निर्माणमा क्षमता अभिबृद्दि भएको ।

जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त स्थानीय श्रोत व्यक्तिहरु, PPMU का बन तथा जलाधार अधिकृतहरु, बन बिज्ञहरु, सामुदायिक बन र स्थानीय उपभोक्ता समूहहरु ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) को सहजिकरणमा सम्बन्धित डिभिजन वन कार्यालयले संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी PPMU ले PMU मा र डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

आयोजना प्रमुख

यस क्रियाकलापको हकमा सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय प्रदेश आयोजना व्यवस्थापन इकाई (PPMU) नै हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

### ३.३.२३ योजना तर्जुमा, समिक्षा, सरोकारवालासंग समन्वय गोष्ठी (BN: 146, 149, 150, 168)

पृष्ठभूमी/परिचय

चुरे उत्थानशील आयोजनाका प्रदेश स्तरका व्यवस्थापन इकाईहरुले आगामी आ.व. को लागि बार्षिक योजना तर्जुमा गर्न र यस चालु आ.व. का कार्यक्रमहरु संचालन गर्दै गर्दा नियमानुसार गर्नु पर्ने प्रगति समिक्षा गोष्ठीहरु र समय समयमा सरोकारवाला निकायहरुसँग विभिन्न विषयहरुमाथि जानकारी गराउन र आयोजानको काम र क्रियाकलापहरुमा पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि बैठक र गोष्ठीहरु संचालन गरीने छ।

उद्देश्य

- चुरे उत्थानशील आयोजनाका प्रदेश स्तरका व्यवस्थापन इकाईहरुले आगामी आ.व. को लागि बार्षिक योजना तर्जुमा गर्ने ।
- आवश्यकताको आधारमा चालु आ.व. का कार्यक्रमहरुको प्रगति समिक्षा गर्ने ।
- सरोकारवाला निकायहरुसँग विभिन्न विषयहरुमाथि जानकारी गराउन र पृष्ठपोषण प्राप्त गर्न छलफल तथा समन्वयका लागि बैठक र गोष्ठीहरु गर्ने ।

कार्यान्वयन कार्यविधि

- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलव्धी

- संचालित क्रियाकलापहरुको समिक्षा समयमै भई पृष्ठपोषण प्राप्त हुने र आवश्यक सुधार गर्न सकिने ।
- नियमित समिक्षा हुँदा तथ्यांक व्यवस्थापन प्रभावकारी हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञहरु

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

### ३.३.२४ प्रदेश मन्त्रालय लगायत सरोकारवालीसंग समन्वय, सहकार्य गर्न व्यबस्थापन खर्च (BN:220-222)

पृष्ठभूमी/परिचय

यस आयोजनाका क्रियाकलापहरु संचालन हुने प्रदेशहरुमा आवश्यक समन्वय र सहकार्यको लागि वन तथा वातावरणसंग सम्बन्धित मन्त्रालयहरु, स्थानीय संघसंस्थाहरु, उपभोक्ता संजाल, संचारकर्मी लगाएत सरोकारवालाहरुसँग छलफल तथा कार्यक्रमहरुको बारेमा जानकारी गराउने उद्देश्यले समन्वय गोष्ठीहरु संचालन गरिने छ ।

उद्देश्य

- सरोकारवालाहरुसंग नियमित समन्वय र सहकार्यलाइ प्रवर्धन गर्ने ।

कार्यान्वयन कार्यविधि

- कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

- सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा सुधार भई कार्यक्रम कर्यान्वयनमा सहजता र प्रभावकारीता बढ्ने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

### ३.३.२५ CBFAC/CBFAN गठन तथा परिचालन (River system wise (BN:156,162,164,165))

पृष्ठभूमी/परिचय

यस आयोजनाको २६ वटा नदि प्रणालीहरुमा तपशिल बमोजिमका प्रतिनिधिहरु सम्मिलित एक/एक वटा Community Based Forest and Agriculture Network (CBFAN) संजाल निर्माण गर्नु पर्ने छ ।

तपशिल

- सामुदायिक वनबाट ६ जना, साझेदारीबाट २ जना, फार्म फरेष्ट्रीबाट १ जना, सार्वजनिक वनबाट १ जना, कबुलियती वनबाट १ जना, निजि वनबाट १ जना गरि जम्मा १२ जना

आयोजना प्रमुख

वन महासंघबाट (सामुदायिक, साझेदारी, कबुलियती र निजिवन) ३ जना, यदी कुनै नदि प्रणालीमा साझेदारी बन तथा सार्वजनिक वन नरहेको अवस्थामा सामुदायिक वन उपभोक्ता समिति वा संजालबाट राखिने छ

- दिगो प्राकृतिक श्रोत व्यवस्थापन फिल्ड पाठशालाबाट ३ जना
- Civil Society Organizations (NEFIN, HIMAWANTI, DALIT) बाट ३ जना
- स्थानीय सरकार मध्येको माथिल्लो तटीय क्षेत्रबाट १ जना तल्लो तटीय क्षेत्रबाट १ जना गरि २ जना
- प्रादेशिक कृषि सम्बन्धित कार्यालयहरुबाट १ जना
- प्रादेशिक वन सम्बन्धित कार्यालयहरुबाट १ जना

गठित संजालको भूमिका निम्न बमोजिम हुनेछः

- आयोजनाको उधेश्य अनुरुप स्थानिय स्तरमा सचेतना अभिबृद्दि तथा संघ संस्थाहरुको कार्य योजना परिमार्जनमा सहयोग गर्ने
- क्रियाकलापहरु कार्यान्वयन गर्ने क्रममा सम्बेदनशिल क्षेत्र, सम्बेदनशिल समुदाय तथा restoration का सम्भाव्य क्षेत्र पहिचान गर्न सहयोग गर्ने
- सरोकारवालाहरुको सुची तथा स्थानीयस्तरमा सहकार्यको सम्भाव्यता Update गर्न सहयोग गर्ने
- स्थानीय स्तरका नगरपालिकाहरुमा गरिने योजना निर्माण प्रक्रियामा चुरे उत्थानशिल आयोजनाले अपनाएको बहु आयामिक बिश्लेषण (multi-criteria analysis) औजारलाइ मुलप्रबाहिकरण गर्ने अवसर को खोजि गर्ने

उद्देश्य

- नदि प्रणाली स्तरमा आयोजनाका क्रियाकलापहरुको योजना तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय स्तरको सरोकारवालाहरु विच जानकारी आदानप्रदान तथा समन्वय स्थापित गर्नु ।

कार्यान्वयन कार्यविधि

- यस कार्यकालागी PPMU ले आफ्नो कायक्षेत्र अन्तर्गत रहेका नदि प्रणालीहरुमा संजाल निर्माण गर्न आवश्यकता अनुसार सम्बन्धित निकाय तथा सरोकारवालाहरुलाई पत्राचार गरि प्रतिनिधिको माग गर्ने र छनौट भै आएका प्रतिनिधिहरु वीच छलफल गर्ने ।
- यस प्रकारका संजालहरु निर्माण गर्दा आवश्यकता अनुसार प्रचलित कानुनले मान्यता दिएका संजाल गठनका प्रक्रियाहरु (सर्वसम्मत, बहुमत, निर्वाचन आदि) अबलम्बन गर्ने ।
- यो संजाल निर्माण गर्दा महिला, दलित, आदिवासी जनजातिको प्रतिनिधित्व आयोजनाले निर्धारण गरे बमोजिमगर्नु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नदि प्रणाली स्तरमा आयोजनाका क्रियाकलापहरुको योजना तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय स्तरको सरोकारवालाहरु विच जानकारी आदानप्रदान तथा समन्वय स्थापित भई सेवा प्रवाहमा प्रभावकारिता बढेको हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का कर्मचारीहरु साथै नियुक्त भएका स्थानीय श्रोत व्यक्तिहरु परिचालन हुने छ ।

अनुगमन योजना

- राष्ट्रिय आयोजना निर्देशक र राष्ट्रिय आयोजना व्यवस्थापक सम्मिलित टोलिले वा खताइएको टोलीले CBFAC/CBFAN गठनको प्रक्रिया तथा कार्य सम्पादनको अनुगमन गर्ने छन् ।

जिम्मेवार निकाय

- PPMUs र FAO-TA

## ३.३.२६ CBO हरुको अनुगमन खर्च (दैनिक भ्रमण तथा इन्धन खर्च समेत) (अनुगमन, संयुक्त अनुगमन; BN:195-197)

पृष्ठभूमी/परिचय

CBO हरुले संचालन गरेका कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गर्न खटिने PPMU र सरोकारवाला निकायहरुका प्रतिनिधिहरुलाई नियमानुसार उपलब्ध गराउनु पर्ने यातायात तथा दै.भ्र.भ. वापतको खर्च यो शिर्षकमा विनियोजित बजेटबाट खर्च गरिने छ ।

उद्देश्य

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाउने ।

कार्यान्वयन कार्यविधि

- अनुगमन योजना तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले कामको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

## ३.३.२७ कम्पोनेन्ट २ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन मूल्यांकन खर्च (BN:170)

पृष्ठभूमी/परिचय

PPMU ले आफ्नो कार्यक्षेत्रमा स्वीकृत वार्षिक योजनाको कम्पोनेन्ट २ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको अनुगमन र मुल्यांकन गर्नका लागि खटिने जनशक्ति र सरोकारवालाहरुको प्रतिनिधिहरुको यातायात तथा दै.भ्र.भ. उपलब्ध गराउन यो शिर्षक अन्तर्गतको वजेट खर्च गरिने छ ।



आयोजना प्रमुख

उद्देश्य

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाउने ।

कार्यान्वयन कार्यविधि

- अनुगमन योजना तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले कामको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

## ३.३.२८ कम्पोनेन्ट २ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन मूल्यांकन खर्च (दै.भ्रमण तथा ईन्धन खर्च समेत (BN: 55, 170, 195))

पृष्ठभूमी/परिचय

PPMU ले आफ्नो कार्यक्षेत्रमा स्वीकृत वार्षिक योजनाको कम्पोनेन्ट २ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको अनुगमन र मुल्यांकन गर्नका लागि PMU बाट खटिने जनशक्ति र सरोकारवालाहरुको प्रतिनिधिहरुको यातायात तथा दै.भ्र.भ. उपलब्ध गराउन यो शिर्षक अन्तर्गतको वजेट खर्च गरिने छ ।

उद्देश्य

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाउने ।

कार्यान्वयन कार्यविधि

- अनुगमन योजना तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले कामको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

## ३.३.२९ PLF प्रवर्धनको लागि कार्यक्रम कार्यान्वयन (BN-194)

पृष्ठभूमी/परिचय

आयोजनाको नदि प्रणालीहरुमा उपलब्ध भएका सार्वजनिक जग्गाहरुमा वन प्रवर्धन गर्ने र स्थानीय समुदायलाई लाभान्वित बनाउने उद्देश्यले यो कार्यक्रम तय गरेको छ । यस अन्तर्गत पहिला भएका सार्वजनिक बन बिकास समुहहरुको नवीकरण, नयाँ समुहहरु गठन, दर्ता तथा परिचालनमा सक्रियता बढाउनु पर्ने छ । परिचालन अन्तर्गत गठित समुहहरु व्यवस्थापन, वन व्यवस्थापन, सार्वजनिक जमिनमा बृक्षारोपण, आयमुलक कार्यक्रम, तालिम लगायत अन्य क्रियाकलापहरु पर्ने छ ।

उद्देश्य

- सार्वजनिक जग्गाहरुमा वन प्रवर्धन गर्ने र स्थानीय समुदायलाई लाभान्वित बनाउने ।
- भएका समुहहरुलाई सक्रिय बनाउनमा सहजीकरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- PLF प्रवर्धन गर्न सकिने सम्भाव्य क्षेत्रहरु तथा भएका सार्वजनिक वनको सुची तयार गरि अवस्था विश्लेषण गर्ने ।
- स्थानीय सरकार तथा समुदायहरु विच छलफल चलाउने ।
- पहिचान भएका क्रियाकलापहरु संचालन गर्न लागत अनुमान तयार तथा स्वीकृत गरि कार्यक्रम अगाडी बढाउने ।

अपेक्षित उपलब्धी

- सार्वजनिक जग्गाहरुमा वन प्रवर्धन भई हरियाली बढ्ने र स्थानीय समुदाय वन पैदावारमा आत्मनिर्भर हुने।
- सार्वजनिक वन समुहहरु वन व्यवस्थापनमा सक्रिय सहभागी हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का कर्मचारीहरु साथै नियुक्त भएका स्थानीय श्रोत व्यक्तिहरु परिचालन हुने छ ।

अनुगमन योजना

- राष्ट्रिय आयोजना निर्देशक र राष्ट्रिय आयोजना व्यवस्थापक सम्मिलित टोलिले वा खताइएको टोलीले अनुगमन गर्ने छन् ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA तथा स्थानीय सरकार ।

आयोजना प्रमुख

## ३.३.३० प्रचार प्रसार सामाग्री उत्पादन/खरिद/वितरण (BN: 238)

पृष्ठभूमी/परिचय

आयोजनाको उद्देश्य बमोजिम स्थानीय विद्यालय, सञ्चार माध्यम र प्रादेशिक आन्तरिक भ्रमण एवं अनुभव आदानप्रदान लगायतका क्रियाकलापद्वारा CR-SNRM सम्बन्धी जागरण अभिवृद्धि गर्न प्रचार प्रसारका लागि सूचना सामाग्री (स्टिकर, पोष्टर, फ्लायर्स, ब्रोसियर, बुकलेट, क्यालेण्डर, टिसर्ट, क्याप, झोला, डकुमेण्टरी आदि) उत्पादन गरी आयोजनाको कार्यक्षेत्र भित्र वितरण गर्न यो शीर्षकको रकम प्रयोग गरिनेछ।

उद्देश्य

- आम सरोकारवालाहरु विच आयोजनाको बारेमा जानकारी अभिवृद्धि गर्न आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा प्रचारप्रसारका सामाग्रीहरु उत्पादन गरि प्रसारण तथा वितरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- सर्वप्रथम स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) बमोजिम कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आपूर्तिकर्ता, सेवाप्रदायक मार्फत वा अमानतबाट कार्य सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- प्रचारप्रसारका सामाग्रीहरु उत्पादन र वितरणले बढी भन्दा बढी संख्यामा सरोकारवालाहरुमा आयोजानाको बारेमा जानकारी पुग्ने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनमा PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

## ३.३.३१ विद्यालय संरक्षण शिक्षा अभियान संचालन (BN: 252-254)

पृष्ठभूमी/परिचय

यस आयोजानको कार्यक्षेत्रमा रहेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई चुरे क्षेत्रको भौगोलिक अवस्था, संवेदनशीलता तथा जलवायु परिवर्तनका बारेमा जानकार र सचेत गराउनकालागि विद्यालय स्तरमा संरक्षण शिक्षा संचालन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

उद्देश्य

- विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई चुरे क्षेत्रको भौगोलिक अवस्था, संवेदनशीलता तथा जलवायु परिवर्तनका बारेमा जानकार र सचेत गराउनु ।

कार्यान्वयन कार्यविधि

- आयोजनाबाट तयार पारिएको माध्यमिक विद्यालय स्तरीय पाठ्यक्रम लगायत अन्य सम्बन्धित बिषयलाई समेटी स्कुलस्तरमा विद्यालय संरक्षण शिक्षाको लागि नियुक्त माध्यमिक तहको शिक्षक प्रयोग गरि विद्यालयहरुमा कक्षा संचालन गरिनेछ ।
- छनौट गरिएका माध्यमिक तहको विद्यालयहरुमा पाठ्यक्रम अनुसार १५ सेसन सोहि विद्यालयमा कार्यरत विषयगत शिक्षकलाई प्रयोग गर्ने गरि विद्यालयसंग MOU गरि नियमानुसार कक्षा संचालन गरिनेछ ।
- विद्यालयसंग सोझै सम्झौता गरि कक्षा संचालन गर्नु पुर्व सम्बन्धित प्रधानाध्यापक र विषयगत शिक्षकलाई अनिवार्यरुपमा कार्यक्रम सम्बन्धि एक दिने अभिमुखीकरण गर्नु पर्नेछ ।
- शिक्षकको सेवा सुबिधा नियमानुसार उपलब्ध गराइनेछ।

अपेक्षित उपलब्धी

- विद्यालयमा अध्ययनरत विद्यार्थीहरु चुरे क्षेत्रको भौगोलिक अवस्था, संवेदनशीलता तथा जलवायु परिवर्तनका बारेमा जानकार र सचेत भएको हुने ।

जनशक्ति व्यवस्थापन

- PPMUs का कर्मचारी र सम्बन्धित विद्यालयका शिक्षक शिक्षिकाहरु ।

अनुगमन योजना

- PPMUs ले विषयवस्तु र कक्षा संचालनको नियमितताको लागि निरन्तर रुपमा अनुगमन गर्नु पर्ने छ ।
- PMU र FAO-TA ले समय समयमा कक्षा संचालन रहेका विद्यालयहरुमा यसको प्रभावकारिता जांच गर्न अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PPMUs का कर्मचारी र सम्बन्धित विद्यालय ।

आयोजना प्रमुख

### ३.३.३२ कार्यक्रम सम्बन्धी बिभिन्न माध्यमबाट प्रचार प्रसार (BN: 246 -251)

पृष्ठभूमी/परिचय

आयोजनाको उद्देश्य अनुरुप आयोजनाबाट संचालित कार्यक्रम तथा त्यसको प्रभाव बारे जानकारी तथा प्रचारप्रसार गर्न गराउन स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन, वा अन्य संचार माध्यम मार्फत (जिंगल, रेडियो/टेलिभिजन सम्बाद/छलफल/अन्तरबार्ता, सामाचार, सार्वजनिक सूचना, एस.एम एस., डकुमेण्टरी आदि) प्रसारण गर्न सकिने छ।

उद्देश्य

- आयोजनाको बारेमा र आयोजनाले संचालन र सम्पन्न गरेका क्रियाकलापहरुको बारेमा प्रचारप्रसार गरि जानकारी गराउने ।

कार्यान्वयन कार्यविधि

- सर्वप्रथम स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत स्पेसिफिकेसन र लगत इष्टिमेट (ल.ई.) बमोजिम कामको प्रकृति र स्वीकृत बजेटको परिमाण हेरी आवश्यक्ता अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सेवाप्रदायक मार्फत कार्य सञ्चालन गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- प्रचारप्रसारका सामाग्रीहरु उत्पादन र वितरणले बढी भन्दा बढी संख्यामा सरोकारवालाहरुमा आयोजानाको बारेमा जानकारी पुग्ने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनमा PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

### ३.३.३३ संरक्षण दिवस समारोह (BN: 238, 239)

पृष्ठभूमी/परिचय

संरक्षण सम्बन्धित् कार्यहरुको प्रचारप्रसार तथा प्रवर्द्वन हेतु बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु (राष्ट्रिय चुरे दिवस/वन दिवस/वातावरण दिवस/जैविकविविधता दिवस/भू-संरक्षण दिवस आदि) मनाउन सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा वृक्षारोपण, छलफल, बहस, सम्बाद, सरसफाई, निबन्ध, हाजिरीजवाफ प्रतियोगिता आदि जस्ता कार्यक्रमहरु आयोजना गरि दिवस समारोहको कार्यक्रम संचालन गर्न सकिने छ ।

उद्देश्य

- वन, वातावरण, भू तथा जलाधारसंग सम्बन्धित दिवस समारोहहरुको अवसरमा संरक्षणसंग सम्बन्धित कार्यक्रमहरु संचालन गरि जनचेतना जगाउने ।

कार्यान्वयन कार्यविधि

- संचालन गरिने कार्यक्रमको प्रकृति हेरी लागत इष्टिमेट (ल.ई.) तयार गरी स्वीकृत गरिनेछ ।
- स्वीकृत लागत अनुमानको आधारमा कार्यक्रम संचालन गरि सम्पन्न गरिने छ ।

अपेक्षित उपलब्धी

- जनतामाझ वन, वाताबरण, भू तथा जलाधार र जैविक विविधता संरक्षणको महत्वको बारेमा जानकारी प्रसार हुने ।

जनशक्ति व्यवस्थापन

- प्रचारप्रसारका सामाग्री तयारि र प्रकाशनमा PMU, PPMUs र FAO-TA का जनशक्ति परिचालन हुने र साथै आवश्यकताको आधारमा परामर्श सेवा खरिद पनि गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PMU, PPMUs र FAO-TA

### ३.३.३४ LRP तालिम तथा परिचालन (P१-२६, P२-२४, P३-१५ (BN: 263-265))

पृष्ठभूमी/परिचय

आयोजनाका क्रियाकलापहरुलाई प्रभावकारी ढंगबाट संचालन तथा कार्यन्वयन गर्न प्रक्रियागत सहजीकरणको आवश्यकता पर्ने हुँदा आयोजनाले समुदाय परिचालकका रुपमा काम गर्ने स्थानीय श्रोत व्यक्तिको छनोट तथा परिचालन गर्ने कार्यक्रम राखेको छ । यसका लागि नदि प्रणाली स्तरमा नै बसोबास गर्ने र स्थानीय स्तरमा आयोजनाको कार्यक्रमहरु संचालनमा सहयोग गर्ने गरि नदि प्रणालीको कार्यक्षेत्रको आधारमा आवश्यक संख्यामा स्थानीय श्रोत व्यक्ति (LRP) हरु विकास गरि परिचालन गरिनेछ । यो उद्देश्यकालागि हाल यस आयोजनाको प्राकृतिक श्रोत व्यवस्थापन पाठशालामा सहजीकरण गरिरहेका इच्छुक सहजकर्ता र सहायक सहजकर्ताहरुलाई स्थानीय श्रोत व्यक्तिको रुपमा परिचालन गर्न प्राथमिकता दिइनेछ ।

उद्देश्य

- आयोजनाको कार्यक्रमहरुमा प्रभावकारिता ल्याउनका लागि स्थानीय श्रोत व्यक्ति (LRP) हरु विकास गरि परिचालन गर्नु ।

कार्यान्वयन कार्यविधि

नदि प्रणालीको कार्यक्षेत्रको आधारमा आवश्यक संख्यामा स्थानीय श्रोत व्यक्ति (LRP) हरु विकास गर्नका लागी तालिम संचालन गर्न PPMU मार्फत समुदायमा आधारित वन व्यवस्थापन संजालहरुबाट आयोजनाले निर्धारण गरेको मापदण्ड (अनुसूची १४) को आधारमा उपयुक्त सहभागीहरुको सिफारिश पठाउन माग गरिने छ ।

- सिफारिस भई आएका सहभागीहरुलाई ३ दिने तालिम दिईने छ ।
- सहभागीहरुको मूल्यांकनको लागि सम्बन्धित बिज्ञ, PMU प्रतिनिधि तथा FAO-TA प्रतिनिधि र प्रदेश वन मन्त्रालयका प्रतिनिधि सम्मिलित एउटा मुल्यांकन समिति गठन गरिने छ ।
- तालिमको अवधिमा सहभागीहरुको मुल्यांकन पनि संगसंगै गरि योग्यताक्रमको आधार निर्धारण गरि छनौट गरिने छ ।
- स्थानीय श्रोत व्यक्ति (LRP) हरुको मुल्यांकन र छनौट गर्दा आयोजनाले तयार गरेको मापदण्ड एवं प्रक्रिया (अनुसूची १५) बमोजिम हुनेछ ।
- छनौटमा परेका स्थानीय श्रोत व्यक्ति (LRP) हरुलाई दैनिक ज्यालादारीमा नियुक्त गरिने छ ।
- छनौट गर्दा लैंगिक र समावेशी सिद्धान्तलाई मध्यनजर गरिने छ साथै प्रत्येक नदि प्रणालीबाट उक्त नदि प्रणालीको क्षेत्रफल, जनसंख्या र समुदायमा आधारित संघ संस्थाहरुको संख्यालाई ध्यानमा राखी बढीमा ३ (तिन) जना LRP छनौट गरिने छ ।
- छनौट भएका LRP हरुले तोकिएको ToR बमोजिम कार्य गर्नु पर्नेछ ।

अपेक्षित उपलब्धी

- नदि प्रणालीको कार्यक्षेत्रको आधारमा आवश्यक संख्यामा स्थानीय श्रोत व्यक्ति (LRP) हरुको छनोट, विकास तथा परिचालन भइ आयोजनाको कार्यक्रमहरु कार्यान्वयनमा प्रभावकारिता आएको हुनेछ।

जनशक्ति व्यवस्थापन

- PMU का क्षमता बिकास बिज्ञ लगायत कर्मचारीहरु र FAO-TA का बिज्ञ तथा PPMUs का कर्मचारी ।

अनुगमन योजना

- PPMUs ले स्थानीय श्रोत व्यक्ति (LRP) हरुको छनोट, विकास तथा परिचालनको निरन्तर रुपमा अनुगमन गर्ने छ ।
- PMU र FAO-TA ले स्थानीय श्रोत व्यक्ति (LRP) हरुको छनोट प्रक्रिया, विकास तथा परिचालनको प्रभावकारिता को नियमित अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PPMUs, PMU र FAO-TA ।

## ३.३.३५ LRP मार्फत समुदाय स्तरीय अन्तरक्रिया गोष्ठी (BN: 266-268)

पृष्ठभूमी/परिचय

आयोजनाका क्रियाकलापहरु लाइ प्रभावकारी ढंग बाट कार्यान्वयन गर्न आयोजनाले छनोट गरेका तालिम प्राप्त LRP लाई प्रयोग गरि आबश्यकता अनुसार समुदाय स्तरीय अन्तरक्रिया गोष्ठी संचालन गरिनेछ। गोष्ठी संचालन गर्दा क्षमता विकास बिज्ञद्वारा तयार गरिएको बिषयबस्तु एवम समय तालिका अनुसार संचालन गरिनेछ र सो कार्यक्रम संचालनमा हुने सम्पूर्ण खर्च यस शिर्षकबाट गरिनेछ।

उद्देश्य

- आयोजना क्षेत्रमा रहेका समुदायमा आधारित बन उपभोक्ता समूह लगायतका संस्थाहरुको क्षमता अभिबृद्दि मार्फत समुदाय परिचालन गरि कार्यक्रम कार्यान्वयन प्रभावकारी बनाउने ।

कार्यान्वयन कार्यविधि

- छनौट भएका LRP हरु परिचालन गरि आ-आफ्नो क्षेत्रका CBO हरुका प्रतिनिधिहरु सहभागीका रुपमा पहिचान गर्ने ।
- गोष्ठी संचालनका लागि आबश्यक लागत इष्टिमेट तयार गरि क्षमता विकास बिज्ञद्वारा तयार गरिएको बिषयबस्तु एवम समय तालिका बमोजिम अन्तरक्रिया गोष्ठी संचालन गर्ने ।
- गोष्ठीको दौरान ति CBO हरुको हालको अवस्थाको profile तयार गर्ने ।
- सो profile मा देखिएका सुधारात्मक पक्षहरुका बारेमा सहभागीहरुलाई जानकारी गराउने र थप सुधारका लागि आवश्यक सहजीकरण गर्नु पर्ने छ ।

अपेक्षित उपलब्धी

- आयोजना क्षेत्रमा रहेका समुदायमा आधारित बन उपभोक्ता समूह लगायतका संस्थाहरुको क्षमता अभिबृद्दि मार्फत समुदाय परिचालन भइ कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता आएको ।

जनशक्ति व्यवस्थापन

- आयोजनाद्वारा नियुक्त स्थानीय श्रोत व्यक्तिहरु, PMU का क्षमता बिकास बिज्ञ लगायत कर्मचारीहरु र FAO-TA का बिज्ञ तथा PPMUs का कर्मचारी लगायत सामुदायिक बन र उपभोक्ता समूहहरु ।

अनुगमन योजना

- PPMUs ले स्थानीय श्रोत व्यक्ति (LRP) हरुले संचालन गर्ने अन्तरक्रिया गोष्ठीहरु तथा समुदाय परिचालनको निरन्तर रुपमा अनुगमन गर्ने छ ।
- PMU र FAO-TA स्थानीय श्रोत व्यक्ति (LRP) हरुले अन्तरक्रिया गोष्ठीको प्रक्रिया तथा सहजीकरणर समुदाय परिचालनको प्रभावकारिता को नियमित अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PPMUs, PMU र FAO-TA ।

आयोजना प्रमुख

## ३.३.३७ कम्पोनेन्ट ३ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन भ्रमण खर्च इन्धन समेत (BN: 235-237)

पृष्ठभूमी/परिचय

PPMU ले आफ्नो कार्यक्षेत्रमा स्वीकृत वार्षिक योजनाको कम्पोनेन्ट ३ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको अनुगमन र मुल्यांकन गर्नका लागि PPMU बाट खटिने जनशक्ति र सरोकारवालाहरुको प्रतिनिधिहरुको यातायात तथा दै.भ्र.भ. उपलब्ध गराउन यो शिर्षक अन्तर्गतको वजेट खर्च गरिने छ ।

उद्देश्य

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाउने ।

कार्यान्वयन कार्यविधि

- अनुगमन योजना तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले कम्पोनेन्ट ३ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

## ३.३.३८ प्रदेश स्तरीय आयोजना समन्वय समिति बैठक (Budget Note:- 305)

पृष्ठभूमी/परिचय

आयोजनाको संरचना अनुसार प्रदेश बन तथा बाताबरण हेर्ने मन्त्रालयको सचिब ज्यु को अध्यक्षतामा प्रदेश स्तरीय आयोजना समन्वय समिति रहेको छ । उक्त समितिले आयोजनाबाट संचालित क्रियाकलापहरु कार्यन्वयनमा सहजीकरण गर्नुको साथै अनुगमन तथा पृष्ठपोषण समेत गर्दछ । यहि समितिको नियमित बैठक संचालन गर्न यो कार्यक्रम प्रस्ताब गरिएको छ । प्रदेश स्तरीय आयोजना समन्वय समितिको बैठक सञ्चालन गर्न लाग्ने सम्पूर्ण खर्चहरु प्रचलित नर्मस र दररेट अनुसार लगत इष्टिमेट (ल.ई.) तयार गरी यस अन्तर्गत खर्च गर्न सकिनेछ ।

उद्देश्य

- प्रदेश स्तरीय आयोजना समन्वय समितिको बैठक नियमित सञ्चालन गरि कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउने ।

कार्यान्वयन कार्यविधि

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- समिति अध्यक्षको समन्वयमा प्रदेश स्तरीय आयोजना समन्वय समितिको बैठक मिति निर्धारण गर्ने र कार्यक्रमको प्रकृति र सहभागीहरुको संख्या एकिन गरी लागत अनुमान तयार र स्वीकृत गरि कार्यक्रम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

- प्रदेश स्तरीय आयोजना समन्वय समितिको बैठक नियमित सञ्चालन भइ कार्यक्रम कार्यान्वयनमा सहजता आएको हुनेछ।

जनशक्ति व्यवस्थापन

- PPMUs, PMU, र FAO-TA

जिम्मेवार निकाय

- PPMUs, PMU, FAO-TA तथा प्रदेश बन तथा बाताबरण मन्त्रालय

### ३.३.३९ कर्मचारीहरुको लागि SFME बिषयमा TOT/GIS GPS Training (BN 61, 62, 63)

पृष्ठभूमी/परिचय

PIM अनुसार CBOs र अन्य जग्गाधनीहरुलाई प्रदान गरिने तालिमका प्रशिक्षक तयार गर्न PPMU, प्रदेश वन मन्त्रालय तथा आयोजना अन्तर्गतका अन्य बन कर्मचारीहरुलाई Sustainable Management of Forest Ecosystem सम्बन्धी प्रशिक्षक तालिम तथा GIS/GPS सम्बन्धि अभिमुखीकरण तालिम PMU बाट नियुक्त SFM तालिम बिज्ञ लगायत अन्य विज्ञहरुबाट प्रदान गर्न यो कार्यक्रम प्रस्ताब गरिएको छ । प्रचलित नर्मस र दररेट अनुसार लगत इष्टिमेट (ल.ई.) मा आवश्यक सम्पूर्ण खर्च समाबेश गरी सो कार्यक्रम संचालनमा हुने सम्पूर्ण खर्च यस शिर्षकबाट गरिनेछ।

उद्देश्य

- Sustainable Management of Forest Ecosystem तथा GIS/GPS सम्बन्धि तालिम संचालनका लागि श्रोत व्यक्तिहरु तयार गर्नु ।

कार्यान्वयन कार्यविधि

- PPMU, प्रदेश वन मन्त्रालय तथा आयोजना अन्तर्गतका अन्य बन कर्मचारीहरुमध्येबाट तालिममा सहभागी हुने प्रशिक्षार्थीहरु एकिन गर्ने ।
- PMU, PPMUs र FAO-TA का विज्ञ तथा कर्मचारीहरुबाट आवश्यकता र विज्ञताको आधारमा श्रोत व्यक्तिका रुपमा परिचालन हुने ।
- आवश्यकताको आधारमा सेवा प्रदायक संस्थाहरुबाट परामर्श सेवा खरिद गरि यो कार्यक्रम संचालन गर्न सकिने छ ।



आयोजना प्रमुख

अपेक्षित उपलब्धी

- Sustainable Management of Forest Ecosystem तथा GIS/GPS सम्बन्धि तालिम पश्चात यी विषयहरुका लागि आवश्यक श्रोत व्यक्तिहरु तयार हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञ तथा कर्मचारीहरुबाट आवश्यकता र विज्ञताको आधारमा श्रोत व्यक्तिका रुपमा परिचालन हुने ।
- आवश्यकताको आधारमा सेवा प्रदायक संस्थाहरु/व्यक्तिहरुबाट परामर्श सेवा खरिद गरि यो कार्यक्रम संचालन गर्न सकिने छ ।

अनुगमन योजना

- तालिमको अवधिमा NPD र NPM सम्मिलित टोलि वा खटाइएको टोलीले तालिमको विषयवस्तु र गुणस्तरको सुनिश्चितताको लागि अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PPMUs, PMU र FAO-TA ।

### ३.३.४० CBO/जग्गाधनीहरुलाई SFME बिषयमा तालिम/कार्यशाला (BN 58, 59, 60)

पृष्ठभूमी/परिचय

आयोजनाले राखेको उद्देश्य बमोजिम बनको दिगो व्यबस्थापनका लागि समुदायस्तरका संघसंस्थाहरु, वन समुहहरुका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि यो तालिम कार्यक्रम प्रस्ताव गरिएको छ ।

उद्देश्य

- समुदायस्तरका संघसंस्थाहरु, वन समुहहरुका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्नु ।

कार्यान्वयन कार्यविधि

- तालिममा सहभागी हुने प्रशिक्षार्थीहरुको संख्या एकिन गर्ने ।
- TOT प्राप्त प्रशिक्षार्थीहरुबाट तालिम संचालन गर्नु पर्ने छ ।
- आवश्यकताको आधारमा सेवा प्रदायक संस्थाहरु/व्यक्तिहरुबाट परामर्श सेवा खरिद गरि यो कार्यक्रम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

- समुदायस्तरका संघसंस्थाहरु, वन समुहहरुका पदाधिकारीहरुको दिगो वन व्यबस्थापन क्षेत्रमा क्षमता अभिवृद्धि भएको हुने ।

जनशक्ति व्यवस्थापन

- PPMUs का कर्मचारीहरु र TOT प्राप्त प्रशिक्षार्थीहरुवाट तालिम संचालन गर्नु पर्ने छ ।
- आवश्यकताको आधारमा सेवा प्रदायक संस्थाहरु/व्यक्तिहरुबाट परामर्श सेवा खरिद गरि यो कार्यक्रम संचालन गर्न सकिने छ ।

अनुगमन योजना

- सहजकर्ता वा श्रोत व्यक्तिले चलाएको तालिमको PPMU टिमले नियमित अनुगमन गर्नेछ ।
- तालिमको अवधिमा NPD र NPM सम्मिलित टोलि वा खटाइएको टोलीले तालिमको विषयवस्तु र गुणस्तरको सुनिश्चितताको लागि अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PPMUs, PMU, FAO-TA र सम्बन्धित सामुदायिक संस्थाहरु।

## ३.३.४१ बृक्षारोपण व्यवस्थापन अन्तरक्रिया गोष्ठी (BN 106- 108)

पृष्ठभूमी/परिचय

यस आयोजनाले उत्पादन तथा खरिद गरी वितरण गरेका बिरुवाहरु र यस आयोजनाको कार्यक्रम अनुसार बृक्षारोपण गरेका र आउँदा बर्षहरुमा गरिने बृक्षारोपणका कार्यक्रमहरुलाई के कसरि प्रभावकारी ढंगबाट कार्यान्वियनमा लान सकिन्छ र रोपण गरिएका विरुवाहरुको संरक्षण र सफल व्यवस्थापन कसरी गर्दा राम्रो हुन्छ लगायत सरोकारवालाहरुको भूमिका के कस्तो हुने जस्ता विभिन्न विषयहरुमा छलफल र अनुभव साटासाट गर्नका लागि यो कार्यक्रम प्रस्ताब गरिएको छ ।यस आयोजना अन्तर्गतका PMU/PPMU, प्रदेश वन मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय, वन उपभोक्ता समूह लगायत अन्य सरोकारवालाहरु सम्मिलित अन्तरक्रिया गोष्ठीहरु पश्चात वृक्षारोपण व्यवस्थापन गर्न सरोकारवाला हरुबीच साझा प्रतिबद्धता प्राप्त भइ आयोजनाबाट गरिएका वृक्षारोपणहरुको दिगो संरक्षण र ब्यबस्थापन हुने अपेक्षा गरिएको छ ।

उद्देश्य

- सरोकारवालाहरुको सुसुचित सहभागिता मार्फत बृक्षारोपणका कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयनमा लागि रोपण गरिएका विरुवाहरुको संरक्षण र सफल व्यवस्थापन गर्ने ।

कार्यान्वयन कार्यविधि

- सरोकारवालाहरु पहिचान गरि सहभागीहरु एकिन गर्ने र सोहि अनुसार लागत अनुमान तयार गरि स्वीकृत गराउने ।
- PMU, PPMUs र FAO-TA का विज्ञ तथा कर्मचारीहरुबाट आवश्यकता र विज्ञताको आधारमा श्रोत व्यक्तिका रुपमा परिचालन हुने ।

आवश्यकताको आधारमा विज्ञ/प्राविधिक संस्थाहरुबाट परामर्श सेवा खरिद गरि यो कार्यक्रम संचालन गर्न सकिने छ ।

अपेक्षित उपलब्धी

- सरोकारवालाहरुको सुसुचित सहभागिता मार्फत बृक्षारोपणका कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयनमा लागि रोपण गरिएका बिरुवाहरुको संरक्षण र सफल व्यवस्थापन भएको हुनेछ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञ तथा प्रदेश बन मन्त्रालय तथा डिभिजन बन मा कार्यरत दक्ष र अनुभबी कर्मचारीहरुबाट आवश्यकता र विज्ञताको आधारमा श्रोत व्यक्तिका रुपमा परिचालन हुने ।

अनुगमन योजना

- सहजकर्ता वा श्रोत व्यक्तिले चलाएको तालिमको PPMU टिमले नियमित अनुगमन गर्नेछ ।
- तालिमको अवधिमा NPD र NPM सम्मिलित टोलि वा खटाइएको टोलीले तालिमको विषयवस्तु र गुणस्तरको सुनिश्चितताको लागि अनुगमन गर्ने छ ।

जिम्मेवार निकाय

- PPMUs, PMU, FAO-TA, प्रदेश बन मन्त्रालय/डिभिजन बन र सम्बन्धित सामुदायिक संस्थाहरु।

### ३.३.४२ ESMP, SIMP, IPP & FPIC Implementation Support

पृष्ठभूमी/परिचय

पूर्वाधारका कार्यक्रमहरु संचालन गर्दा आयोजनाको दस्तावेज अनुसार ESMP, SIMP, IPP & FPIC implementation बाध्यकारी रहेको हुदा उक्त कार्यहरु कार्यान्वयन गर्दा अबलम्बन गर्नु पर्ने साझा प्रक्रिया तथा मार्गदर्शनमा उल्लेख भए बमोजिम हुनेछ । सो कार्यहरु गर्न स्वीकृत कार्यक्रम संख्या अनुरुप खर्च गरिनेछ, यसरी खर्च गरी रकम बाँकी भएमा आयोजना दस्तावेज अनुसार ESMP, SIMP, IPP & FPIC implementation बाध्यकारी हुने अन्य कार्यक्रम समेतमा खर्च गर्न सकिनेछ ।

उद्देश्य

- यस कार्यक्रम बाट संचालन हुने क्रियाकलाप हरु कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक सुरक्षणलाइ समाहीकरण गर्ने

कार्यान्वयन कार्यविधि:

- कार्यक्रम बाट संचालन हुने क्रियाकलाप हरु कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक जोखिमको मुल्यांकन, न्युनिकरंका उपाय तथा लागत अनुमानको अनुसूची २.२ र २.३ अनुसार दस्ताबेजिकरण गर्ने

- ति क्रियाकलापहरुको को डिजाइन तथा लागत अनुमानमा वातावरणीय तथा सामाजिक जोखिमको न्युनिकरणका उपाय तथा लागत अनुमान समावेस गर्ने
- वातावरणीय तथा सामाजिक जोखिम न्युनिकरणका उपाय हरुको कार्यान्वयन यस कार्यविधिको साझा प्रक्रिया मा उल्लेख भए बमोजिम हुने

<u>अपेक्षित उपलब्धी:</u>

- यस कार्यक्रम बाट संचालन हुने क्रियाकलापहरु कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक सुरक्षणलाइ समाहीकरण गरेको हुने ।

<u>जनशक्ति व्यवस्थापन</u>

- आयोजनाद्वारा नियुक्त लैंगिक तथा सामाजिक सुरक्षण अधिकृत (GASO), PMU लगायत FAO-TA का बिज्ञ तथा PPMUs का कर्मचारी र सामुदायिक बन तथा उपभोक्ता समूहहरु ।

<u>अनुगमन योजना</u>

- PPMUs, PMU र FAO-TA ले समाहीकरणको प्रक्रिया तथा प्रभावकारिता को नियमित अनुगमन गर्ने छ।

<u>जिम्मेवार निकाय</u>

- PPMUs, PMU र FAO-TA ।

### ३.३.४३ प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला दिवश सचालन (BN 6-11)

<u>पृष्ठभूमी/परिचय</u>

लामो अवधिसम्म सञ्चालन भएको प्राकृतिक स्रोत व्यबस्थापन पाठशालाको समापन पनि राम्रो र संदेशमूलक हुनुपर्दछ । समापनको क्रममा पाठशाला सहभागीहरूले आफुले सिकेका कुराहरूको प्रदर्शन गर्नुका साथै स्थानीय व्यक्ति वा संस्थाहरूलाई उनीहरूको सहयोगको लागि धन्यवाद दिनका लागि एक दिने दिबस कार्यक्रम संचालन गरिनेछ ।

<u>उद्देश्य</u>

- पाठशालामा सिकेका कुराहरू समुदायका सदस्यहरू तथा सरोकारवालाहरूसंग आदान-प्रदान गर्ने।

<u>कार्यान्वयन कार्यविधि</u>

- पाठशालामा सहभागी नभएका समुदाय समक्ष सन्देशहरू पुर्याउन पाठशालामा संलग्न सहभागी र सहजकर्ताले समुदायका अन्य कृषकहरूलाई उनीहरूले सिकेका कुरा र अनुसन्धानबाट प्राप्त नतीजाहरू भव्य कार्यक्रमका साथ प्रस्तुत् गर्न लगाई सुधारीएको अभ्यासको वकालत गर्ने ।

आयोजना प्रमुख

पाठशाला संचालनको हरेक चरणमा एक पटक पाठशाला दिवस संचालन गर्न यस क्रियाकलापमा विनियोजित भएको बजेट अनुसूची ४ अनुसार खर्च गरिनेछ। तर पाठशाला सहभागीहरुका लागि अन्तरपाठशाला सिकाई आदान प्रदानको आबश्यकता महसुस भएमा पाठशालाको दोश्रो चरणको पाठशाला दिवसलाई अन्तरपाठशाला भ्रमण गराउनका लागि सहजकर्ताको अनुरोधमा आबस्यक प्रक्रिया र ईस्टमेट बनाई एकमुस्ट खर्च गर्न सकिने छ ।

<u>अपेक्षित उपलब्धी</u>

- पाठशालाका सिकाइहरुको प्रचार प्रसार तथा अबलम्बन गर्ने बाताबरण सृजना भएको हुनेछ ।

<u>जनशक्ति व्यवस्थापन</u>

- PMU, PPMUs र FAO-TA का विज्ञ तथा फिल्ड सहजकर्ताहरू, र पाठशालाका सहभागीहरु परिचालन हुने ।

<u>अनुगमन योजना</u>

- PPMUs, PMU र FAO-TA ले दिवस संचालनको प्रक्रिया तथा प्रभावकारिताको अनुगमन गर्ने छ।

<u>जिम्मेवार निकाय :</u>

- मुख्य जिम्मेवारी : सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाई
- पाठशाला संचालक : पाठशाला संचालन गर्न प्रशिक्षण प्राप्त सहजकर्ता
- प्राबिधिक पृष्ठपोषण : आयोजनाका विज्ञ

### ३.३.४४ प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सम्बन्धि सरोकारवालाहरुलाई अभिमुखिकरण (२ दिने २० व्यक्ति BN १५-२१ )

<u>पृष्ठभूमी/परिचय</u>

प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सम्वन्धि सरोकारवालाहरू (प्रदेश अन्तर्गतका वन तथा कृषिसंग सम्बन्धित मन्त्रालयहरु र अन्तर्गत कार्यालय, स्थानीय निकायहरु, समुदायमा आधारित वन व्यवस्थापन पद्दतिमा आवद्ध समिति तथा संजालहरु, निजि वन संजाल आदि) लाई अभिमुखीकारण गर्न यो कार्यक्रम संचालन गरिने छ ।

<u>उद्देश्य</u>

प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाको प्रारूप र कार्य संचालन प्रक्रिया बारे सरोकारवालाहरूलाई जानकारी दिनु ।

<u>कार्यान्वयन कार्यविधि</u>

- कार्यक्रमको लागत अनुमान तयार र स्वीकृत गराई सहभागीहरुलाई पत्राचार गर्ने ।
- २०-२५ जना पाठशालासंग सम्बन्धित सरोकारवालाहरू सहभागी गराई गोष्ठी संचालन गर्ने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

अपेक्षित उपलव्धी

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाको संचालनमा सरोकारवालाहरुको सहयोग प्राप्त हुने

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञ तथा फिल्ड सहजकर्ताहरू, र पाठशालाका सहभागीहरु परिचालन हुने ।

अनुगमन योजना

- PPMUs, PMU र FAO-TA ले गोष्ठी संचालनको प्रक्रिया तथा प्रभावकारिताको अनुगमन गर्ने छ।

जिम्मेवार निकाय :

- मुख्य जिम्मेवारी : सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाई
- पाठशाला संचालक : पाठशाला संचालन गर्न प्रशिक्षण प्राप्त सहजकर्ता
- प्राबिधिक पृष्ठपोषण : आयोजनाका विज्ञ

### ३.३.४५ प्रकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरुसँग अन्तरकृया तथा समिक्षा गोष्ठी (२ दिने BN १५-२१)

पृष्ठभूमी/परिचय

प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाका संचालन प्रगतिको अवस्थाको समिक्षा गर्न तथा पाठशाल संचालनमा संलग्न सहजकर्ता र संयोजकहरु संग अन्तरक्रिया गरि आगामी कार्यदिशा तय गर्न यो गोष्ठी गरिने छ

उद्देश्य

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाको प्रगति समिक्षा गर्न र सहजकर्ताहरुलाई प्राबिधिक पृष्ठपोषण गर्नु

कार्यान्वयन कार्यविधि

- कार्यक्रमको लागत अनुमान तयार र स्वीकृत गराई सहभागीहरुलाई पत्राचार गर्ने ।
- २०-२५ जना पाठशालासंग सम्बन्धित सरोकारवालाहरू सहभागी गराई गोष्ठी संचालन गर्ने ।

अपेक्षित उपलव्धी

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको वर्तमान अवस्थाको आंकलन तथा कार्यान्वयन योजना तयारी

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञ तथा फिल्ड सहजकर्ताहरू, र पाठशालाका सहभागीहरु परिचालन हुने ।



आयोजना प्रमुख

अनुगमन योजना

- PPMUs, PMU र FAO-TA ले गोष्ठी संचालनको प्रक्रिया तथा प्रभावकारिताको अनुगमन गर्ने छ।

जिम्मेवार निकाय :

- मुख्य जिम्मेवारी : सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाई
- पाठशाला संचालक : पाठशाला संचालन गर्न प्रशिक्षण प्राप्त सहजकर्ता
- प्राबिधिक पृष्ठपोषण : आयोजनाका विज्ञ

## ३.३.४६ प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला स्थापना र संचालन (कोशी-२२, मधेश-१४, बाग्मती-८) (BN 6-11 )

पृष्ठभूमी/परिचय

कृषक पाठशाला कृषक वा ग्रामीण समुदायका मानिसहरू बीच सिकाइ आदानप्रदान गर्ने थलो हो। यस थलोमा ती मानिसहरू भेला भई अनुभव सिकाइमा (Experiential Learning) केन्द्रित रही खोजपूर्ण सिकाइ (Discovery Learning) तरिकाहरू अपनाई पर्यावरणीय विश्लेषणमा आधारित भई सहभागितामूलक अभ्यासहरूको माध्यमबाट सामूहिक रूपमा सिक्ने र सिकाउने गर्दछन्। चुरे उत्थानशील आयोजनाका कृषक पाठशालालाई प्राकृतिक स्रोत व्यवस्थापन पाठशाला नामाकरण गरिएको छ। त्यसैले यस दस्ताबेजमा जहाँ-जहाँ कृषक पाठशाला भनेर उल्लेख गरिएको छ, त्यसलाई प्राकृतिक स्रोत व्यवस्थापन पाठशाला भनेर सम्झनुपर्छ। यो पाठशाला कुनै खास बाली विशेषमा मात्र सीमित नरही यसले प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका सन्दर्भमा देखिने विभिन्न प्राकृतिक, प्राविधिक तथा व्यवस्थापकीय सवालहरू समेत समेट्दछ। पाठशालामा अध्ययन परीक्षण, स्थलगत अभ्यास, अन्तरक्रिया, पाठशाला दिवस लगायतका क्रियाकलापहरु संचालन गरिन्छ | सिकाईका सत्रहरू सञ्चालन र समापनको निश्चित समयावधि हुन्छ। समुदायका सदस्यहरुलाई संगठित गर्नु तथा जलवायु परिवर्तनको कारण समग्र चुरे क्षेत्र तथा यसमा आश्रित समुदायहरुलाई प्राकृतिक श्रोत व्यवस्थापनसंग सम्बन्धित पक्षहरुमा दक्षता अभिवृद्धि गराउने उद्देश्यले यी पाठशालाहरु सञ्चालन गरिन्छ।

उद्देश्य

- स्थानीय समुदायमा रहेका प्राकृतिक श्रोत व्यवस्थापन सम्बन्धि अनुभव, परम्परागत ज्ञान तथा सिपको उपयोग गर्दै स्थानीय प्राकृतिक श्रोतहरुलाई दिगो रुपमा व्यवास्थापन गर्नमा आईपर्ने विभिन्न प्राकृतिक, प्राविधिक तथा व्यवस्थापकिय समस्याहरुको समाधान गर्न समुदाय सदस्यहरुलाई दक्ष बनाउनु प्राकृतिक श्रोत व्यबस्थापन पाठशालाको उद्देश्य हो।

कार्यान्वयन कार्यविधि

चुरे उत्थानशील आयोजनाले तयार गरेको प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाको पाठ्यक्रम अनुसार प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला स्थापना र संचालन गर्न देहाय वमोजिमको प्रक्रिया अपनाइन्छ।

क. पाठशाला स्थापना गर्नु अगाडि पाठशाला सहजकर्ता (Field School Facilitators) वडा प्रतिनिधि, स्थानिय संघ संस्थाका प्रतिनिधि, प्रदेश आयोजना इकाई प्रतिनिधि/प्रमुख, विषय विशेषज्ञ लगायतको उपस्थितिमा प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला कार्यक्रमवारे जानकारी गराई सरोकारवालाहरुको प्रतिवद्धता प्राप्त गर्न तयारी वैठक गर्ने ।

ख. प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला कार्यक्रम संचालनका लागि सामुहिक प्रतिवद्धता प्राप्त भए पश्चात निम्न कुराको आधारमा पाठशाला संचालन गर्ने स्थान (Place) छनोट गर्ने

- आयोजनाको CERP ले तोकेको जोखिम क्षेत्र/तोकेको पालिका तथा पाठशालाको उद्देश्य वमोजिमको भौगोलिक रुपमा उपयुक्त स्थान
- जागरुक र इच्छुक कृषक भएको ठाउं (कृषक समूह भएको स्थानलाई प्राथमिकता दिईने)
- पाठशाला संचालन गर्न स्थानिय श्रोत साधन प्राप्त हुने र स्थानीय निकायको सकारात्मक सहयोग प्राप्त हुने ठाउं
- यातायात र संचारको दृष्टिले पायक पर्ने ठाउं
- समूह सदस्यहरुको घर सकभर नजिक रहेको (तुलनात्मक रुपले घना वस्ति भएको स्थान)

ग. सामुदायिक संस्था/समूह(हरु)का सदस्यहरुको सहभागिता हुने गरि पाठशालाका लागि सहभागि छनौट गर्न अन्तरक्रिया गर्ने । प्राकृतिक श्रोत व्यवस्थापन पाठशालामा सामान्यतया २५ देखि ३० जना सदस्यहरूलाई सहभागी गराई १८ महिना सम्म सञ्चालन गरिने भएकाले सहभागी कृषकहरूको छनौट गर्दा तल उल्लेखित आधारहरू अपनाउन उपयुक्त हुन्छ ।

- आयोजना सञ्चालन भएका नदी प्रणाली भित्र बसोवास गर्ने ।
- पाठशाला अवधिभर सहभागी हुन इच्छुक ।
- प्रत्यक्ष रुपमा खेतीपाति तथा वन व्यवस्थापनमा संलग्न रहेका ।
- प्राकृतिक श्रोत व्यवस्थापनसंग सम्वन्धि सीप सिक्न चाहने ।
- पाठशालामा नियमित समय दिन सक्ने ।
- पाठशाला स्थल नजिक (३० मिनेट भित्र हिडेर पुग्न सकिने) वासस्थान भएका ।
- सामान्य लेखपढ गर्न जान्ने ।
- महिला आदिवासि जनजाती र सामाजिकरूपमा पछाडी परेका सिमान्तकृत समुदायका सदस्यहरूको सामानुपातिक प्रतिनिधित्व हुने ।

**नोटः** वालवालिका, विद्यालय जाने विद्यार्थि र अस्वस्थ व्यक्तिहरूलाई पाठशालामा सहभागी नगराउने। एक घरधुरीवाट एक जना मात्र सहभागि हुन पाउने ।

घ. पाठशालामा संलग्न हुन प्रतिवद्ध भएका सहभागिहरुसंग निम्न आधारहरुलाई मध्य नजर गर्दै अन्तरकृया गरि पाठशाला संचालन गर्नेस्थल (site) छनोट गर्ने ।

- सवै सदस्यलाई पायक पर्ने स्थल (सदस्यहरूको बसाई नजिकै रहेको)
- परीक्षण गर्ने र अन्तरकृया/छलफल गर्न उपयुक्त ठांउ भएको (सम्भव भएसम्म अन्तरकृया/छलफलका लागि सार्वजनिक स्थल उपलव्ध भएको ठाउ)
- परीक्षण अवधिका लागि जग्गा उपलव्ध गराउन करार गर्ने जग्गाधनी रहेका
- खाजा, पानी र शौचालय उपलव्ध हुने स्थल



आयोजना प्रमुख

ङ. सहभागिहरुलाई ५-६ जनाको ४-५ वटा उपसमुहमा विभाजन गरि पाठशालाका सिकाई कृयाकलापहरु प्रभावकारी वनाउने।

च. पाठशालाका सहजकर्ताले पाठशालाको तयारी बैठक पश्चात पाठशालाको पाठ्यक्रम तालिका तयार गरि कार्यक्रम संचालन गर्ने निकाय तथा सम्बन्धित बिज्ञलाई पठाउने | सम्बन्धित बिज्ञले एक हप्ता भित्र आबस्यक सुझाब दिने | ति सुझाब समेटी पाठ्यक्रम तालिकालाई पाठशालाका सहजकर्ताले अन्तिम रुप दिई सोहि तालिका मा आधारित भइ पाठशाला को दैनिक पाठयोजना तयारी गर्ने |

छ. पाठशालामा अनिवार्य रुपमा तुलनात्मक अध्ययन परिक्षण स्थापना गर्नु पर्ने छ। साथै स्थानिय आवश्यकता अनुसारका सहयोगि परिक्षणहरु समेत संञ्चालन गर्न सकिनेछ । एक पाठशालामा न्युन्तम एककठ्ठा र अधिकतम तिन कठ्ठा सम्म अध्ययन परिक्षण गर्न सकिनेछ | तुलनात्मक अध्ययन परिक्षणमा दुईवाट उपचार (Treatment) हुनु पर्ने छ | सहयोगि परिक्षणहरुको लागि परिक्षणको डीजाईन अनुसारको संख्यामा उपचार (Treatment) र दोहरीकरण (Replication) गर्न सकिने छ |

ज. पर्यावरणिय प्रणाली विश्लेषण पाठशालाको पाठ्यक्रमको मेरुदण्ड भएकोले पाठशालाको पहिलो चरणमा कम से कम १०—१२ पटक यो अभ्यास अनिवार्य रुपमा संचालन गर्ने ।

झ. पाठशालाको दैनिक पाठयोजनामा समसामायिक आवश्यकता अनुसारका विषय र समुह गतिशिलता अभ्यास नियमित रुपमा समावेश गर्ने ।

ञ. पाठशालामा अनुशरण गरिएको प्रविधिको बिस्तार गर्न पाठशाला दिवस दिनमा एककार्यक्रम आयोजना गरी आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थल भ्रमण, विविध स्टलहरुको निरिक्षण तथा सांस्कृतिक कार्यक्रमको अवलोकन गराई पाठशालामा सहभागीहरुलाई पुरस्कृत गर्ने | पाठशालाको तेस्रो चरणको दिवसलाई पाठशाला समापन समारोहको रुपमा आयोजना गरी सहभागीहरुलाई पाठशालामा सक्रिय रुपमा सहभागी भै दिक्षित भएको प्रमाणपत्र वितरण गर्ने । पाठशाला दिवसलाई वातावरण दिवस, पृथ्वी दिवस, भू-संरक्षण दिवस जस्ता पाठशालाको विषयवस्तुसंग मेल खाने विशेष अबसर संग जोड्न सकिन्छ |

ट. पाठशालाको दैनिक पाठ योजनामा निर्धारण गरिएको बिशेष बिषय सहजीकरणका लागि सो बिषय सम्बन्धि जानकारी भएका सरकारी, गैर सरकारी वा निजी क्षेत्रका प्राबिधिक/विशेषज्ञलाई वाह्य श्रोतव्यक्तिको रुपमा परिचालन गर्न सकिने छ | एक पाठशाला सत्रमा एक मात्र वाह्य श्रोतव्यक्ति परिचालन गर्नु पर्ने छ |

ठ. पाठशाला संचालन गर्ने अवधि १८ महिनाको हुनेछ ।

- १८ महिने अवधिलाई पहिलो (४ महिने), दोश्रो (६ महिने), र तेश्रो (८ महिने) गरी तीन चरणमा वाँडिनेछ।
- पहिलो चरणमा एक हप्ताको अन्तरालमा, दोश्रो चरणमा प्रत्येक दुई हप्ताको अन्तरालमा र तेस्रो चरणमा चार हप्ताको अन्तरालमा पाठशाला सञ्चालन गरिनेछ ।

तसर्थ, पहिलो ४ महिनामा १९ पटक (तैयारी वैठक ३ पटक, पाठशाला सत्र १५ पटक, दिवस वा समारोह १ पटक) पाठशाला चल्नेछ भने दोश्रो चरणमा १३ पटक (तैयारी वैठक १ पटक, पाठशाला सत्र ११ पटक, दिवस वा समारोह १ पटक) तथा तेश्रो चरणमा ९ पटक (तैयारी वैठक १ पटक, पाठशाला सत्र ७ पटक, दिवस १ पटक) पाठशाला सञ्चालन हुनेछ ।

<u>अपेक्षित उपलब्धी</u>

- सहभागीहरु स्थानीय रुपमा अवस्थित प्राकृतिक स्रोतहरुको पहिचान, अवस्था विश्लेषण गरी दिगोरुपमा व्यवस्थापन गर्ने योजना तयार गर्न दक्ष भएको हुने ।
- पर्यावरणिय प्रणाली विश्लेषण अभ्यासको माध्यमवाट पाठशाला सदस्यहरुको अवलोकनका शिप, प्राकृतिक श्रोत विश्लेषण तथा ती श्रोतहरुको दिगो व्यवस्थापन गर्न निर्णय लिन सक्ने क्षमतामा अभिवृद्धि भई स्थानिय स्तरमै समस्या समाधान गर्न कृषक/उपभोक्ता स्वयंम भएको हुने ।
- स्थलगतरुपमा उन्नत प्रविधिको प्रभावकारीताको अध्ययन परिक्षण गरी उपयुक्त हुने ज्ञानको सृजना भएको हुने ।
- कृषक/उपभोक्ताको सामुहिक सशक्तिकरण भएको हुने ।

जनशक्ति व्यवस्थापन

- PMU, PPMUs र FAO-TA का विज्ञ तथा फिल्ड सहजकर्ताहरू, र पाठशालाका सहभागीहरु परिचालन हुने ।

अनुगमन योजना

- आयोजना व्यवस्थापन इकाईले तयार परेको प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला अनुगमन योजना अनुसर सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाईले पाठशाला कार्यक्रम हेर्न तोकेको प्राबिधिक कर्मचारी, सेवा प्रदायक संस्थाको पाठशाला संयोजक, आयोजनाका बिज्ञहरु तथा आयोजना व्यवस्थापन इकाईका प्राबिधिक कर्मचारीहरुले पाठशालाको नियमित अनुगमन गर्नेछ ।

जिम्मेवार निकाय :

- मुख्य जिम्मेवारी : सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाई
- पाठशाला संचालक : पाठशाला संचालन गर्न प्रशिक्षण प्राप्त सहजकर्ता
- प्राबिधिक पृष्ठपोषण : आयोजनाका विज्ञ

### ३.३.४७ प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरूको संचालन (निरन्तरता) (कोशी -२५, मधेश -२०, वाग्मती-१०) (BN १५-२१)

आ.वा. २०८०/८१ मा स्थापना भई संचालनमा रहेका पाठशालाहरुलाई निरन्तरता दिन यो क्रियाकलाप संचालन गरिनेछ | प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला स्थापना र संचालनको लागि (बुंदा न.३.३.४६) मा उलेखित विवरण अनुसार र कार्यान्वयन कार्यविधि अवलम्वन गरि आ.व. २०८०/८१ मा स्थापना भई संचालनमा रहेका पाठशालाहरुलाई निरन्तरता दिइनेछ | यस क्रियाकलापमा विनियोजित भएको वजेट अनुसूची ४ अनुसार खर्च गरिनेछ।

### ३.३.४८ प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरुको अनुगमन खर्च (दै. भ्र. र इन्धन समेत BN १५-२१)

पृष्ठभूमी/परिचय

आयोजना प्रमुख

प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला स्थापना र संचालन (बुंदा न.३.३.४६) र प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाहरूको संचालन (निरन्तरता) (बुंदा न.३.३.४७) क्रियाकलापहरुलाई मापदण्ड अनुसार कार्यन्बयन गर्दा आवश्यक प्राविधिक पृष्ठपोषण र ब्यबस्थापकीय सबालहरु सम्बोधन गर्नका लागि नियमित रुपमा अनुगमन गर्न यो क्रियाकलाप संचालन गरिन्छ |

उद्देश्य

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला स्थापना गरि संचालन गर्दा आवश्यक प्राविधिक पृष्ठपोषण प्रदान गर्नु र पाठशालाको गुणस्तर सुनिश्चित गर्नु |

कार्यान्वयन कार्यविधि

- प्रत्येक प्राकृतिक श्रोत व्यवस्थापन पाठशालालाई प्रति चरण कम्तिमा दुइपटक अनुगमन गरिनेछ ।
- अनुगमनकर्ताले अनुगमन गर्दा देखेका राम्रो र सुधार गर्नुपर्ने कुराहरु पाठशालाको अभिलेख पुस्तिकामा लेखि दिनुपर्छ ।
- अनुगमनकर्ताले पाठशाला अनुगमन चेकलिष्ट फारम भरी एक प्रति सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाईलाई वुझाउनु पर्ने हुन्छ ।

अपेक्षित उपलब्धी

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला प्रभावकारी ढंगले संचालन भएको हुने ।

जनशक्ति व्यवस्थापन

- सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाईको कार्यालय प्रमुख, पाठशाला कार्यकम हेर्न तोकेको कर्मचारी लगायत कार्यालय प्रमुख र यस कार्यको लागि खटाएका कर्मचारीहरु
- सेवा प्रदायकले नियुक्त गरेका पाठशाला संयोजक
- आयोजना व्यवस्थापन इकाई तथा आयोजनाका विज्ञहरु

जिम्मेवार निकाय :

- सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाई

### ३.३.४९ प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सहजकर्ताहरुको दैनिक भ्रमण खर्च (BN: 15- 21)

पृष्ठभूमी/परिचय

प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला स्थापना गर्न र लामो अवधि सम्म नियमित रुपमा संचालन गर्न प्रशिक्षण प्राप्त सहजकर्ता पाठशाला संयोजक तथा स्रोत व्यक्तिहरु परिचालन गर्नु पर्ने हुन्छ | यस आयोजनाको

कतिपय कार्यक्षेत्र टाढा रहेको र यातायात सुविधा समेत नरहेको आवस्थामा ती जनशक्तिहरुलाई दैनिक तथा भ्रमण खर्च व्यवस्था गर्न यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

उद्देश्य

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला संचालन गर्न प्रशिक्षण प्राप्त सहजकर्ता, सहायक सहजकर्ता तथा पाठशाला संयोजकलाई परिचालन गर्दा लाग्ने खर्च को व्यबस्था गर्नु ।

कार्यान्वयन कार्यविधि

- प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला कार्यक्रम संचालनमा प्रदेश आयोजना संयोजकबाट भ्रमण आदेश स्वीकृत गराई खटिने बिज्ञहरु लगायत सहजकर्ताहरु तथा पाठशाला संयोजकका लागि नियमानुसार पाउने दैनिक भ्रमण खर्च यस शिर्षकबाट गरिनेछ।

अपेक्षित उपलब्धी

- पाठशाला संचालन गर्न प्रशिक्षण प्राप्त सहजकर्ता तथा पाठशाला संयोजक प्रभावकारी ढंगले परिचालन हुने ।

जनशक्ति व्यवस्थापन

- पाठशाला संचालन गर्न प्रशिक्षण प्राप्त सहजकर्ता तथा पाठशाला संयोजक

जिम्मेवार निकाय

- सम्वन्धित प्रदेशको आयोजना व्यवस्थापन इकाई

### ३.३.५० कम्पोनेन्ट १ अन्तरगतका कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन खर्च (BN: 26, 27, 28, 54, 55, 56)

पृष्ठभूमी/परिचय

PPMU ले आफ्नो कार्यक्षेत्रमा स्वीकृत वार्षिक योजनाको कम्पोनेन्ट १ अन्तर्गत संचालन गरिने क्रियाकलापहरुको अनुगमन र मुल्यांकन गर्नका लागि PPMU बाट खटिने जनशक्ति र सरोकारवालाहरुको प्रतिनिधिहरुको यातायात तथा दै.भ्र.भ. उपलब्ध गराउन यो शिर्षक अन्तर्गतको वजेट खर्च गरिने छ ।

उद्देश्य

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाउने ।

कार्यान्वयन कार्यविधि

- अनुगमन योजना तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।



आयोजना प्रमुख

भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात् फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले कामको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

### ३.३.५१ बायोग्यास वा विद्युतीय चुल्होको लागि सहयोग (BN: 29-31)

पृष्ठभूमी/परिचय

PIM अनुसार कृषि, वन तथा पशुपालन व्यवस्थापन अभ्यासहरु अनुसरण गराउने क्रममा Biogas स्थापना सम्बन्धी कार्यमा आवश्यक सहयोग एवं सहजिकरणका लागि तालिम सञ्चालन तथा स्थलगत प्रचारप्रसार एवं अनुगमन कार्यमा खटिने सम्बन्धित कर्मचारीहरुको दैनिक भ्रमण भत्ता प्रचलित ऐन नियम अनुसार यस शीर्षक अन्तर्गत भुक्तानी गरिनेछ। कुनै स्थान विशेषमा Biogas स्थापनाको सम्भावना नदेखिएमा वन क्षेत्र माथिको चाप कम गराउन प्रचलित ऐन नियमको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गरी विद्युतीय चुल्हो यस शिर्षकबाट बिपन्न परिवारहरुमा वितरण गर्न सकिनेछ।

उद्देश्य

- आयोजना क्षेत्रमा रहेका समुदायहरुको बन श्रोत माथि रहेको चापलाइ कम गर्ने तथा उनीहरुको दैनिक उर्जाको मागलाई सम्बोधन गर्न Biogas तथा विद्युतीय चुल्हो खरिद गरि वितरण गर्ने ।

कार्यान्वयन कार्यविधि

- Biogas स्थापना तथा विद्युतीय चुल्हो राख्न ईच्छुक घरधुरीको पहिचान गरि सूची तयार गर्ने ।
- लागत अनुमान तयार गरि स्वीकृत गर्ने र Biogas स्थापना गर्न चाहनेको हकमा वैकल्पिक उर्जा प्रवर्धन केन्द्र (AEPC) सँग समन्वय गरि आवश्यक सहजीकरण गर्ने र विद्युतीय चुल्होको माग गर्ने घरधुरीको हकमा स्वीकृत लागत अनुमानको आधारमा सार्वजनिक खरिद ऐन र नियमावलीको अधिनमा रही सेवा खरिद गरि वितरण गर्ने ।
- Biogas स्थापना गर्न चाहनेको घरधुरीको हकमा कार्यालयले सो सेवा उपलब्ध गराउन नसकेको खण्डमा र ति घरधुरीले विद्युतीय चुल्हो राख्न चाहेमा नियमानुसार उपलब्ध गराउन सकिने छ ।

अपेक्षित उपलब्धी

- Biogas स्थापना तथा विद्युतीय चुल्हो वितरण भई आयोजना क्षेत्रमा रहेका समुदायहरुको बन श्रोत माथि रहेको चाप कम भएको हुने ।

जनशक्ति व्यवस्थापन



आयोजना प्रमुख

- PPMUs, PMU, FAO-TA, AEPC, LRPs ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
... आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

अनुगमन योजना

- Biogas स्थापना तथा विद्युतीय चुल्हो खरिद तथा वितरणको क्रममा PMU, FAO-TA, AEPC का प्रतिनिधिहरु सम्मिलित टोलीले समयसमयमा अनुगमन गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PPMUs, PMU, FAO-TA, AEPC ।

## ३.३.५३ इन्जिनियर (सिभिल) (BN: 38-40)

पृष्ठभूमी/परिचय

आयोजनाले संरक्षणका लागि प्रस्ताव गरिएका पूर्वाधारहरु (भौतिक तथा जैविक) निर्माण गर्ने क्रममा प्राविधिक इन्जिनियर (सिभिल) को सेवा चाहिने हुँदा सो विषयमा विज्ञता भएको प्राविधिक नियुक्त गरि सेवा लिनु पर्ने छ ।

उद्देश्य

- इन्जिनियर (सिभिल) सेवा खरिद गरि आयोजनालाई चाहिने प्राविधिक सेवा प्राप्त गर्नु ।

कार्यान्वयन कार्यविधि

- PPMUs ले आफ्नो कार्यालयको कार्य बोझ र उपलब्ध बजेटलाई मध्यनजर राखी पदको निक्यौंल (इन्जिनियर वा सब-इन्जिनियर) गरी पद बमोजिमको TOR सहित प्रचलित आर्थिक ऐन नियम, दररेट तथा नर्मसलाई आधार मानी लागत अनुमान तयार तथा स्वीकृत गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रक्रिया पुरा गरी आवश्यक सेवा खरिद गर्न सकिने ।

अपेक्षित उपलब्धी

- इन्जिनियर (सिभिल) सेवा खरिद गरि आयोजनालाई चाहिने प्राविधिक सेवा प्राप्त हुँदा आयोजनाको कार्यक्रमहरु कार्यान्वयनमा सहजता र प्रभावकारिता बढेको हुने ।

जनशक्ति व्यवस्थापन

- PPMUs र PMU का कर्मचारी तथा FAO-TA का प्रोक्योरमेन्ट बिज्ञको समन्वयमा यो कार्य गरिने छ ।

अनुगमन योजना

- आवश्यकताको आधारमा PMU तथा FAO-TA का प्रोक्योरमेन्ट बिज्ञ संलग्न टोलीले यो नियुक्त प्रक्रियाको अनुगमन तथा मुल्यांकन गर्न सकिने छ ।

जिम्मेवार निकाय

- PPMUs, PMU र FAO-TA ।

आयोजना प्रमुख

## ३.४ सशर्त अनुदानमा प्रदेश वन सम्बन्धि मन्त्रालयले संचालन गर्ने कार्यक्रमहरु

### ३.४.१ ANR कार्यक्रम संचालन/ कार्यान्वयन (BN:109-114)

पृष्ठभूमी/परिचय

आयोजना क्षेत्रमा रहेका क्षतिग्रस्त वन क्षेत्रहरुलाई पुनरुत्थान गर्ने बिबिध तरिकाहरुमध्ये प्राकृतिक पुनरुत्पादन सहयोग (Assisted Natural Regeneration- ANR) एक प्रमुख कार्य हो । आयोजनाले आफ्नो कार्य क्षेत्रका समुदायमा आधारित बन उपभोक्ता समुहहरु मार्फत आयोजना अबधि भरमा १५९९० हे. मा यो कार्य गर्ने लक्ष्य लिएको छ । साथै प्रदेश वन तथा वातावरण मन्त्रालय अन्तर्गतका डिभिजन वन कार्यालयहरु एक महत्वपूर्ण साझेदार निकाय रहेको र वनको व्यवस्थापनमा जिम्मेवार निकाय भएको हुँदा ति कार्यालयहरुबाट संचालन हुनेगरी यो कार्यक्रम प्रस्ताव गरिएको हो ।

उद्देश्य

- ANR कार्यक्रमको मुख्य उद्देश्य बनको प्राकृतिक पुनरुत्पादनमा टेवा पुर्याउदै एकीकृत कार्यक्रमहरु मार्फत समग्र वन क्षेत्रको पुनरुत्पादन/पुनर्स्थापनामा सहयोग पुर्याउनु हो ।

कार्यान्वयन कार्यविधि

- यो क्रियाकलाप कार्यान्वियनका लागि सम्बन्धित डिभिजन वन कार्यालयहरुले आफ्ना कर्मचारीहरु परिचालन गरि प्रदेश आयोजना व्यवस्थापन इकाईसंगको समन्वयमा आयोजनाले तयार गरेको Critical Ecosystem Restoration Plan (CERP) ले पहिचान गरेका बन क्षेत्र, तथा कार्यान्वन गर्ने बन उपभोक्ता समूह/समुदाय पत्ता लगाई सो को सुची तयार गर्ने ।
- सुची बमोजिम प्राथमिकता निर्धारण गरि डिभिजन वन कार्यालयहरुले प्राविधिकहरुलाइ कार्यदिश दिएर Forest Land Restoration/Assisted Natural Regeneration (FLR/ANR) TOT प्राप्त बन अधिकृतहरुको सहजिकरनमा अन्तरक्रिया संचालन गर्नेछ । उक्त अन्तरक्रियाको निर्णय तथा बन क्षेत्रको अबस्था बमोजिम सम्बन्धित प्राविधिकले निम्न बमोजिमका एकीकृत कार्यक्रमहरु प्याकेजमै संचालन गर्ने गरि बिस्तृत सर्वेक्षण, डिजाइन, तथा ल. इ. गरि समग्र वन क्षेत्रको पुनरुत्पादन/पुनर्स्थापनामा सहयोग पुर्याउनेछः
  - झाडी सरसफाई गर्ने
  - क्षतिग्रस्त बन क्षेत्रमा वन प्रजातिहरु बिउ छरि वनको पुनर्स्थापना गर्ने
  - बन क्षेत्रको वरिपरी आबश्यकता अनुसार तारवार गर्ने
  - वन हेरालुको व्यबस्था गर्ने
  - पुनरुत्पादन नआउनुको कारण माटोमा चिस्यानको कमि प्रमुख कारण भएमा मात्र त्येस्ता क्षेत्रहरुमा स-साना सतही पानी/भुमिगत जल पुनभरणमा योगदान पुर्याउने खालका संरचनाहरु (ट्रेन्च, पिट होल, कुवा, आहाल आदि) निर्माण तथा संरक्षणका काम गर्ने
  - खाली ठाउँहरुमा enrichment plantation वृक्षारोपण गर्ने

- भू-संरक्षणका बिभिन्न उपायहरु तथा स-साना संरचनाहरुको निर्माण गरि वनको पुनर्स्थापना गर्ने
- अग्नि नियन्त्रणका लागि आवश्यक कार्यहरु गर्ने
- लगायतका अन्य यस्तै बन क्षेत्रका पुनर्स्थापना र वनको हैसियत अभिबृधि गर्ने कार्यहरु

माथि उल्लेखित कार्यहरु संचालन गर्दा एउटा मात्र क्रियाकलाप संचालन नगरी दुइ वा दुई भन्दा बढी क्रियाकलापहरु एकिकृत गरि गर्नु पर्नेछ। साथै ANR कार्य संचालन गर्न गराउन लाग्ने सबै किसिमका ज्यामी/मिस्त्री, निर्माण सामग्री लगायतका खर्च गर्न सकिनेछ। तर ज्यामी/मिस्त्रीले गर्ने कार्यको सट्टा ट्रयाक्टर, एक्जाभेटर आदि जस्ता मेशिनको प्रयोग गर्नु पर्ने भएमा सो को भाडा/खर्च समेत लागत इष्टिमेटमा उल्लेख भए बमोजिम यस शिर्षक अन्तर्गत खर्च गर्न सकिनेछ ।

अपेक्षित उपलब्धी

- आयोजना क्षेत्रमा रहेका क्षतिग्रस्त बन क्षेत्रहरुमा प्राकृतिक पुनरुत्पादन हुन नसक्नुका कारणहरु पहिचान भै सो क्षेत्रको पुनरुत्थान भएको हुनेछ र आयोजना कार्य क्षेत्रका समुदायमा आधारित बन उपभोक्ता समुहहरु बन व्यबस्थापनमा सक्रिय हुनेछन ।

जनशक्ति व्यवस्थापन

- प्रशिक्षक प्रशिक्षण क्रियाकलापमा संलग्न डिभिजन वन कार्यालयहरु अन्तर्गतका वन कर्मचारीहरु ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम उपभोक्ता समितिलाइ समेत जिम्मेवार बनाउदै संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन गरी डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- यी क्रियाकलापहरु कार्यान्वयन गर्ने मुख्य निकाय समुदायामा आधारित वन उपभोक्ता समूहहरु नै हुन । यसको सहजीकरण, आर्थिक परिचालन र अनुगमन गर्ने निकाय डिभिजन वन कार्यालयहरु हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

### ३.४.२ नर्सरी स्थापना/मर्मत/स्तरोन्नति (५० हजार विरुवा उत्पादन क्षमता (BN: 66, 67, 73, 74, 75, 79, 81))

पृष्ठभूमी/परिचय

आयोजना कार्य क्षेत्रमा स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक बन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने लक्ष्य बमोजिम आयोजना का २६ वटा नदि प्रणालीमा नर्सरी स्थापना गर्ने कार्यक्रम राखिएको छ । यस कार्यका लागि डिभिजन

बन कार्यालय र स्थानीय बन उपभोक्ता समूहहरुको सहकार्य र समन्वयमा नर्सरी स्थापना गर्ने तथा स्थापित नर्सरीहरुको स्तरोन्नति र मर्मत गर्दै यस वर्ष ५० हजार बिरुवा सम्म उत्पादन गर्न सक्ने नर्सरी तयार गर्ने कार्यक्रम रहेको छ ।

उद्देश्य

- स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गर्नका लागि बढीमा ५० हजार बिरुवा उतपादन क्षमताका नर्सरी स्थापना गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक बन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने ।

कार्यान्वयन कार्यविधि

- प्रत्येक नदी प्रणालीमा आबश्यकता अनुसार ५"*८" साइजको पोलिव्यागमा उत्पादन हुने क्षेत्रलाई आधारमानेर न्युनतम २५,००० वा सो भन्दा माथि क्षमताका नर्सरीहरु स्थापना गरिनेछ ।
- नर्सरी स्थापना गरिने क्षेत्रको पहिचान र सिफारिस सम्बन्धित डिभिजन वन कार्यालय, सब-डिभिजन वन कार्यालय, स्थानीय वडा कार्यालय र सामुदायिक संस्थाहरुको समन्वयमा यस आयोजनाको कार्यक्षेत्र भित्र पर्ने गरि गर्नु पर्नेछ ।
- क्षेत्र पहिचान भै सिफारिस भएका नर्सरीहरुको अन्तिम स्वीकृति DFO ले PIM मा उल्लेखित मापदण्डको आधारमा गर्नेछ।
- यसरी स्विकृति प्राप्त नर्सरीहरुको डिजाईन लेआउट, स्थापना प्रकृया, सञ्चालनमा संलग्न हुने संस्थासँगको सम्झौता र आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरुको विस्तृत लगत इष्टिमेट (ल.ई.) समेतको प्रतिवेदन आयोजना/डिभिजन वन कार्यालयको सम्बन्धित बिषय हेर्ने कर्मचारी/ बिज्ञले तयार गर्नेछ।
- स्वीकृत लगत इष्टिमेट (ल.ई.) र प्रतिवेदनको आधारमा नर्सरीका लागि आवश्यक सामाग्रीहरु खरिद समेतका लागि माथि उल्लेखित शीर्षकको रकम नियमानुसार प्रयोग गरिनेछ।
- यस्ता नर्सरीहरु आयोजना अवधी समाप्ति पश्चात समेत निरन्तर रुपमा सम्बन्धित संस्थाबाट सञ्चालन हुने छन।
- पुनश्चः ५"*८" साइजको पोलिव्यागको २५ हजार बिरुवा उत्पादनको लागि अधिकतम रु. ५ लाख खर्च मानी सोहीअनुसार उत्पादन क्षमताको आधारमा खर्च लेख्ने गरी स्थापना गर्न सकिनेछ ।
- नर्सरी स्थापना तथा संचालन गर्दा नर्सरी रजिष्टर व्यवस्थापन गर्नु पर्ने छ ।

अपेक्षित उपलव्धी

- आयोजनाका २६ वटा नदि प्रणालीमा बढीमा ५० हजार बहुबर्षीय बन बिरुवा उत्पादन क्षमताका नर्सरी स्थापना भएका हुनेछन ।

जनशक्ति व्यवस्थापन

- डिभिजन तथा सब डिभिजन वन कार्यालयका वन अधिकृत लगाएतका कर्मचारीहरु, सामुदायिक वन र स्थानीय उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

अनुगमन योजना

- माथि सेक्सन २.३ मा लेखिए बमोजिम डिभिजन वन कार्यालयले संस्थागत अनुगमन योजना बनाइ आफुले सञ्चालन गरे/गराएका कार्यक्रमहरुको अनुगमन डिभिजन वन कार्यालयले प्रदेश वन मन्त्रालय मार्फत PMU मा अनुसूचीः ३ बमोजिम फारम भरी त्रैमासिक रुपमा प्रतिबेदन पठाउनु पर्नेछ ।

जिम्मेवार निकाय

- यस क्रियाकलापको हकमा सहजीकरण, आर्थिक परिचालन, कार्यान्वयन तथा अनुगमन गर्ने मुख्य निकाय डिभिजन वन कार्यालय हो भने आबश्यक प्राबिधिक तथा नीतिगत सहयोगका लागि FAO-TA तथा PMU जिम्मेवार हुनेछन ।

## ३.४.३ उत्पादित बहुबर्षीय बिरुवाको हेरचाह (प्रति हजारमा, BN: 66, 67, 73, 75, 79, 81)

पृष्ठभूमी/परिचय

आयोजनाको क्रियाकलाप बमोजिम नर्सरी स्थापना गरि वन जन्य बहुबर्षीय विरुवाहरु उत्पादन गर्न शुरु गरिएको र उक्त विरुवाहरु एक बर्ष भन्दा बढी समय नर्सरीमा रहनु पर्ने हुँदा ति विरुवाको हेरचाहको लागि यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

उद्देश्य

- गुणस्तरीय र परिपक्व विरुवाहरु उत्पादन तथा उपलब्ध गराउने ।

कार्यान्वयन कार्यविधि

- गत आर्थिक बर्ष देखि उत्पादन शुरु गरेर नर्सरीमा रहेका बहुबर्षीय विरुवाहरुको रेखदेख तथा व्यवस्थापन गर्ने कामहरु (हेरालु राख्ने, ग्रेडिंग गर्ने, नर्सरी सामग्री तथा औषधि खरीद गर्ने आदि) का लागि जिल्ला दररेटमा (उदाहरणको लागिः मोरंग) व्यबस्था भए बमोजिम वा ल.ई. तयार गरी यस शिर्षकमा विनियोजित बजेट खर्च गरिने छ ।

अपेक्षित उपलब्धी

- गुणस्तरीय र परिपक्व विरुवाहरु समुदायलाई उपलब्ध भएको हुने ।

जनशक्ति व्यवस्थापन

- डी.व.का., वन उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

अनुगमन योजना

- डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।
- PMU, FOA-TA, PPMU ले समय समयमा कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।



आयोजना प्रमुख

जिम्मेवार निकाय

- डी.व.का., PMU, FOA-TA, PPMU र वन उपभोक्ता समुहहरु ।

## ३.४.४ विरुवा उत्पादन/वितरण (४"*७" को पोलीव्यागमा ५० हजार बिरुवा (BN: 66, 67, 73, 75, 79, 81))

पृष्ठभूमी/परिचय

आयोजना कार्य क्षेत्रमा स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक बन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने लक्ष्य बमोजिम आयोजना का २६ वटा नदि प्रणालीमा नर्सरी स्थापना गर्ने कार्यक्रम राखिएको छ । यस कार्यका लागि डिभिजन बन कार्यालय र स्थानीय बन उपभोक्ता समूहहरुको सहकार्य र समन्वयमा नयाँ नर्सरी स्थापना गर्ने तथा स्थापित नर्सरीहरुको स्तरोन्नति र मर्मत गर्दै स्थानीयको माग र आयोजनाले निर्दिष्ट गरेका प्रजातिका गुणस्तरीय विरुवाहरु उत्पादन गरि हरियाली प्रवर्धनमा टेवा पुर्याउन यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

उद्देश्य

- नयाँ स्थापना गर्ने वा स्थापना भई संचालनमा रहेका नर्सरीहरुमा आवश्यकता पहिचान गरिएका गुणस्तरीय वहुवर्षिय विरुवाहरु उत्पादन गरि वितरण गर्नु ।

कार्यान्वयन कार्यविधि

नयाँ स्थापना गर्ने वा स्थापना भई संचालनमा रहेका नर्सरीहरुमा आवश्यकता पहिचान गरिएका गुणस्तरीय वहुवर्षिय विरुवाहरु कम्तिमा ४"* ७" (बहुबर्षीय बिरुवाको हकमा ५"*८" साइजमा प्राथमिकता दिनेगरी) तपसिलमा उल्लेख भए अनुरुप उत्पादन गरी CERP ले निर्देशित गरेका स्थानहरुमा वृक्षारोपण, पुनःरोपण तथा वितरण कार्य गरिनेछ।

तपसिलः

१. एक बर्षे बिरुवा (३"*७" साइजको पोलीव्यागमा उत्पादन गरिने): मसला, सिरिस, बकाइनो, इपिल-इपिल, कदम, खयर, खन्यु, खमारी, टाँकि, कोइरालो आदि जस्ता छिटो बढ्ने प्रजातिहरू।

२. बहु बर्षे बिरुवा (५"*८" साइजको पोलीव्यागमा उत्पादन गरिने): टिकको कटिंग, जामुन, च्युरी, साल, अनार, अम्बा, तेजपात, अशोक,निम, हर्रो, बर्रो, अमला, चाँप, श्रीखण्ड, कर्मा, असना, बिउ बाँस, कपुर, कल्की फुल, रुद्राक्ष, रक्तचन्दन, सतिसाल, निमारो, राजवृक्ष आदि ।

अपेक्षित उपलव्धी

- नर्सरीहरुमा गुणस्तरीय विरुवाहरु उत्पादन भई स्थानीय उपभोक्ताहरुलाई वितरण भएको हुने ।

जनशक्ति व्यवस्थापन

- डी.व.का., वन उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

अनुगमन योजना

- डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ ।
- PMU, FOA-TA, PPMU ले समय समयमा कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।

<u>जिम्मेवार निकाय</u>

- डी.व.का., PMU, FOA-TA, PPMU र वन उपभोक्ता समुहहरु ।

### ३.४.५ विरुवा उत्पादन/वितरण बहुबर्षीय (५० हजार विरुवा प्रति नर्सरी) (BN: 66, 73, 79)

<u>पृष्ठभूमी/परिचय</u>

आयोजना कार्य क्षेत्रमा स्थानीय समुदायको माग बमोजिमका गुणस्तरीय रुख प्रजातिका बिरुवाहरु उत्पादन गरि वितरण तथा वृक्षारोपण मार्फत प्राकृतिक बन क्षेत्रलाइ घना बनाउने र चुरे क्षेत्रको पुनर्स्थापना गर्ने लक्ष्य बमोजिम आयोजना का २६ वटा नदि प्रणालीमा नर्सरी स्थापना गर्ने कार्यक्रम राखिएको छ । यस कार्यका लागि डिभिजन वन कार्यालय र स्थानीय वन उपभोक्ता समूहहरुको सहकार्य र समन्वयमा नयाँ नर्सरी स्थापना गर्ने तथा स्थापित नर्सरीहरुको स्तरोन्नति र मर्मत गर्दै स्थानीयको माग र आयोजनाले निर्दिष्ट गरेका प्रजातिका गुणस्तरीय वहुवर्षिय विरुवाहरु उत्पादन गरि हरियाली प्रवर्धनमा टेवा पुर्याउन यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

<u>उद्देश्य</u>

- नयाँ स्थापना गर्ने वा स्थापना भई संचालनमा रहेका नर्सरीहरुमा आवश्यकता पहिचान गरिएका गुणस्तरीय वहुवर्षिय विरुवाहरु उत्पादन गरि वितरण गर्नु ।

<u>कार्यान्वयन कार्यविधि</u>

नयाँ स्थापना गर्ने वा स्थापना भई संचालनमा रहेका नर्सरीहरुमा आवश्यकता पहिचान गरिएका गुणस्तरीय वहुवर्षिय विरुवाहरु कम्तिमा ४"* ७" (बहुबर्षीय बिरुवाको हकमा ५"*८" साइजमा प्राथमिकता दिनेगरी) तपसिलमा उल्लेख भए अनुरुपका विरुवाहरु उत्पादन गरी कम्तिमा २ (दुई) बर्ष नर्सरीमा राखी CERP ले निर्देशित गरेका स्थानहरुमा वृक्षारोपण, पुनःरोपण तथा वितरण कार्य गरिनेछ।

<u>तपसिलः</u>

- बहु बर्षे बिरुवा (५"*८" साइजको पोलीव्यागमा उत्पादन गरिने): टिकको कटिंग, जामुन, च्युरी, साल, अनार, अम्बा, तेजपात, अशोक, निम, हर्रो, बर्रो, अमला, चाँप, श्रीखण्ड, कर्मा, असना, बिउ बाँस, कपुर, कल्की फुल, रुद्राक्ष, रक्तचन्दन, सतिसाल, निमारो, राजवृक्ष आदि ।

<u>अपेक्षित उपलब्धी</u>

- नर्सरीहरुमा गुणस्तरीय बहुबर्षीय विरुवाहरु उत्पादन भई स्थानीय उपभोक्ताहरुलाई वितरण भएको हुने ।

<u>जनशक्ति व्यवस्थापन</u>

- डी.व.का., वन उपभोक्ता समूहहरु परिचालन गरिनेछ ।

<u>अनुगमन योजना</u>

डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- डी.व.का., PMU, FOA-TA, वन उपभोक्ता समुहहरु ।

## ३.४.६ वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी/परिमार्जन (BN: 52)

पृष्ठभूमी/परिचय

आयोजनाको कार्यक्षेत्रको वनलाई दिगो रुपमा व्यबस्थापन गर्दै बन बिनाश र बन क्षयीकरणलाइ कमि गर्नका लागि समुदायमा आधारित बन उपभोक्ता समूहका कार्य योजनाहरु तयारि तथा परिमार्जन गर्नका लागि यो कार्यक्रम प्रस्ताब गरिएको छ । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग र विशेषतः प्रदेश स्थित वन तथा वातावरण सम्बन्धी मन्त्रालय, प्रदेश वन निर्देशनालयको नीति/निर्देशन, प्रचलित ऐन कानूनको अधिनमा रही (वाग्मती प्रदेशको हकमा स्वीकृत "दिगो वन व्यवस्थापन कार्यविधि २०७९") डिभिजन वन कार्यालयले Project Implementation Manual (PIM) को मर्मअनुसार वन कार्ययोजना तयारी/परिमार्जन गर्न यस शिर्षकमा विनियोजित बजेट खर्च गर्न सकिने छ। परियोजनाका उद्देश्य पूरा हुने विषय कार्ययोजनामा समावेश गर्नु समुह र डि.व.अ.को दायित्व हुनेछ।

उद्देश्य

- समुदायमा आधारित बन उपभोक्ता समूहका कार्य योजनाहरु तयारि तथा परिमार्जन गरि बन व्यबस्थापनलाइ प्रभावकारी बनाउने ।

कार्यान्वयन कार्यविधि

- सर्वप्रथम वन कार्ययोजना तयारी/संशोधन/नविकरण गर्नु पर्ने बन उपभोक्ता समूहहरुको कार्ययोजनाको सूची तयार गरिनेछ ।
- तयार भएको सूचीको आधारमा प्रचलित कानून बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा कार्यरत वन प्राविधिक कर्मचारीहरु मार्फत वा परामर्श सेवा खरीद गरी वन कार्ययोजनाहरु तयारी/परिमार्जन गर्ने काम गर्न सकिने छ ।
- यो कार्य संचालन गर्दा शुरुवात देखिनै सम्बन्धित वन उपभोक्ता समूहको प्रत्यक्ष संग्लग्नतामा वन व्यबस्थापनका उद्देश्यहरु तय गर्नु पर्ने छ ।
- कार्ययोजना तयारीको क्रममा आयोजनामा कार्यरत वनविज्ञ/FAO-TA सँग आवश्यक मात्रामा समन्वय गरी प्राप्त राय तथा पृष्ठपोषणलाई समेटी कार्ययोजनालाई अन्तिम प्रारूप दिइनेछ र सम्बन्धित डिभिजन वन अधिकृतबाट स्वीकृत गरिनेछ ।
- यस कार्यकोलागी लागत अनुमान तयार गर्दा वनको क्षेत्रफल, वनको घनत्व र उपभोक्ताहरुको घरधुरीलाई मुख्य आधारमानि स्वीकृत जिल्ला दररेट र नर्म्सको आधारमा तयार गर्नु पर्ने छ र डिभिजन वन अधिकृतबाट स्वीकृत भए पश्चात कार्यान्वयनमा लगिनेछ ।

अपेक्षित उपलब्धी

- समुदायमा आधारित बन उपभोक्ता समूहका कार्य योजनाहरु तयारि तथा परिमार्जन भइ कार्यन्वयन भएको हुने ।

जनशक्ति व्यवस्थापन

- डी.व.का. ले PMU, FOA-TA को समन्वयमा सेवा प्रदायकहरु तथा वन उपभोक्ता समूहहरु परिचालन गर्नेछ।

अनुगमन योजना

- PMU, FOA-TA, PPMU ले समय समयमा कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।
- डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- डी.व.का., PMU, FOA-TA, वन उपभोक्ता समुहहरु ।

### ३.४.७ सामुदायिक वन व्यवस्थापन योजना तयारी/परिमार्जन (BN: 50, 51, 52)

पृष्ठभूमी/परिचय

आयोजनाको कार्यक्षेत्रको वनलाई दिगो रुपमा व्यबस्थापन गर्दै बन बिनाश र बन क्षयीकरणलाइ कमि गर्नका लागि सामुदायिक बन उपभोक्ता समूहका कार्य योजनाहरु तयारि तथा परिमार्जन गर्नका लागि यो कार्यक्रम प्रस्ताब गरिएको छ । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग र विशेषतः प्रदेश स्थित वन तथा वातावरण सम्बन्धी मन्त्रालय, प्रदेश वन निर्देशनालयको नीति/निर्देशन, प्रचलित ऐन कानूनको अधिनमा रही सम्बन्धित डिभिजन वन कार्यालयहरुले Project Implementation Manual (PIM) को मर्मअनुसार वन कार्ययोजना तयारी/परिमार्जन गर्दा वनको क्षेत्रफल र घनत्वमा आधारित भै यस शिर्षकमा विनियोजित बजेटबाट खर्च गरिने छ।

उद्देश्य

- सामुदायिक बन उपभोक्ता समूहका कार्य योजनाहरु तयारि तथा परिमार्जन गरि बन व्यबस्थापनलाइ प्रभावकारी बनाउने ।

कार्यान्वयन कार्यविधि

- सर्वप्रथम वन कार्ययोजना तयारी/संशोधन/नविकरण गर्नु पर्ने वन उपभोक्ता समूहहरुको कार्ययोजनाको सूची तयार गरिनेछ ।

तयार भएको सूचीको आधारमा प्रचलित कानुन बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा कार्यरत वन प्राविधिक कर्मचारीहरु मार्फत वा परामर्श सेवा खरीद गरी वन कार्ययोजनाहरु तयारी/परिमार्जन गर्ने काम गर्न सकिने छ ।

- यो कार्य संचालन गर्दा शुरुवात देखिनै सम्बन्धित वन उपभोक्ता समूहको प्रत्यक्ष संग्लग्नतामा वन व्यबस्थापनका उद्देश्यहरु तय गर्नु पर्ने छ ।
- कार्ययोजना तयारीको क्रममा आयोजनामा कार्यरत वनविज्ञ/FAO-TA सँग आवश्यक मात्रामा समन्वय गरी प्राप्त राय तथा पृष्ठपोषणलाई समेटी कार्ययोजनालाई अन्तिम प्रारूप दिइनेछ र सम्बन्धित डिभिजन वन अधिकृतबाट स्वीकृत गरिनेछ ।
- यस कार्यको लागी लागत अनुमान तयार गर्दा सामुदायिक वनको क्षेत्रफल, वनको घनत्व र उपभोक्ताहरुको घरधुरीलाई मुख्य आधारमानि स्वीकृत जिल्ला दररेट र नर्म्सको आधारमा तयार गर्नु पर्ने छ र डिभिजन वन अधिकृतबाट स्वीकृत भए पश्चात कार्यान्वियनमा लगिनेछ ।

<u>अपेक्षित उपलब्धी</u>

- सामुदायिक बन उपभोक्ता समूहका कार्य योजनाहरु तयार तथा परिमार्जन भइ कार्यन्वयन भएको हुने ।

<u>जनशक्ति व्यवस्थापन</u>

- डी.व.का. ले PMU, FOA-TA को समन्वयमा सेवा प्रदायकहरु तथा वन उपभोक्ता समूहहरु परिचालन गर्नेछ।

<u>अनुगमन योजना</u>

- PMU, FOA-TA, PPMU ले समय समयमा कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।
- डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।

<u>जिम्मेवार निकाय</u>

- डी.व.का., PMU, FOA-TA, वन उपभोक्ता समुहहरु ।

### ३.४.८ वन सम्बर्धन प्रणालीमा आधारित साझेदारी वन व्यवस्थापन कार्ययोजना तयारी/परिमार्जन (BN: 50, 51, 52)

<u>पृष्ठभूमी/परिचय</u>

आयोजनाको कार्यक्षेत्रको वनलाई दिगो रुपमा ब्यबस्थापन गर्दै बन बिनाश र बन क्षयीकरणलाइ कमि गर्नका लागि आयोजना क्षेत्रका साझेदारी बन उपभोक्ता समूहका कार्य योजनाहरु तयारि तथा परिमार्जन गर्नका लागि यो कार्यक्रम प्रस्ताब गरिएको छ । नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग र विशेषतः प्रदेश स्थित वन तथा वातावरण सम्बन्धी मन्त्रालय, प्रदेश वन निर्देशनालयको नीति/निर्देशन, प्रचलित ऐन कानूनको अधिनमा

रही सम्बन्धित डिभिजन वन कार्यालयहरुले Project Implementation Manual (PIM) को मर्मअनुसार वनको कार्ययोजना तयारी/परिमार्जन गर्दा वनको क्षेत्रफल र घनत्वमा आधारित भै यस शिर्षकमा विनियोजित बजेटबाट खर्च गरिने छ ।

उद्देश्य

- साझेदारी बन उपभोक्ता समूहका कार्य योजनाहरु तयारि तथा परिमार्जन गरि बन व्यबस्थापनलाइ प्रभावकारी बनाउने ।

कार्यान्वयन कार्यविधि

- सर्वप्रथम वन कार्ययोजना तयारी/संशोधन/नविकरण गर्नु पर्ने वन उपभोक्ता समूहहरुको कार्ययोजनाको सूची तयार गरिनेछ ।
- तयार भएको सूचीको आधारमा प्रचलित कानून बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा कार्यरत वन प्राविधिक कर्मचारीहरु मार्फत वा परामर्श सेवा खरीद गरी वन कार्ययोजनाहरु तयारी/परिमार्जन गर्ने काम गर्न सकिने छ ।
- यो कार्य संचालन गर्दा शुरुवात देखिनै सम्बन्धित वन उपभोक्ता समूहको प्रत्यक्ष संग्लग्नतामा वन व्यबस्थापनका उद्देश्यहरु तय गर्नु पर्ने छ ।
- कार्ययोजना तयारीको क्रममा आयोजनामा कार्यरत वनविज्ञ/FAO-TA सँग आवश्यक मात्रामा समन्वय गरी प्राप्त राय तथा पृष्ठपोषणलाई समेटी कार्ययोजनालाई अन्तिम प्रारूप दिइनेछ र सम्बन्धित डिभिजन वन अधिकृतबाट स्वीकृत गरिनेछ ।
- यस कार्यको लागी लागत अनुमान तयार गर्दा साझेदारी वनको क्षेत्रफल, वनको घनत्व र उपभोक्ताहरुको घरधुरीलाई मुख्य आधार मानेर स्वीकृत जिल्ला दररेट र नर्म्सको आधारमा तयार गर्नु पर्ने छ र डिभिजन वन अधिकृतबाट स्वीकृत भए पश्चात कार्यान्वयनमा लगिनेछ ।

अपेक्षित उपलब्धी

- साझेदारी बन उपभोक्ता समूहका कार्य योजनाहरु तयार तथा परिमार्जन भइ कार्यन्वयन भएको हुने ।

जनशक्ति व्यवस्थापन

- डी.व.का. ले PMU, FOA-TA को समन्वयमा सेवा प्रदायकहरु तथा साझेदारी वन उपभोक्ता समूहहरु परिचालन गर्नेछ।

अनुगमन योजना

- PMU, FOA-TA, PPMU ले समय समयमा कार्यप्रगति र प्रभावकारिताको अनुगमन गर्ने छ ।
- डी.व.का. ले अनुगमन योजना बनाइ सरोकारवालाहरुको संलग्नतामा सहभागितात्मक अनुगमन गर्ने छ।

जिम्मेवार निकाय

- डी.व.का., PMU, FOA-TA, साझेदारी वन उपभोक्ता समुहहरु ।

## ३.४.९ कम्पोनेन्ट १ अन्तर्गतका कार्यक्रमहरुको अनुगमन मुल्यांकन खर्च (BN: 26, 27, 28, 54, 55, 56)

पृष्ठभूमी/परिचय

डी.व.का. हरु मार्फत संचालन भएका यस कार्यविधिको ३.४.१ देखि ३.४.८ भित्र पर्ने यस आयोजनाको कम्पोनेन्ट १ अन्तर्गतका क्रियाकलापहरुको अनुगमन तथा मुल्यांकन गर्न खटिने जनशक्ति र सरोकारवालाहरुको प्रतिनिधिहरुको यातायात तथा दै.भ्र.भ. उपलब्ध गराउन यो शिर्षक अन्तर्गतको वजेट खर्च गरिने छ ।

उद्देश्य

- अनुगमन तथा मुल्यांकनलाई नियमित बनाइ कार्यक्रमको प्रभाबकारिता बढाउने ।

कार्यान्वयन कार्यविधि

- अनुगमन योजना तयार र स्वीकृत गरि सो अनुसार भ्रमण आदेश स्वीकृत गरि अनुगमनमा जानु पर्ने छ ।
- भ्रमण टोलि/व्यक्तिले अनुगमन पश्चात फिल्ड प्रतिवेदन तयार परि बुझाउनु पर्ने छ ।

अपेक्षित उपलब्धी

- नियमित अनुगमनले कामको विद्यमान अवस्थाको जानकारी प्राप्त हुने र फिल्डका कर्मचारीहरुले पनि समयमै कामको बारेमा पृष्ठपोषण प्राप्त गर्ने ।
- कामको गुणस्तर सुधारमा योगदान पुग्ने ।

आयोजना प्रमुख

# अनुसूचीहरु

## अनुसूची-१

### उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी मुख्य बुँदाहरुः

#### उपभोक्ता समितिको गठन र सञ्चालन

**उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्थाः** उपभोक्ता समिति गठन देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) योजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आमभेलाबाट अधिकतम सहभागितामा सम्बन्धित योजना स्थलमा नै कम्तिमा सात सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(ख) समिति गठनको लागि आमभेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) उपभोक्ता समितिको गठन गर्दा स्थानीय पालिकाले तोकेको सदस्य वा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्यको रोहवरमा गर्नु पर्नेछ ।

(घ) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी गराउनु पर्नेछ ।

(ङ) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(च) एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै सगोलका परिवारबाट एक जना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(छ) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिनेछ ।

(ज) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने योजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

(झ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(ट) उपभोक्ताले जुटाउनु पर्ने कम्तिमा नियमानुसारको जनश्रमदान सम्बन्धी निर्णय गर्नु पर्नेछ ।

(ठ) योजना सम्पन्न भए पश्चात उक्त आयोजनाको संरक्षण, रेखदेख र मर्मत सम्भार समितिले गर्ने निर्णय गर्नुपर्नेछ। हेभीइक्युपमेन्ट (Excavator, Dozer etc.) प्रयोग गर्नुपर्ने भए सोको कारण र कार्यालय (PPMU) बाट अनुमति लिने वारेको समितिको निर्णय प्रतिलिपी पेश गर्नुपर्ने छ ।

अन्य संस्थाबाट कार्य गराउन सकिनेः

१. CERP ले निर्देशित गरेका वन/वातावरण संरक्षण सम्बन्धी कार्यहरु जस्तैः वृक्षारोपण, अग्नी रेखा निर्माण, तारवार गर्ने, आदि जस्ता कार्यक्रमहरु सामुदायिक/साझेदारी/कबुलियती वनक्षेत्र भित्र कार्यान्वयन गर्नु पर्ने भएमा सम्बन्धित वन उपभोक्ता समूह मार्फत वा सो अन्तर्गतको निर्माण समितिबाट सञ्चालन गर्न प्राथमिकता दिइनेछ । सम्बन्धित वन उपभोक्ता समितिले नसक्ने/कार्ययोजना नविकरण भइनसकेको लगायतका कारणहरु भएमा मात्र नयाँ उपभोक्ता समिति गठन गरी वा सेवा प्रदायक/निर्माण व्यवसायी मार्फत सम्बन्धित वन उपभोक्ता समूहको समन्वयमा कार्य सञ्चालन/सम्पन्न गर्न सकिनेछ ।

२. यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समूह, सामुदायिक संस्था जस्तैः- सामुदायस्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, कानून बमोजिम गठन भएका अन्य सामुदायिक संगठन जस्ता संस्थाहरुबाट स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा त्यस्ता संस्थाहरुबाट यस कार्यविधि बमोजिम कार्य सञ्चालन गर्न/गराउन सकिनेछ ।

३. यस कार्यालयबाट संचालित पूर्व योजनाहरुको निरन्तरताको लागि पुरानो उपभोक्ता समितिलाई नै प्राथमिकतामा राखी उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा सो समितिलाई नै कायम राख्ने गरी सम्वन्धित वडाबाट प्रमाणित गरी पठाउन सकिनेछ ।

## उपभोक्ता समितिका सदस्यको योग्यताः

१. उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनुपर्ने छ ।

(क) सम्वन्धित योजना क्षेत्रको स्थायी वासिन्दा,
(ख) १८ वर्ष उमेर पुरा भएको,
(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,
(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको,
(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको,

२. दफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिमा बस्न पाईने छैन।

भेलाबाट मूल उपभोक्ता समितिको १ जना पदाधिकारीको संयोजकत्वमा समुहका सदस्यहरुबाट २ जना सहित कम्तिमा एक जना महिला सहित ३ सदस्यीय (मूल उपभोक्ता समितिको मातहतमा) देहाय बमोजिम **३ उपसमितिहरु** (अनुगमन तथा मुल्यांकन उपसमिति, खरिद उपसमिति तथा जनशक्ति परिचालन उपसमिति) गठन गर्न सकिनेछ।

## अनुगमन तथा मूल्यांकन उपसमितिको व्यवस्थाः

१. तोकिएको गुणस्तर, परिमाण बमोजिम समयमा योजना सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी योजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न भेलाबाट मूल उपभोक्ता समितिको १ जना पदाधिकारीको संयोजकत्वमा समुहका सदस्यहरुबाट २ जना सहित कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन उपसमिति गठन गर्न सकिनेछ।

२. अनुगमन तथा मुल्यांकन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।



आयोजना प्रमुख

क. उपभोक्ता समितिको कार्य योजना अनुसार र संस्थाले दिएको डिजाइन इष्टिमेट अनुसारको कार्य सञ्चालन भइरहेको छ वा छैन त्यसको निरन्तर अनुगमन गरी उपभोक्ता समिति र सहयोगी संस्थालाई रचनात्मक सुझावहरू दिनु पर्ने ।

ख. निर्माण सम्बन्धी कामको अनुगमन गर्दा नियमित रुपमा निर्माणस्थलमा गई काम भए नभएको अनुगमन गर्नु पर्ने।

ग. निर्माण सामग्रीहरूको प्रयोग र कामदारहरूको परिचालन सही तरिकाबाट भएको छ वा छैन र भए गरेको काम सही छ वा छैन भन्ने कुरा निर्माण स्थलमा गई जाँचबुझ गर्नु पर्ने।

घ. जुन उद्देश्य राखेर कार्य सञ्चालन गरेको हो सो अनुरूप काम भइरहेको छ वा छैन भन्ने विषयमा प्रत्यक्ष अनुगमन गरी सल्लाह सुझाव दिनु पर्ने ।

## खरिद उपसमिति उपसमितिको व्यवस्थाः

**खरिद उपसमिति निम्न अनुसारको ३ सदस्यीय हुनेछ ।**

संयोजकः- १ (मूल समितिको जिम्मेवार पदाधिकारी मध्येबाट छनोट गर्ने)
सदस्यः- २ जना (१ जना महिला) सहित

खरिद उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. खरिद उपसमितिले मूल समितिले तोकेका कार्य गर्नु गराउनु पर्दछ ।

ख. स्थानीय निर्माण सामाग्रीहरू जस्तैः- ढुङ्गा, बालुवा, गिट्टी, काठ, ईटा, बाँस, डोरी जस्ता सामाग्रीहरू तथा समुदायको भागमा परेको (अनुमानित लागत विवरणमा समुदायको सहयोग रहेका) अन्य गैर स्थानीय सामाग्री खरिद प्रक्रिया अनुसार खरिद गर्ने कार्य गर्नु पर्नेछ।

ग. सामाग्री खरिद गर्नु पूर्व के के सामाग्री खरिद गर्ने हो त्यसको मूल समितिबाट स्वीकृति लिई खरिद उपसमितिको बैठक बसाई कोटेसन आव्हान गर्नु पर्नेछ वा स्थानीयस्तरमा मूल्य बुझी सबै भन्दा कम मूल्यमा खरिद गर्ने प्रयोजनका लागि मूल समितिमा सम्पूर्ण कागजातहरू पेश गर्नु पर्नेछ।

## जनशक्ति परिचालन उपसमिति उपसमितिको व्यवस्थाः

**जनपरिचालन उपसमिति निम्न अनुसारको ३ सदस्यीय हुनेछ ।**

संयोजकः- १ जना
सदस्यः- २ जना (१ जना महिला) सहित

जनशक्ति परिचालन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. योजना कार्यान्वयनको लागि निर्माण भएको उपभोक्ता समितिले तोकेको कार्यहरू जस्तैः- कामका लागि छनौट भएका व्यवसायी, दक्ष, अर्धदक्ष र अदक्ष कामदारलाई संस्थाले दिएको सुझाव र सहकार्य पत्रमा भएका बुँदा अनुसार परिचालन गर्ने गराउने कार्य गर्नु पर्नेछ ।

ख. कामदारको सुरक्षाको लागि हेल्मेट, पन्जा, बेल्ट जस्ता कुराहरू काम गर्दा अनिवार्य लगाउन लगाउने र प्राथमिक उपचार बाकस अनिवार्य रूपमा निर्माण स्थलमा रहेको कुराको सुनिश्चितता गर्नु पर्नेछ ।

ग. दैनिक कति कामदारले काम गरे, दैनिक के के काम भयो उक्त कुराको अभिलेख (रेकर्ड) तोकिएको ढाँचामा राख्नु पर्नेछ ।

घ. काम गर्ने शिलशिलामा छुट्टाछुट्टै समूह बनाई कामको बाँडफाँड गरी सञ्चालन गर्नु गराउनु पर्नेछ । काम भएको दिनको कामदार परिचालन अभिलेख मूल समितिलाई बुझाउनु पर्नेछ ।

**योजना सम्झौताको लागि आवश्यक कागजातहरुः**

उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा सम्झौता गरी पाऊ भनि समितिको निवेदनसहित तपशिलमा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,

(ग) योजनाको लागत अनुमान (लगत इष्टिमेट) विवरण,

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,

(ङ) योजना कार्यान्वयनको कार्य तालिका,

(च) वैंक खाता नम्वर सहितको आवश्यक कागजातहरु,

(छ) उपभोक्ता समिति दर्ताको प्रमाण पत्र तथा समितिको नाममा जारी भएको भए PAN नम्वर उल्लेख भएको कागजातहरु ।

**खाता सञ्चालनः**

(१) उपभोक्ता समितिको खाता समूहले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) समितिको खाता समूहले तोके बमोजिम अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन वा दुई जनाको संयुक्त दस्तखत (२ मध्ये १ महिला अनिवार्य हुनुपर्ने) बाट सञ्चालन हुनेछ ।

अनुसूची-२

२.१ कार्यक्रम सम्झौता फारम

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
चुरे उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
... काठमाडौं

## कार्यक्रम सम्झौता पत्र

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, चुरे उत्थानशील आयोजना, प्रदेश आयोजना व्यवस्थापन इकाई ............को चालू आ.व. ............. को स्विकृत वार्षिक कार्यक्रमको बजेट शिर्षक नं. ................ ( कार्यक्रमको नाम ........ ..................................) (खर्च शिर्षक नं. .........) अन्तर्गत ............. नदी प्रणाली अन्तर्गतको ............................ उपभोक्ता समूह, ................................मा ........................................... कार्यक्रम गर्न तथा स्याहार सम्भार समेत गर्न/गराउनका लागि चुरे उत्थानशील आयोजना, प्रदेश आयोजना व्यवस्थापन कार्यालय ................. (पहिलो पक्ष) र कार्य गर्ने ............. ............. उपभोक्ता समूह, ................ (उपभोक्ता समिति- दोस्रो पक्ष) बीच नेपालको प्रचलित ऐन नियमको परिधि भित्र रही तपशीलका शर्त एवं वन्देजहरुको परिपालना गर्ने गरी कार्य सम्पन्न गर्न/गराउनका साथै निर्माण सम्पन्न पश्चात निर्मित संरचना/कार्यको हेरचाह तथा मर्मत संभार समेतको लागि दुवै पक्षको परस्परमा मन्जुरी भएकोले देहायका साक्षीहरुको रोहवरमा आज मिति ................ गते ........वारका दिन यो सम्झौता गरी एक/एक प्रति लियौं दियौं ।

१. कार्यक्रमको नाम : ................................................

२. कार्यक्रम संचालन गर्ने उपभोक्ता समूह : ...............................................

३. कार्यक्रम लागु हुने क्षेत्र/स्थान : ..........................................................

४. कार्यक्रमबाट लाभान्वित क्षेत्र (Coverage area) : ................................................

५. काम सुरु गर्ने मिति : ..................... काम सम्पन्न गर्नु पर्ने मिति : ..................

६. कार्यक्रमको लागि अनुमानित खर्च

   क. आयोजना कार्यालयको तर्फबाट व्यहोर्नेः रु. .............................. (ओभरहेड र कन्टीन्जेन्सी बाहेक)

   ख. जनसहभागिताबाट व्यहोर्नेः .......................................

   ग. अन्य श्रोतबाटः रु.

   घ. कुल जम्माः रु. ..........................................

**तपशील :**

**क. गर्नुपर्ने कार्यको संक्षिप्त विवरण**

I. .......................................... स्थित .................... ....................उपभोक्ता समुहको ......... क्षेत्र भित्र रहेको .................... क्षेत्रमा ...................... निर्माण तथा .......................... कार्य गर्नको लागि स्वीकृत जिल्ला दररेटको आधारमा तयार हुन आएको लागत अनुमान तथा तोकिएको नक्सा/ड्रइङ्ग, डिजाईन र गुणस्तर कायम हुने गरी कार्य गर्नुपर्नेछ ।

**ख. सम्झौता अवधिः**

I. यस सम्झौताको अवधि ...................... सम्मको रहनेछ ।

आयोजना प्रमुख

II. सम्झौता बमोजिम द्वितीय पक्षले स्वीकृत नक्सा, डिजाइन तथा लागत अनुमानमा आधारित भई कार्य गर्नु पर्नेछ। कामको परिमाण, आवश्यक सामाग्री, ज्यामीको विवरण र खर्च व्यहोर्ने स्रोत लागत इस्टिमेटमा उल्लेख गरेअनुसार हुनेछ ।

III. कार्य सम्पादनको प्राविधिक मूल्याङ्कन तथा नापी कितावका आधारमा थप कार्य गर्न रनिङ बिलको आधारमा दोश्रो पक्षलाई भुक्तानी दिने व्यवस्था गर्नु पर्नेछ ।

IV. द्वितीय पक्षले बीस हजार रुपैया भन्दा बढी रकमको मालसामान (स्थानीय सामान बाहेक) खरिद गर्नु परेमा मूल्य अभिबृद्धि कर दर्ता भएका व्यक्ति, फर्म वा कम्पनीबाट खरिद गर्नुपर्ने छ । साथै उक्त विलमा उल्लेखित मु.अ. कर बाहेक १.५ प्रतिशत अग्रिम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । बीस हजार रुपैयाँ भन्दा कम मूल्यको सामग्री खरिदमा स्थायी लेखा नम्बर लिएका व्यक्ति, संस्था वा फर्मबाट खरिद गर्नुपर्ने छ । अन्यथा द्वितीय पक्ष स्वयं जिम्मेवार हुनेछ ।

V. सम्झौता बमोजिम कार्यक्रम सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित विल भर्पाइ, योजनाको फोटो, सम्बन्धित उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा भएको आय व्यय (प्रथम पक्षबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्च) को विवरण अनुमोदन सहितको निर्णय, उपभोक्ता भेलाबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपि तथा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अन्तिम भुक्तानीका लागि निवेदन पेश गर्नुपर्ने छ ।

ग. सम्झौता रकम तथा भुक्तानी प्रकृया

I. कामको गुणस्तर र डिजाइन संलग्न लागत इस्टिमेट, नक्सा र स्पेसिफिकेशनमा उल्लेख गरे बमोजिम हुनुपर्ने छ। सम्झौता बमोजिमको कार्यको प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरीवेक्षण गर्ने र गुणस्तर नियन्त्रण गर्ने काम प्रथम पक्षले गर्नु पर्नेछ।

II. द्वितीय पक्षले निर्माण स्थलमा अनुमानित लागत, लागत खर्चको स्रोत, गरिने कार्यको संक्षिप्त बिवरण समेत उल्लेख गरी सार्वजनिक स्थानमा तोकिए बमोजिमको ढाँचामा सुचना बोर्ड राख्नुपर्नेछ । सुचना बोर्डको साइज कम्तिमा ५ फिट × ४ फिटको हुनुपर्नेछ ।

III. वन क्षेत्र भित्र कार्य हुने भएकोले द्वितीय पक्षले वन तथा वन्यजन्तुलाई हानी नोक्सानी नहुने गरी तथा वन सम्वन्धी नियम कानुनले प्रतिवन्धित गरेको कार्य गर्नु गराउने छैनन् । यदि कुनै कारणबाट त्यस्तो किसिमको हानी नोक्सानी हुने कार्यहरु भएगरेमा त्यसको पूर्ण जिम्मेवारी द्वितीय पक्षको नै हुनेछ ।

IV. निर्माण कार्यको लागि स्थानीय साधन जुटाउने, व्यवस्थित ढंगले काम सम्पन्न गर्ने, आवश्यक पर्ने निर्माण औजार र ज्यावलहरु उपभोक्ता समिति स्वयंले स्थानीय रुपमा व्यवस्था गरी काम सम्पन्न गर्नु पर्नेछ ।

V. कार्यक्रमको लागि खरिद गरिएको निर्माण सामाग्री कुनै पनि अवस्थामा अन्यत्र प्रयोग गर्नु हुंदैन । कथंकदाचित त्यस्तो भएको पाइएमा त्यसरी प्रयोग भएको सामाग्रीको मूल्य बराबरको रकम उपभोक्ता समितिले भुक्तानी पाउनु पर्ने रकमबाट प्रथम पक्षले कट्टा गर्न सक्नेछ। दुरुपयोग भएको निर्माण सामग्रीको मूल्य उपभोक्ता समूहले पाउनु पर्ने रकम भन्दा बढी भई असुल हुन नसक्ने स्थितिमा आयोजना/कार्यालयले प्रचलित ऐन कानून बमोजिम असुल गर्नेछ ।

VI. सम्बन्धित प्राविधिकको सहमति विना उपभोक्ता समितिले डिजाईन फेर्नु हुंदैन। कथंकदाचित समूहले आफू खुसी डिजाईन फेरी काम गरेमा त्यसको भुक्तानी गर्न प्रथम पक्ष बाध्य हुने छैन ।

VII. सम्झौता बमोजिमको कार्य कुनै निर्माण व्यवसायी वा सबकन्ट्र्याक्टरबाट गराउन सकिने छैन, गराएमा सम्झौता रद्द गरी बाँकी काम प्रचलित ऐन र नियमावली बमोजिम गराईनेछ । तर समूहभित्र सम्बन्धित काम गर्न सक्ने श्रमिक (दक्ष र अदक्ष) प्राप्त हुन नसकेमा कामदारको समूह वा व्यक्ति विशेषलाई काममा लगाउन सकिनेछ।

VIII. काम शुरु गर्नुपर्ने मितिबाट १५ दिन वितिसक्दा पनि काम शुरु नगरेमा वा कुनै कारणवश द्वितीय पक्षले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना प्रथम पक्षलाई दिई पेश्की लिई सकेको भए सो रकम फिर्ता गर्नु पर्नेछ। त्यसरी लिएको पेश्की फिर्ता नगरेमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ। त्यसरी सूचना प्राप्त भए पछि प्रथम पक्षले सो सम्बन्धमा आवश्यक जाँच गरी द्वितीय पक्षसँग भएको सम्झौता रद्द गर्न सक्नेछ ।

IX. द्वितीय पक्षको काबू बाहिरको परिस्थिति सृजना भई कुनै कारणवश सम्झौता अवधिभित्र कार्य सम्पन्न हुन नसक्ने पर्याप्त कारण वा अवस्था देखिएमा द्वितीय पक्षको पुष्ट्याई सहितको निवेदनको आधारमा अधिकतम चालु आर्थिक वर्षभित्र काम सम्पन्न गर्ने गरी प्रथम पक्षले म्याद थप गर्न सक्नेछ । यदि म्याद थप भएको अवधिभित्र पनि कार्य सम्पन्न हुन नसकेमा सम्झौता बमोजिमको कार्य जे जस्तो अवस्थामा छ, सोही अवस्थामा फरफारक गरिनेछ ।

X. सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि निर्माणकार्यको स्वामित्व द्वितीय पक्षलाई स्वतः हस्तान्तरण भएको मानिनेछ । यसरी सम्पन्न भएको निर्माण कार्यको रेखदेख, सञ्चालन वा मर्मत सम्भार समेत गरी प्राप्त लाभ विवाद रहित ढंगले बाँडफाड गर्ने दायित्व द्वितीय पक्षको हुनेछ ।

XI. सम्झौता बमोजिमको कार्यको आम्दानी खर्चको अभिलेख स्वीकृत पद्धति अनुसार राख्नुपर्नेछ र त्यस्ता कागजातहरु आयोजना कार्यालयले मागेको बखत उपलब्ध गराउनु पर्नेछ।

XII. यस कार्यको बजेट, उपभोक्ता समितिको काम कर्तव्य र अधिकार, खरिद, लेखाङ्कन, प्रतिवेदन विषयमा दोश्रो पक्षलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

XIII. कार्य सम्पन्न भएपछि द्वितीय पक्ष आयोजना/कार्यालयबाट जाँचपास गरी फरफारक गर्नुपर्नेछ ।

XIV. प्रथम पक्षले दोश्रो पक्षलाई बैङ्क खाता मार्फत भुक्तानी दिनुपर्नेछ ।

XV. दोश्रो पक्षसँग भएको सम्झौता बमोजिमको काम वा कामदारको बीमा गराउनु पर्ने भएमा द्वितीय पक्षले नियमानुसार बीमा गराउनु पर्नेछ। सम्झौता बमोजिमको काममा सार्वजनिक खरिद नियमावली, २०६४, (बाह्रौं संशोधन, २०७९) को नियम ११२. को उपनियम (३क) मा व्यवस्था गरे बमोजिम सम्झौता अनुसार हुने निर्माण कार्य तथा संरचनाको बीमा गराउनु नपर्ने भएमा द्वितीय पक्षले कामदारहरुको मात्र कम्तिमा ५ लाख सम्मको समुहगत दुर्घटना बीमा गराउनु पर्नेछ। कामको शिलसिलामा कामदारहरुको दुर्घटना भएमा सोको जिम्मेवार द्वितीय पक्ष हुनेछ ।

XVI. कामको आधारभूत प्रकृति र क्षेत्र परिवर्तन नहुने गरी दुवै पक्षको लिखित सहमतिबाट साबिकको दोश्रो पक्षको लागत साझेदारी अंश नघटने गरी सम्झौतामा सामान्य संशोधन गर्न सकिनेछ ।

आयोजना प्रमुख

XVII. कार्य गर्दा तथा गराउँदा कामदारको स्वास्थ्य सुरक्षा सम्बन्धी उपायहरु दोस्रो पक्षले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ । निर्माण कार्यस्थलमा प्राथमिक उपचार किटको उपलव्धता तथा संलग्न कामदारहरुले अनिवार्य रुपमा पेशाजन्य स्वास्थ्य तथा सुरक्षाका लागि व्यक्तिगत सुरक्षा सामग्री लगाउनु पर्नेछ ।

XVIII. सम्झौता बमोजिमको कार्य गर्दा स्थानीय श्रमिकको रुपमा दलित, आदिवासि, महिला तथा सीमान्तकृत समुदायका सदस्यहरुलाई प्राथमिकता दिनुपर्नेछ।

XIX. यस सम्झौतामा उल्लेख गरिएका कुराहरुको अलावा अन्य कुराहरुको सम्बन्धमा दुवै पक्षको आपसी सहमतिमा आवश्यकता अनुसार शर्तहरु थपघट गर्न सकिनेछ।

XX. अन्य आवश्यक विषयहरू प्रचलित कानून अनुसार हुनेछन ।

माथि उल्लिखित बमोजिमका व्यहोराहरू पालन गर्न हामि दुवै पक्ष सहमत छौं।

**उपभोक्ता समितिको तर्फबाट**

अध्यक्ष : श्री ..................

हस्ताक्षर :

सम्पर्क नं :

मिति :

सचिव/कोषाध्यक्ष : श्री

हस्ताक्षर :

मिति : सम्पर्क नं :

अन्य :

**आयोजनाको तर्फबाट**

आयोजना संयोजक श्री :

हस्ताक्षर :

सम्पर्क नं :

मिति :

आयोजनाको अधिकृत श्री :

हस्ताक्षर :

मिति : सम्पर्क नं :

साइट इन्चार्ज /आयोजनाको अन्य कर्मचारी

श्री :

हस्ताक्षर :

मिति : सम्पर्क नं :

रोहवर/साक्षी :

१. जि. .................., गा.पा./न.पा. ............... वडा नं. ..... बस्ने श्री ............................ (ना.प्र.न.: ...............)

२. जि. .................., गा.पा./न.पा. ............... वडा नं. ..... बस्ने श्री ............................ (ना.प्र.न.: ...............)

३. जि. .................., गा.पा./न.पा. ................ वडा नं. ..... बस्ने श्री .......................... (ना.प्र.न.: ................)

द्रस्टव्यः उपरोक्त अनुसार सारभूतरुपमा फरक नपर्ने गरी स्थानीय आवश्यकताअनुसार यस फर्मेटमा समान्य हेरफेर गर्न सकिनेछ ।

आयोजना प्रमुख

## २.२ जानकारी सहितको, स्वतन्त्र, अग्रिम सहमति (Free Prior Informed Consent, FPIC)

### समुहगत प्रयोजनको लागि FPIC Format:

आज मिति २०८०/..../....  गते तपशिल बमोजिमको उपस्थितिमा हामीहरु चुरे उत्थानशील आयोजना मार्फत निम्नानुसार उल्लेख भए बमोजिमको क्रियाकलाप संचालन गर्ने सम्वन्धमा उपरोक्त विषय पढी, व्यापक छलफल गरि, बुझी, बुझाई यो स्वेच्छिक-सहमति प्रदान गरेका छौं ।

**प्रस्तावित क्रियाकलापको विवरण :**

...................... जिल्ला, ...................... नगरपालिका वार्ड नम्बर............ स्थित ........................... क्षेत्र भित्र ......................................................... निर्माण/कार्यक्रम गरिने । जसमा ............................................... गरी ................................................ निर्माण/कार्यक्रम गरिने ।
माथि उल्लिखित बमोजिम तथा उपलब्ध सुचनाका आधारमा प्रशतावित क्रियाकलाप संचालन गर्न हाम्रो
१. ☐पूर्ण सहमति रहेको छ।   २ . ☐ सहमति छैन।
३. ☐ शर्त सहित सहमति छ ।अन्य केहि (थप सल्लाह एवं शर्तहरु भए)

तपशिल

| क्र.सं. | नाम ठेगाना (संस्था) (फोन नम्बर) | हस्ताक्षर |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |
| ८. | | |

### व्यक्तिगत प्रयोजनको लागि FPIC Format:

म......................................................., ...................................................... .................................................. तर्फ बाट प्रतिनिधित्व गर्दै चुरे उत्थानशील आयोजना मार्फत निम्नानुसार उल्लेख भए बमोजिमको क्रियाकलाप गर्ने सम्वन्धमा मिति २०...../......./.......  मा छलफल गरी, विषय पढी, बुझी, बुझाई यो स्वेच्छिक-सहमति प्रदान गरेको छु ।

**प्रस्तावित क्रियाकलापको विवरण :**

........................ जिल्ला, .......................... नगरपालिका वार्ड नम्बर-................. स्थित ........................... क्षेत्र भित्र ..................................................................... निर्माण/कार्यक्रम गरिने। जसमा .................................................... गरी ................................................................... निर्माण/कार्यक्रम गरिने।

आयोजना प्रमुख

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
दिगो उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

माथि उल्लिखित तथा उपलव्ध सुचनाका आधारमा प्रशतावित क्रियाकलाप संचालन गर्न मेरो/हाम्रो

१. ☒ पूर्ण सहमति रहेको छ।                         २ . ☐ सहमति छैन।

३. ☐ शर्त सहित सहमति छ । अन्य केहि (थप सल्लाह एवं शर्तहरु भए)

नाम तथा हस्ताक्षर :

संस्थाको नाम /ठेगाना :

पद :                    सम्पर्क नम्बर :                    मिति :

आयोजना प्रमुख

## २.३ Site Specific Environmental and Social (E&S) Risk Assessment, FPIC Checklist and Recommendation Sheet

(During Pre-implementation phase)

**A.** Basic Information of Intervention

<table>
<tr><td>1</td><td>Name of Intervention Activity:</td><td colspan="9"></td></tr>
<tr><td>2</td><td>River system</td><td colspan="2"></td><td colspan="7">CERP IPAC No:</td></tr>
<tr><td>3</td><td>Location Address</td><td colspan="9"></td></tr>
<tr><td>4</td><td>Location Coordinate</td><td colspan="9"></td></tr>
<tr><td>5</td><td>Name of CBOs</td><td colspan="9"></td></tr>
<tr><td rowspan="2">6</td><td rowspan="2">Detail of Beneficiaries HHs/Populations</td><td>Total HHs:</td><td colspan="2">Dalit:</td><td colspan="2">Ips:</td><td colspan="2">Marginlized:</td><td colspan="2">Others:</td></tr>
<tr><td>Total Pop:</td><td>M:</td><td>F:</td><td>M:</td><td>F:</td><td>M:</td><td>F:</td><td>M:</td><td>F:</td></tr>
<tr><td rowspan="2">7</td><td rowspan="2">Community Level Consultations</td><td>No of event:</td><td colspan="8"></td></tr>
<tr><td>Total Participants:</td><td>M:</td><td>F:</td><td>M:</td><td>F:</td><td>M:</td><td>F:</td><td>M:</td><td>F:</td></tr>
<tr><td rowspan="2">8</td><td rowspan="2">FPIC (refer section 3)</td><td>No. of event:</td><td colspan="8"></td></tr>
<tr><td>Total Participants:</td><td>M:</td><td>F:</td><td>M:</td><td>F:</td><td>M:</td><td>F:</td><td>M:</td><td>F:</td></tr>
<tr><td>9</td><td>Estimated cost of the Intervention</td><td colspan="9">NRs… (in words: ………………………...)</td></tr>
<tr><td>10</td><td>Total Cost for E&S measures</td><td>NRs.</td><td colspan="6">Percentage against total estimated cost</td><td colspan="2">…%</td></tr>
</table>

**B.** Environmental and Social Assessment and Recommendations Sheet

a) *Please consider CERP, item of works/sub activities identified by the technical team.*
b) *E&S risk highlighted in ESMP, IPP and SIMP and measures noted for respective risk and impacts.*
c) *Be site specific based on observation and refer to the outcome of community consultation and present in both risk and measures column of the given table below.*

| SN | Activities and Potential E&S Risk & Impacts | Mitigation Measures and way forwards |
|---|---|---|
| 1. | | |
| 2. | | |
| 3. | | |
| 4. | | |
| 5. | | |
| 6. | | |
| 7. | | |
| 8. | | |
| 9. | | |
| 10. | | |

## FPIC Checklists

a) *Follow 6 steps FPIC before starting field activities.*
b) *Participants: member of CBOs and people living in the influence area of the activity, and*
c) *FPIC is well received and Available.*

| SN | DESCRIPTIONS | YES | NO | UNKNOWN | N/A |
|---|---|---|---|---|---|
| 1 | Does the project staff have the knowledge and competence to work with Indigenous Peoples in a culturally appropriate manner? Has the project staff been trained on how to interact with Indigenous Peoples? | | | | |
| 2 | Has a detailed communication strategy for the dissemination of information been developed considering Indigenous Peoples' own mechanisms, language, and locations? | | | | |
| 3 | Have the individuals identified as legitimate leaders of the indigenous communities involved been met and consulted? | | | | |
| 4 | Have the involved communities had sufficient time to get information from PPMU (GASO) on the project? Have sufficient resources been facilitated for them to get expert advice on the project? | | | | |
| 5 | Has prior information regarding date time and venue shared to community during pre implementationmeetings/consultations and physibility study of the activity for an effective participation in the FPIC process been established? | | | | |
| 6 | Has a Participatory mapping analysis with relevant information been carried out? | | | | |
| 7 | Have the indigenous communities involved been enabled to participate fully and effectively in project scoping, design, implementation, M&E, mitigation, and determination of the need for further review and management of the project? | | | | |
| 8 | Has project information (including environmental and social assessment document; environmental social management plan; and evaluation) been disseminated early and through appropriate means? | | | | |
| 9 | Has the proper understanding of the information provided to the indigenous communities involved been verified? | | | | |
| 10 | Is the consultation process documented? | | | | |
| 11 | Has the documentation of the consultation process been disclosed in a timely matter and using appropriate languages, formats, and locations? | | | | |
| 12 | Has the consent been provided explicitly and recorded and affirmed in the format preferred by the community? | | | | |
| 13 | Do the participatory monitoring and evaluation of the project include indicators that indigenous peoples determine to be relevant? | | | | |
| 14 | Has the community been engaged in an adequate negotiation process on land and resources agreements, governance arrangements, legal and financial arrangements, employment and contracting opportunities, culturally appropriate benefits sharing, processes and mechanisms for monitoring, grievances and dispute resolutions, among other items? | | | | |

## D. Conclusion and Recommendations

*Draw major points of findings including FPIC results with conditions.*

1.
2.
3.

The intervention activity will not cause any significant adverse risk and impact to the environment and the local community. However, the aforesaid mitigation measures need to be adopted throughout the execution of the proposed activity.

## E. List of PPMUs personnel engaged in the assessment and recommendations.

| S.N. | Name | Position | Signature |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

## F. List of Annexes (to be submitted)

- ✓ Minutes of community consultation
- ✓ FPIC Form (Nepali- attached in Annex 2.2)
- ✓ Photographs

**Environmental & Social Safeguard (ESMP, IPP &SIMP)**

**Monitoring Checklist**

| | |
|---|---|
| Name of Activity: ...................................................................................... | |
| Name and address of Activity Contracting CBO/Group/Committee: ............................. | |
| Coverage area/Location of Activity: .............................................................. | |
| Progress Achieved: .........% | E& S Progress achieved: ...........% |

| SN | Item and Particular | Compliance Status | Reason for Non-Compliance, if any |
|---|---|---|---|
| 1. | E&S measures recommended by Preconstruction E&S assessment Report are integrated in design and BOQ of the activity | | |
| 2. | Measures to avoid risk to access restriction to forest/ livelihood resources of the community and other risk related to land tenure | | |
| 3. | Measures are adopted to mitigate the soil erosion/ slope failure, spoil/muck management etc. if any | | |
| 4. | Mitigation measures for Soil, water air and noise pollution if any are complied | | |
| 5. | Construction wastes are properly managed at work site | | |
| 6. | Activity is implemented without temporary/ permanent loss of trees and vegetation | | |
| 7. | No poaching and wildlife friendly working procedures as recommended are strictly complied | | |
| 8. | No local mining takes place for construction material. | | |
| 9. | Implementation of activity has not caused any adverse risk to any private property/land | | |
| 10. | Has not caused restriction on access to use of natural resources | | |
| 11. | FPIC process is carried as iterative process | | |
| 12. | Local labour- Women, Dalit and IPs and marginalized community (if available) are deployed | | |
| 13. | CBOs are aware on no use of child labour | | |
| 14. | Group insurance is domed to cover accidental risk of the workers | | |
| 15. | PPE and first aid box are in use at work site | | |
| 16. | GRM of the project is informed and community are familiar to GRM procedure and is functioning (no. of grievances received and addressed) | | |
| 17. | All other measures mentioned in ESMP, SIMP and IPP and as stated below are being implemented.<br>1-Information Board and information disclosures<br>2- | | |

**Remarks:** Compliance performance E&S measures including ESMP, IPP and SIMP is satisfactory/ moderately satisfactory/not satisfactory.

Way forward: ...........................................................................................................

Monitored/Prepared by; Date: -------------------

Name: --------------------

Position: --------------------

Certified by: Date: -------------------

Name: --------------------

Position: PPMU- Coordinator

आज मिति २०८ / / गते चुरे उत्थान्शील आयोजना अन्तर्गत, ........................ नदि प्रणाली

........................................................मा कार्यन्वयन भईरहेको ...................... ...................... ......................

...................... ...................... कार्यको कार्यान्वयनको चरणमा वातावरणीय एवं सामाजीक जोखिम व्यवस्थापन, स्थानीयको चासो तथा गुनासो लगायत विषयमा निम्नानुसार स्थानीय उपभोक्ता, निर्माणमा संलग्न मजदुर, उपभोक्ता समितिका प्रतिनिधी, स्थानीय समाजसेवी, भद्र-भलाद्मी, आयोजना प्राविधिक कर्मचारी समेत भई फिल्ड अनुगमन तथा निरीक्षण सम्पन्न गरियो ।

<u>अनुगमन तथा निरीक्षणका मुख्य विषयबस्तुहरु</u>

भईरहेको कार्यको प्राविधिक चेकजाँच, लैंगिक सहभागिता तथा वातावरणीय/सामाजीक जोखिम व्यवस्थापनका उपायहरु को अवलम्वन तथा आदिवासी जनजातीका सवाल र **FPIC** को क्रमागत चरण अन्तर्गतको सहभागितामूलक अनुगमन तथा सुपरिवेक्षण कार्य सम्पन्न गरि र निम्नानुसारको चेकलिस्ट मा उल्लेखित तथ्यहरु प्रमाणित गर्ने निर्णय गरिन्छ

उपस्थिति

१.....

२......

## २.५ Completion Report on Implementation of E&S Risk Mitigation Measures (ESMP, IPP and SIMP)

Summary of Implemented activity

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | **Name of Intervention Activity:** | | | | | | | | | | | | | |
| 2 | River system | | | | | | | | CERP IPAC No: | | | | | |
| 3 | Location Address | | | | | | | | | | | | | |
| 4 | Location Coordinate and total area | | | | | | | | | | | | | |
| 5 | Name of contracting CBOs/Groups/Committee | | | | | | | | | | | | | |
| 6 | Activity Contract date: | | | | Activity Completion date: | | | | | | | | | |
| 8 | Detail of FPIC | | No. of event/location: | | | | | | | | | | | |
| | | | Total Participants: | | Dalit | | IPs | | Madhesi | | Muslims | | Brahmin/ Chhetri | |
| | | | M | F | M: | F: | M: | F: | M: | F: | M: | F: | M: | F: |
| | | | | | | | | | | | | | | |
| 9 | Detail of community orientation/training | | No. of event/location: | | | | | | | | | | | |
| | | | Total Participants | | M: | F: | M: | F: | M: | F: | M: | F: | M: | F: |
| | | | M | F | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| 10 | Detail of deployed workers- person Days: | No. of local workers: | No of out of local workers: | | M: | F: | M: | F: | M: | F: | M: | F: | M: | F: |
| | | Number person Days: | | | | | | | | | | | | |
| 11 | Expensed cost of the activity | | NRs. | | | | | | | | | | | |
| 13 | Expenditure on E&S measures: | | NRs. | | Percentage | | | | | 1.5% | | | | |

Implementation of E&S Risk Mitigation measures

| SN | Activity/Potential E&S Ris and Impacts triggered | Mitigation Measures proposed/implemented | Compliance Status | Reason for Non-Compliance |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

Good Practices:

Challenges/Learning:

Reporting

| Prepared by | | Certified by | |
|---|---|---|---|
| Signature: | | Signature: | |
| Name: | | Name: | |
| Position | | Position | |

List of Annexes *(to be included)*

- ✓ Minutes of community consultations
- ✓ FPIC Collected
- ✓ Success Story (if any)
- ✓ Photographs

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## २.६ List of Minimal PPE to be used as the part of OHS with respect to intervention type and nature

| S.N. | Interventions | List of minimal PEE/OHS measures to be provided | Remarks |
|---|---|---|---|
| 1 | FFS/CRA/Agriculture farming in slope land | Globes, Gumboots and Mask | 1st time- Provide and then build awareness on use of such PPE in regular works |
| 2 | Agroforestry in river reclaimed land | Globes, Gumboots, Mask | |
| 3 | Construction of conservation pond | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet | Shall procure by contractor/PPMU including cot in the estimate of each intervention |
| 4 | Check dam and pond construction | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet | |
| 5 | Deep boring | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet and Safety Harness | |
| 6 | Gully stabilization | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet | |
| 7 | Irrigation canal Improvement/rehabilitation | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet | |
| 8 | Landslide treatment | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet | |
| 9 | Riverbank stabilization | Globes, Gumboots, Mask, Reflective Jacket | |
| 10 | Conservation pond improvement | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet | |
| 11 | Water Harvesting structure | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet | |
| 12 | Wetland Protection | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet | As per site condition |
| 13 | Fencing around forest/Plantation area | Globes, Gumboots, Mask | |
| 14 | Sustainable Management of Forest (Forest Loss)/bush clearance/equipment support | Globes, Gumboots, Mask, Reflective Jacket | |
| 15 | ANR support | Globes, Gumboots, Mask, Reflective Jacket and/or Helmet | All or some of the items may be used as per nature of ANR activities |
| 16 | Nursery for agroforestry | Globes, Gumboots, Mask | |
| 17 | Nursery for forest plantation | Globes, Gumboots, Mask | |
| 18 | Riverbank deposition (plantation) | Globes, Gumboots, Mask | |
| 19 | Seed Production and Distribution | Globes, Gumboots, Mask | |
| 20 | Trails improvement | Globes, Gumboots, Mask, Reflective Jacket and Helmet | |

**Note:** First aid kits to be provided at all work sites with orientation to use it properly. (All PPEs cost should not exceed to 3% of the total estimated cost.)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

अनुसूची-३

चुरे उत्थानशील आयोजना

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
चुरे उत्थानशील आयोजना
आयोजना व्यवस्थापन इकाई
बबरमहल, काठमाडौं

बार्षिक/त्रैमासिक लाभग्राही सम्बन्धी प्रतिवेदन

कार्यन्वयन इकाई :

बार्षिक/त्रैमासिक/आर्थिक वर्ष :

(क) लाभग्राहीहरुको विवरण

| क्रियाकलाप | कार्यन्वयन मिति/ अवधि | स्थान /साइट | खर्च | किसान/उपभोक्ता लाभग्राही (क) | | सरकारी कर्मचारी (ख) | | अन्य सरोकारवाला लाभग्राही (FECOFUN/ACOFUN /NEFFIN etc.) (ग) | | कुल लाभग्राही (क+ख+ग) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

(ख) किसान/उपभोक्ता लाभग्राहीहरुको बिस्तृत विवरणः

| क्रियाकलाप | दलित | | जनजाति/ आदिबासी | | ब्राह्मण/ क्षत्री | | मधेशी | | मुस्लिम | | असक्षमता भएका लाभग्राहीहरु | | युवा लाभग्राही (१६-४० वर्ष उमेर) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |



आयोजना प्रमुख

अनुसूची-४

## प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला सञ्चालन प्रक्रिया

प्रस्तावना

कृषक पाठशाला कृषक वा ग्रामीण समुदायका मानिसहरू बीच सिकाइ आदानप्रदान गर्ने थलो हो। यस थलोमा ती मानिसहरू भेला भई अनुभव सिकाइमा (Experiential Learning) केन्द्रित रही खोजपूर्ण सिकाइ (Discovery Learning) तरिकाहरू अपनाई पर्यावरणीय विश्लेषणमा आधारित भई सहभागितामूलक अभ्यासहरूको माध्यमबाट सामूहिक रूपमा सिक्ने र सिकाउने गर्दछन्। चुरे उत्थानशील आयोजनाका कृषक पाठशालालाई प्राकृतिक स्रोत व्यवस्थापन पाठशाला नामाकरण गरिएको छ। त्यसैले यस दस्तावेजमा जहाँ-जहाँ कृषक पाठशाला भनेर उल्लेख गरिएको छ, त्यसलाई प्राकृतिक स्रोत व्यवस्थापन पाठशाला भनेर सम्झनुपर्छ। यो पाठशाला कुनै खास बाली विशेषमा मात्र सीमित नरही यसले प्राकृतिक स्रोतको दिगो व्यवस्थापनका सन्दर्भमा देखिने विभिन्न प्राकृतिक, प्राविधिक तथा व्यवस्थापकीय सवालहरू समेत समेट्दछ। पाठशालामा अध्ययन परीक्षण, स्थलगत अभ्यास, अन्तरक्रिया, पाठशाला दिवस लगायतका क्रियाकलापहरु संचालन गरिन्छ | सिकाईका सत्रहरू सञ्चालन र समापनको निश्चित समयावधि हुन्छ। समुदायका सदस्यहरुलाई संगठित गर्नु तथा जलवायु परिवर्तनको कारण समग्र चुरे क्षेत्र तथा यसमा आश्रित समुदायहरुलाई प्राकृतिक श्रोत व्यवस्थापनसंग सम्बन्धित पक्षहरुमा दक्षता अभिवृद्धि गराउने उद्देश्यले यी पाठशालाहरु सञ्चालन गरिन्छ।

१. उद्देश्य

स्थानीय समुदायमा रहेका प्राकृतिक श्रोत व्यवस्थापन सम्बन्धि अनुभव, परम्परागत ज्ञान तथा सिपको उपयोग गर्दै स्थानीय प्राकृतिक श्रोतहरु लाई दिगो रुपमा व्यवास्थापन गर्नमा आईपर्ने विभिन्न प्राकृतिक, प्राविधिक तथा व्यवस्थापकिय समस्याहरुको समाधान गर्न समुदाय सदस्यहरुलाई दक्ष बनाउनु प्राकृतिक श्रोत व्यबस्थापन पाठशालाको उद्देश्य हो।

२. लक्षित वर्ग

आयोजना क्षेत्र अन्तरगत तोकिएका कार्यक्षेत्रमा वसोवास गर्ने कृषक तथा सामुदायिक बन उपभोक्ता समुह जस्ता समुदायमा आधारीत संस्थाका सदस्यहरु

३. पाठशाला सञ्चालन कार्यविधि: चुरे उत्थानशील आयोजनाले तयार गरेको प्राकृतिक श्रोत व्यवस्थापन पाठशालाको पाठ्यक्रम र प्रकृया अनुसार प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला स्थापना र संचालन गर्न देहाय बमोजिमको प्रक्रिया अपनाइन्छ ।

ड. पाठशाला स्थापना गर्नु अगाडि पाठशाला सहजकर्ता (Field School Facilitators) वडा प्रतिनिधि, स्थानिय संघ संस्थाका प्रतिनिधि, प्रदेश आयोजना इकाइ प्रतिनिधि/प्रमुख, विषय विशेषज्ञ लगायतको उपस्थितिमा प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला कार्यक्रमवारे जानकारी गराई सरोकारवालाहरुको प्रतिवद्धता प्राप्त गर्न तयारी वैठक गर्ने ।

ढ. प्राकृतिक श्रोत व्यवस्थापन पाठशाला कार्यक्रम संचालनका लागि सामुहिक प्रतिवद्धता प्राप्त भए पश्चात निम्न कुराको आधारमा पाठशाला संचालन गर्ने स्थान (Place) छनोट गर्ने

> आयोजनाको CERP ले तोकेको जोखिम क्षेत्र/तोकेको पालिका तथा पाठशालाको उद्देश्य बमोजिमको भौगोलिक रुपमा उपयुक्त स्थान
> जागरुक र इच्छुक कृषक भएको ठाउं (कृषक समूह भएको स्थानलाई प्राथमिकता दिईने)
> पाठशाला संचालन गर्न स्थानिय श्रोत साधन प्राप्त हुने र स्थानीय निकायको सकारात्मक सहयोग प्राप्त हुने ठाउं
> यातायात र संचारको दृष्टिले पायक पर्ने ठाउं
> समूह सदस्यहरुको घर सकभर नजिक रहेको (तुलनात्मक रुपले घना वस्ति भएको स्थान)

ण. सामुदायिक संस्था/समूह(हरु)का सदस्यहरुको सहभागिता हुने गरि पाठशालाका लागि सहभागि छनौट गर्न अन्तरक्रिया गर्ने । प्राकृतिक श्रोत व्यवस्थापन पाठशालामा सामान्यतया २५ देखि ३० जना सदस्यहरूलाई सहभागी गराई सञ्चालन गरिने भएकाले सहभागी कृषकहरूको छनौट गर्दा तल उल्लेखित आधारहरू अपनाउन उपयुक्त हुन्छ ।

> आयोजना सञ्चालन भएका नदी प्रणाली भित्र बसोवास गर्ने ।
> पाठशाला अवधिभर सहभागी हुन इच्छुक ।
> प्रत्यक्ष रुपमा खेतीपाति तथा वन व्यवस्थापनमा संलग्न रहेका ।
> प्राकृतिक श्रोत व्यवस्थापनसंग सम्वन्धि सीप सिक्न चाहने ।
> पाठशालामा नियमित समय दिन सक्ने ।
> पाठशाला स्थल नजिक (३० मिनेट भित्र हिंडेर पुग्न सकिने) वासस्थान भएका ।
> सामान्य लेखपढ गर्न जान्ने ।
> महिला आदिवासि जनजाती र सामाजिकरूपमा पछाडी परेका सिमान्तकृत समुदायका सदस्यहरूको सामानुपातिक प्रतिनिधित्व हुने ।

**नोटः** वालवालिका, विद्यालय जाने विद्यार्थि र अस्वस्थहरूलाई पाठशालामा सहभागी नगराउने। एक घरधुरीवाट एक जना मात्र सहभागि हुन पाउने ।

त. पाठशालामा संलग्न हुन प्रतिवद्ध भएका सहभागिहरुसंग निम्न आधारहरुलाई मध्य नजर गर्दै अन्तरकृया गरि पाठशाला संचालन गर्नेस्थल (site) छनोट गर्ने ।

> सवै सदस्यलाई पायक पर्ने स्थल (सदस्यहरूको बसाई नजिकै रहेको)
> परीक्षण गर्ने र अन्तरकृया/छलफल गर्न उपयुक्त ठांउ भएको (सम्भव भएसम्म अन्तरकृया/छलफलका लागि सार्वजनिक स्थल उपलब्ध भएको ठाउ)
> परीक्षण अवधिका लागि जग्गा उपलब्ध गराउन करार गर्ने जग्गाधनी रहेका
> खाजा, पानी र शौचालय उपलब्ध हुने स्थल

